श्रीमद्भगवद्गीता

अनुवादक - गणेशलाल प्रधान

श्रीमद्भगवद्गीता

अनुवादक

गणेशलाल प्रधान शास्त्री (त्रि.वि.वि)

प्रकाशक -
गणेशलाल प्रधान
सानेपा, ललितपुर
फोन : ५-५२४६१३

सार्वाधिकार लेखकमा सुरक्षित

प्रथम संस्करण - १००० प्रति
(वि.सं. २०५६ श्री कृष्ण जन्माष्टमी)

दोश्रो संस्करण - १००० प्रति
संस्कृत श्लोक सहित
(वि.सं. २०६८ श्री कृष्ण जन्माष्टमी)

मूल्य - रु ४००।–

मुद्रक -
नेपाल प्रिन्टिङ्ग हाउस
असन त्योड, काठमाडौं

समर्पण

श्री विष्णु आफै कृष्ण भै गीता प्रवचन गरेको ।
संकलन गरी श्री ब्यासबाट निर्माण गरेको ॥
धार्मिक ग्रन्थ यो गीतालाई नेपाली जनमा ।
सज़िलो संग प्रचार गर्ने विचार मनमा ॥
लिएर मैले तयार पारें यथार्थ रूपमा ।
सुम्पने इच्छा यो ग्रन्थलाई विष्णुकै हातमा ॥
प्रयत्न गर्छु सदैव म ता विष्णु कै दर्शनमा ।
प्रयास मेरो सफल भयो पवित्र नेपालमा ॥
गीताले भन्छ भगवान विष्णु सकल प्राणीमा ।
निवास गर्ने हृदयभित्र यो मर्त्य लोकमा ॥
अर्पण गर्छु त्वदीय वस्तु राखेर श्रद्धामा ।
विष्णु नै मानी मर्त्यमा बस्ने नेपाली जनमा ॥
यो हात जोडी प्रार्थना गरौं भगवान समक्ष ।
अन्याय नाशी शुशान्त रहौं यो विश्व समक्ष ॥

गणेशलाल प्रधान

मन्तव्य

पूर्णप्रसाद ब्राम्हण

श्री गणेश लालजीले गर्नुभएको गीताको भावानुवाद मैले आद्योपान्त हेरें । सरल शैली, बोलचालका शब्द । अनुवादकले गीता जस्तो गहन दर्शन - ग्रन्थलाई साधारण लेख पढ गर्ने पाठकहरुको निमित्त पनि सुगम र सुवोध बनाई दिनु भएको छ।

किन्च - कुनैमत मतान्तरको आधार नलिई गीताका शब्दले के बताउँछन्, त्यो अनुवादमा उत्रेको छ। अनुवादकको विशेषता पनि यो छ, जब कि गीताका अनुवादक र व्याख्याताहरुको प्राय सबैमा आफ्नो दर्शनतिर गीतालाई मोड्ने प्रयास साधारण हुन्छ।

यो अनुवाद पढेपछि अनुवादकको प्रयास मलाई यस निम्ति स्तुत्य लाग्यो साथै हर्ष पनि लाग्यो कि "अब गीता जस्तो गहन दर्शन पनि ज़ातीय भ्याउरे छन्दमा, बोलचालको भाषामा उत्रियो, र साधारण लोकगीतको रुपमा जन जनमा पुग्न सक्ने भयो" । यस निम्ति अनुवादक महोदयलाई म त्यही श्रेय दिन चाहन्छु, जुन श्रेय संस्कृत - दुर्वोघ रामायणलाई लोकभाषामा उतारिदिएको कारणबाट आदिकवि भानुभक्तलाई सबैले दिएका छन्।

आशा छ अनुवादकको सत्प्रयास लक्ष्यसम्म पुगोस।

श्रीगणेश लाल प्रधानले श्रीमद् भागवद् गीताको नेपाली लोकलय भ्याउरेमा भावानुवाद गर्नुभएको रहेछ । गणेशलाल तानसेन, पाल्पामा जन्मी हुर्की बढेका मेरा भाइ जस्तै हुन् । उहाँ किशोर हुँदा हामी युवा साथीहरु मिलेर गाईजात्रामा भ्याउरे लयमा समाज सुधारका दोहोरी गीत गाउँदै बजार घुम्दै हिंड्दथ्यौं । गणेशजीहरु पनि हाम्रा अघि पछि हुँदै हिड्नु हुन्थ्यो । अहिले गणेशजीबाट गीताजस्तो गहन ग्रन्थको अध्ययन - मनन् र अर्थ चिन्तन गरेर यसरी अनुवाद गरेर प्रकाशन गर्न लाग्दा मलाई खुशी लागेको छ। उहाँले धेरै अगाडि देखि गीताको अध्ययन गरिरहेको अनुवाद गर्न लागेको कुरा मसँग भेट हुँदा बताइरहनु हुन्थ्यो । अहिले सफल प्रयासलाई मैले पनि प्रत्यछ पढ्न पाएँ।

गीता नेपालीमा सबभन्दा पहिले समश्लोकी छायानुवाद गर्ने विद्वान लमजुङ दुराडाँडा का पं. कोमलनाथ अधिकारी हुन् । उनले लेखी सिध्याएको मिति १९८९ साल आश्विन २४ गते आईतबार हो । त्यसको पाँच दिन पछि जुद्ध शमशेर जंग बहादुर राणाको श्री ३ भएको उपलक्ष्यमा सिन्दूरेजात्रा परेको थियो, त्यसै अवसरमा पंडितले गीता अनुवाद सहित पाण्डुलिपि टक्र्याए । जुद्ध शमशेरले दरबारिया पण्डितद्वारा गीता अनुवादको विषय बिस्तार सुनी बुझी सकेपछि पण्डित कोमल नाथलाई बोलाएर राम्रो काम गरे बापत् ५००/- रु. बक्सिस र पुस्तक छपाइमा लाग्ने पैसा समेत अरुपनि विविध सुविधा सहित पुरस्कृत गरेका थिए । अनि १९९० सालमा पं. बालकृष्णाचार्य : यशोदा पुस्तकालय-दुर्गा

घाट (काशी) बाराणशी प्रकाशक भई हितचिन्तक प्रेस रामघाटबाट प्रथम संस्करण भै ४०००प्रति मुद्रित भएको छ। अरु संस्करणहरु पनि प्रकाशित भएका छन् । मैले पन कोमलगीता किशोरवय: मै हस्तेगत गरेको थिएँ। त्यसो त मैले ८ वर्षको उमेरमा ब्रतवन्ध गरीसकेपछि गीता पाठ गरेरमात्र भोजन गर्ने व्रत पिताजीको आज्ञाबाट राखेको थिएँ।

गीता, वेदवाश प्रणित महाभारत ग्रन्थको रुपमा प्रकाशित भयो । संभवत: गीता जति धेरै प्रति छापिएको छ, अर्को कुनै पनि पूर्वीय आध्यात्मिक परम्पराको ग्रन्थ छापिएको छैन। गीताप्रेस गोरखपुरले विभिन्न साइजका यति धेरै गीताका प्रतिहरु छापेको बयान गरेर साध्य छैन। सानो जन्तर बनाउन मिल्ने देखिलिएर अति ठूला ब्याख्या र भाषाहरु निकालेको छ। यसको अनुवाद पनि धेरै-धेरै भाषामा गरिएको छ । गीताको अध्ययन र नित्यबाट आध्यात्मिकहरुले मात्रै होइन कि भौतिकवादीहरुले पनि उलेख्य मात्रामा अध्ययन गरेको पाइन्छ । गीता अंग्रेजी भाषामा र अरु विदेशी भाषमा समेत अनुवाद भएर विश्वभरि जस्तै फिजिएको छ।

नेपालीमा कोमलनाथ अधिकारीले सबभन्दा पहिले आज भन्दा ७९ वर्ष पहिले कोमल गीता लेखे । त्यसपछि धेरै नेपाली गीताप्रेमी विद्वान्हरुले अनुवाद गर्दै प्रचार गर्दै आइरहेका छन्। अब अहिले गणेशलाल प्रधानले नितान्त बेग्लै किसिमले झयाउरे लयमा गीतालाई सक्षम ग्रामीण समुदायमा पुऱ्याउन सक्नुभयो भने गणेशलालजी पनि नयाँ विषय प्रतिपादन गर्ने उदाहरणीय पुरुष बन्नु हुने छ । मेरो शुभ कामना छ।

- कमल राज रेग्मी
२०६८/४/८/१

"सार्थक प्रयास" अझै सार्थक

श्रीमद्भागवद्गीता महाभारतकालमा युद्धबाट विरत हुन लागेका अर्जुनलाई कृष्णद्वारा कर्तव्य र ज्ञानप्रति सचेत गराउने सन्दर्भमा अभिव्यक्त महत्वपूर्ण दार्शनिक काव्यकृति हो । भक्तियोग, ज्ञानयोग र कर्मयोगमा सारभूत प्रकाश पार्दै विशेषत: निष्काम कर्मको चिन्तनलाई प्रवाहित गर्नु यस काव्यको उल्लेख्य पक्ष देखिन्छ। विश्वका धेरैजसो भाषामा यस काव्यकृतिको अनुवाद भइसकेको छ । नेपालीमा पनि समश्लोकी भावानुवाद गरिएको 'कोमलगीता' प्रसिद्ध छ। यस क्रममा साहित्यानुरागी गणेशलाल प्रधानद्वारा नेपाली जीवनमा अत्यन्त प्रचलित लोकलय (झ्याउरे) मा निकै वर्षअघि भावानुवाद गरिएको प्रस्तुत कृति प्रकाशमा आएको छ, साह्रै प्रसन्नताको कुरा हो।

श्रीमद्भागवद्गीता वर्तमान यान्त्रिक जीवन र अन्यौलग्रस्त जीवनचर्यामा सही दिशा निर्देशित गर्ने महत्वपूर्ण प्रकाशपुञ्ज हुन सक्छ । यस्तो महनीय कृतिको मर्मलाई साङ्गोपाङ्गो उद्घाटन गर्ने प्रक्रियामा अनुवादकले गरेको परिश्रमपूर्ण प्रयास सार्थक भएको छ । लयात्मक अनुशासन कायम गर्न खोजिएको र शिल्पसज्जातर्फ भन्दा विचार प्रक्षेपणतर्फ बढी उन्मुख रहेको यो कृति नेपालीमा सम्बद्ध दार्शनिक चिन्तनलाई अगाडि ल्याउने साहित्यिक कृति बन्न पुगेको छ। सरल भाषामा र सुललित गीतिलयमा आएको यस कृतिले गीताज्ञानका क्षेत्रमा प्रवेश गर्नका निम्ति गहकिलो

सुयोग प्रदान गर्नेछ भन्ने लाग्छ । लोकलयमा श्रीमद्भागवद्गीताको अनुवाद गरी नेपाली पाठकसम्म पुऱ्याउने राम्रो कार्य भएको छ र यसका अनुवादक गणेशलालजीको यो प्रयास निश्चय नै प्रशंसनीय पनि छ।

उक्त कृतिबारे मैले मन्तव्य लेखेको थिएँ - २०५६ साउन ४ मा। पुस्तकको प्रथम संस्करण २०५६ मै प्रकाशित भयो र सार्थक प्रयास शीर्षकमा रहेको उपर्युक्त अंश त्यसैको हो। त्यसपछि एक जुग नाघिसकेको छ र हाल संशोधित द्वितीय संस्करण प्रकाशनमा आउँदै छ। एक युग काटेर यस महत्वपूर्ण कृतिले नवीन संस्करणको रुप लिनु अझ प्रसन्नताको कुरा हो।

यस संस्करणका विशेषता हुन्- माथि संस्कृतमा मूल श्लोक दिएर तल नेपालीमा लोकलयात्मक उल्था दिनु, चित्रहरु थप प्रविष्ट गराउनु र आकारमा पनि वृद्धि हुनु। त्यसबाट संस्कृत बुझ्ने वा बुझ्न चाहनेहरुको लागि विशेष उपयोगिता बढेको छ भने गणेशलाल प्रधानजीका अनुवादको सार्थकता पनि अझै उत्कर्षमा पुगेको छ। यस प्रकार संशोधित यो संस्करणको प्रयास अझै सार्थक भएको अनुभूत हुन्छ। गणेशजीलाई बधाई र शुभकामना सँगैसँगै।

सानेपा, ललितपुर
२०६८ साउन १४

कृष्णप्रसाद पराजुली

मन्तव्य

पूर्ण पुरुषोत्तम योगेश्वर श्रीकृष्णद्वारा बताइएको भगवद्स्वरुपिणी भगवद्गीता रुपि अमृत अनन्त गहिराइमा पुगेको पाइन्छ । यस भन्दा पहिले विभिन्न विद्वानहरुले आ-आफ्ना विद्वता देखाएर व्याख्या गरिएका धेरै गीताका पुस्तकहरु प्रकाशित भइसकेका छन् । श्री गणेशलाल प्रधानज्यूमा पहिलेदेखि नै गीताप्रति झुकाव, लगाव थियो नै । उहाँ एक धार्मिक प्रवृत्तिका व्यक्ति हुनुहुन्छ। बिहान सबेरै उठी राजतीर्थमा गई नित्य स्नान गरी पचली भैरवको दर्शन गर्ने उहाँको दैनिक कार्य भइसकेको छ। यही भगवान्को आशिर्वाद र प्रेरणाले गर्दा होला उहाँले यसभन्दा पहिले गीताको नेपाली लोकलयमा प्रकाशित गरिसक्नु भएको छ । जुन पुस्तकको माध्यमद्वारा धेरैले सजिलैसँग ज्ञान हासिल गरिसकेका छन्। जो मानिस पवित्र गीताशास्त्रको निरन्तर अध्ययन गर्दछ, ऊ भय र शोकबाट रहित भएर भगवान्को परमपद प्राप्त गर्दछ। साथै यस जन्म र पूर्वजन्ममा जानि नजानि गरेको सम्पूर्ण पाप नष्ट भएर जान्छ भन्ने धारणा उहाँमा मनन्य देख्दछु।

श्रीकृष्णको जीवनलाई सर्वस्व र गीतालाई आफ्नो माता सम्झने र सद्गुरुको कृपाबाट भगवान् श्रीकृष्णलाई आफ्नो आराध्यदेव एवं गीतालाई प्रेम स्वरुपिणी माताको रुपमा प्राप्त गरेर होला अहिले संस्कृत श्लोक तथा त्यसको भावानुवाद गरी पुनः प्रकाशन गर्न लाग्नु भएको देख्दा मलाई धेरै हर्ष लागेको छ।

विश्वभर श्रीकृष्णको भक्ति एवं गीताद्वारा प्रतिपादित ज्ञान, कर्म, भक्ति तथा मोक्षको प्रचार भइरहेकै देखिन्छ, हेरिन्छ, सुनिन्छ पनि । त्यसमा एक थुङ्गा फूल निजले थपि फलाउन फूलाउन कोशिस गरेको देख्दा निजमा सदा श्रीकृष्णको कृपा रहि रहोस् भन्ने धारणा राख्दछु। जसद्वारा देश परदेशमा रहेका सम्पूर्ण सनातन वैदिक धर्मावलम्बीहरु जो गीतामा प्रेम राख्दछन् त्यस्ताले लाभ उठाउन सकुन । धर्ममा ऱ्हास हुँदै गइरहेको हाम्रो समाजलाई यस गीतारुपी फूलको वासनाद्वारा सबैले मिठास लिन सकुन् र धर्ममा प्रेरणा जागृत होस् भन्ने धारणा लिई निजले यो दुस्सहास गर्न खोज्नुले छ। विश्वमा चीर स्थापित भइरहेको हाम्रो नेपाल देश एकमात्र हिन्दू राज्य पुनः हिन्दूराज्य कायम हुन ठूलो सौभाग्य यसबाट प्राप्त होला भन्ने मलाई लाग्दछ।

यदि हाम्रो देशका चारजात छत्तीस वर्णका जनतादेखि लिएर राजनैतिक व्यक्तिहरुले पनि गीतामा श्रीकृष्ण भगवान्ले दिनु भएका ज्ञानलाई मनन् गरेर अनुसरण गरेमा काटमार, झै-झगडा, सत्तामोह लगायत देशमा भइरहेको बन्द, हडताल, अनुशासन हिनता, संयमताको अभाव आदिबाट देशले मुक्ति पाउन सक्दछ भन्ने मलाई लाग्दछ । धर्ममा लागेका, धर्मकै बाटोबाट नै कलहबाट मुक्ति पाउने एकमात्र उपाय हो भन्ने पञ्चपाण्डव र सत्तामोह अधर्ममा लागेका कौरबको असंयमताले गर्दा लाखौं व्यक्तिले ज्यान गुमाउनु पऱ्यो । यही उपदेश हाम्रा पदलोलुप्ता सत्तामोहमा तल्लीन रहेका राजनैतिक व्यक्तिको मानसपटलमा रहन सक्यो भने देश स्वर्ग बन्दछ।

तसर्थ व्यवहारदेखि लिएर मोक्ष पर्यन्त अङ्गुली थाम्ने गीताको आज सम्पूर्ण विश्वलाई जरुरत छ। गीताको आदेश र

उपदेश अनेकौं दुःखी घर परिवारमा अमृत सेचन गरेर पुनः प्रतिस्थापित गर्नु परेको छ।

यो पुस्तक छपाइ भक्तजन समक्ष पुऱ्याउन खोज्ने धारणलाई निजले विभिन्न विद्वानद्वारा लेखिएका गीताका पुस्तकहरु अध्ययन गरी त्यसलाई नै आधार लिई बनाएको देख्दछु। तसर्थ म श्री प्रधानज्यूलाई हृदयदेखि नै आभार तथा शुभकामना व्यक्त गर्दछु। परमात्मा श्रीकृष्णले निज र निजमा आश्रित सपरिवारमा भौतिक सुखको समृद्धि एवं अध्यात्म आनन्दको अभिवृद्धि गरुन यही नै म शुभ-कामना तथा आर्शीवाद दिन चाहन्छु। साथै श्री पशुपतिनाथले निजलाई सदा धार्मिक कार्यमा लागि रहने प्रेरणा प्रदान गरुन् चिरायु राखुन्।

प्रार्थी

मधुसूदन सुवेदी
सानेपा, ललितपुर
२०६८ साउन १४

मेरो भनाई

मेरो प्रथम प्रयास गीताको अनुवाद २०५६ साल भाद्र १७ गते श्री कृष्ण जन्माष्टमी को दिन प्रकाशित भएपछि जन समक्ष पुऱ्याएको हुं । यस ग्रन्थको सम्बन्धमा अध्ययन मनन गर्दा जस्मापनि मूल संस्कृत समेत समावेस भएको देखेर मेरो मनमा पनि संस्कृत समेत समावेस गरेर जन समक्ष पुऱ्याउने उत्साह जागेर आयो र मैले पुनः अथक प्रयास गरेर आठ वर्षमा सम्पूर्ण अनुवाद तयार पारें।

यसलाई जन समक्ष पुऱ्याउन श्री निमेश महर्जन ज्यूले कम्प्यूटर गरि दिएर मुद्रण कार्यको लागि नेपाल प्रिन्टिङ्ग हाउसका श्री जुजुरत्न तुलाधरज्यूबाट सह्रानीय सहयोग पाएर यो गीता आज पुस्तकको आकारमा तपाईहरु समक्ष प्रस्तुत हुन सकेको छ।

यस पुस्तकको निर्माण र मुद्रणको लागि अमूल्य सहयोग गर्नु हुने उहाँहरुलाई र यसको निर्माणमा अमूल्य समय प्रदान गरी मन्तव्य प्रदान गर्नु हुने मेरो बाल्यकाल देखिका हितचिन्तक तथा गुरु समान पुज्य संस्कृत विद्वान श्रीमान कमल राज रेग्मीज्यू र हितैषी मित्र श्री कृष्ण प्रसाद पराजुली तथा संस्कृत विद्वान श्री मधुसुदन सुबेदीज्यूमा धन्यवाद ज्ञापन गर्दछु।

गणेशलाल प्रधान

२०६८।४।१९।५

भूमिका

भूमिका मैले के लेख्नु यसको के छ र बाँकी नै ।
पुस्ट्याई मैले के गर्नु यसको पर्याप्त छ यो नै ॥

छरीइ बस्नें नेपाली बन्धु विश्वको कुनामा ।
कोठा र चोटा पिँढि र आगन सम्पूर्ण ठाउँमा ॥

प्रचार यसको बढोस भन्ने भावना मनमा ।
लिएर मैले प्रस्तुत गरँ यो गीता जनमा ॥

तात्विक अर्थ गीताको मैले के बुझ्न सक्तछु ।
जे जति बुझेँ त्यो काम यै हो प्रस्तुत गर्दछु ॥

आखिर भन्छु यही नै एक जनको समक्ष ।
एकान्त ध्यान मनन गरे पाइन्छ प्रत्यक्ष ॥

रोगी र योगी, काथर, दु:खी जनको निमित्त ।
सहारा एक ढाडस दिने सबैको निमित्त ॥

विलीन हओस प्रकृति संग क्यै भूल भएमा ।
अल्पज्ञ म छुं विज्ञले गर्नु क्षमा हैं त्रुटिमा ॥

स्वागत गर्छु सुझावलाई उचित भएमा ।
संशोधन गर्छु उचित भूल द्वितीय बारमा ॥

गणेशलाल प्रधान

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जय मुदीरयेत् ॥
नारायण देव, अर्जुन नर, शारदादेवी र ।
महर्षि व्यास यो सबैलाई मनले संझेर ॥
प्रणाम गरी भाषामा पाठ यो महाभारत ।
मध्यको यहाँ आरम्भ गर्छु गीता यो समस्त ॥

अनुवादक

अध्याय १

यसैले बरु शस्त्रास्त्र त्याग्छु लडाई मान्दिन ।
कौरव मिली लडाईं गरे म अस्त्र हान्दिन ॥
मलाई मारुन कौरवहरु मौन नै रहन्छु ।
यो कार्य मेरो कल्याणकारी धर्म हो ठान्दछु ॥४६॥



अध्याय ४

जहिले यहाँ धर्मको हानि भै पाप फैलिन्छ ।
प्रकृति लाई पापको बोझ असैह्य भैदिन्छ ॥
त्यो बोझ लाई हलुका पार्न इच्छित रुपले ।
सिर्जना गर्छु म आफूलाई अनेक रीतले ॥७॥



अध्याय ६

योगले युक्त यी योगीहरु सकल प्राणीमा ।
मलाई देख्छ, बसेका अनि प्राणि म रुपमा ॥
वरफ भित्र अदृश्य भई व्यापक रहेको ।
पानी झैं आत्मा योगीले देख्छ प्राणीमा रहेको ॥२९॥

पहिलो अध्याय

धृतराष्ट्र उवाच

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः।
मामका पाण्डवाश्चैव किमकुर्वत संजय ॥१॥

धृतराष्ट्र लडाई गर्न कम्मर कसी जुटेका बान्धव।
त्यो कुरुक्षेत्र बीचमा अैले कौरव पाण्डव ॥
के गर्न सबै लागेका छन् त्यो यथार्थ बयान।
खुलस्त गरी संजय भन सम्पूर्ण मकन ॥१॥

संजय उवाच

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा।
आचार्यमुपसंगम्य राजा वचनमब्रवीत ॥२॥

संजय पाण्डवी सैन्य व्यूहमा खडा भएको देखेर।
कौरव सबै झस्किए अनि सल्लाह गरेर ॥
दुर्योधन गई गुरुजी सँग यो हाल बयान।
मनको क्लेश प्रकट गरी थाले यो कथन ॥२॥

पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम्।
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥

दुर्योधन गुरुजी हेर्नोस त्यो पल्लापट्टी पाण्डव सकल।
लडाईं गर्न उत्सुक भई छन् आज सामेल ॥
हजूर्के शिष्य कुशल रथी द्रुपद पुत्रले।
व्यूहमा राखी पाण्डवी सैन्य हाँकेको उनैले ॥३॥

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि।
युयुधानो विराटश्च द्रुपदश्च महारथ :॥४॥

दुर्योधन त्यो फौजमहाँ सामेल हुने लडाकु वीरमा ।
अर्जुन भीम समान शक्ति सामार्थ्यवानमा ॥
गनिने वीर मध्यमा मुख्य सात्यकि, विराट ।
सामेल त्यसमा उत्तम रथी वीर हुन् द्रुपद ॥४॥

घृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान्।
पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुङ्गवः ॥५॥
यी देखि बाहेक श्रीधृष्टकेतु श्रीचेकितान र ।
बललेयुक्त काशिका राजा छन् त्यहाँ तयार ॥
पुरुजित अनि श्रीकुन्तिभोज पाण्डव पक्षमा ।
मानव श्रेष्ठ शैव्य छन् अैले सामेल रणमा ॥५॥

युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान्।
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥
अतुल बल विक्रम युक्त श्रीयुधामन्यु र ।
श्रीउत्तमौजा समेत उता देखिन्छ तयार ॥
सुभद्रा पुत्र श्रीअभिमन्यु, द्रौपदी पुत्र नै ।
पाण्डव पट्टि प्रमुख वीर मानिने यिनी नै ॥६॥

अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम।
नायका मम सैन्यस्य संज्ञार्थं तान्ब्रवीमि ते ॥७॥
हाम्रा यी सैन्य मध्यमा ठूला सेनाका नायक ।
हजूरलाई निवेदन गर्छु को को छन् लायक ॥
वीरको नाम क्रमैले भन्छु एक एक गरेर ।
सुन्नुहोस गुरु, लिनु होस अनि मनमा गमेर ॥७॥

भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिंजयः ।
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ॥८॥

दुर्योधन हजुर एक श्रीभीष्म अनि विकर्ण कर्ण र ।
लडाई जित्ने श्रीकृपाचार्य छन् मेरा तयार ॥
हजुरको छोरा श्रीअश्वत्थामा, श्रीसोमदत्तका ।
बलिया छोरा समेत अैले छन् यता जुटेका ॥८॥

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥

यी देखि बाहेक अनेक वीर छन् यहाँ सामेल ।
लडाईं गर्न शस्त्रास्त्र हान्न जान्दछ सकल ॥
यी सबैजना जुटेर यहाँ जीवन अर्पण ।
गर्नमा समेत कम्मर कस्छन् सबले मकन ॥९॥

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम् ।
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥

श्रीभीष्मबाट रक्षित हाम्रो यो फौज सम्पूर्ण ।
भएको हुँदा विपक्षीबाट कहिल्यै जितिन्न ॥
भीमसेन बाट रक्षित सेना सहजै जितिन्छ ।
किनकी उता पाण्डवी सेना निकै नै थोरैछ ॥१०॥

अयनेषु च सर्वेषु यथाभागमवस्थिताः ।
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥११॥

हजूरहरु सबले आफ्नो नियत ठाउँमा ।
बसेर रक्षा भीष्मको गर्नोस यो भावी रणमा ॥
यसको लागि प्रार्थना गर्छु सकल वीरमा ।
प्रवेश द्वार सकल रोकी बस्नुहोस रणमा ॥११॥

तस्य संजनयन्हर्षं कुरुवृद्धः पितामहः ।
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ॥१२॥
संजय गुरुजी संग सल्लाह यस्तो भएको सुनेर ।
दुर्योधनलाई प्रसन्न पार्ने विचार गरेर ॥
सिंह कै सरि गर्जना गरी शन्तनु पुत्रले ।
शङ्खको शब्द प्रकट गरे अटूट रुपले ॥१२॥

ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखा : ।
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलो ऽ भवत् ॥१३॥
शन्तनु पुत्र श्रीभीष्मबाट शङ्खनाद हुंदामा ।
कर्णाल, ढोल, नगारा बजे त्यसैको साथमा ॥
नृसिंह आदि युद्धका बाजा मृदङ्ग मादल ।
बजेको स्वरले घन्कन थाल्यो भूवन मण्डल ॥१३॥

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ ।
माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥१४॥
पाण्डव तर्फ सफेद घोडा जुटेको रथमा ।
बसेका कृष्ण अर्जुन दुवै मिलेर साथमा ॥
बजाए आफ्ना ती दुवैले नै दिव्य र अद्भुत ।
शङ्खको शब्द दुवैले गरे रणमा प्रकट ॥१४॥

पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनंजयः ।
पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः ॥१५॥
कृष्णको शङ्ख हो पाञ्चजन्य बजाए उनले ।
त्यो देवदत्त नामक शङ्ख बजाए अर्जुनले ॥
भयानक काम गर्नमा लाग्ने भीमसेन वीरले ।
बजाए पौण्ड नामक शङ्ख रणमा उनले ॥१५॥

अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः।
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ॥१६॥

संजय कुन्तीका जेठा छोराले आफ्नो अनन्त विजय।
नामक शङ्ख सबको साम्ने उनले बजाए ॥
नकुलको मणि पुष्पक शङ्ख बजाए उनले।
सुघोष शङ्ख बजाए आफ्ना ती सहदेवले ॥१६॥

काश्यश्च परमेष्वासः शिखण्डी च महारथः।
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ॥१७॥

उत्तम धनु धारण गर्ने काशिका राजा र।
रथीमा श्रेष्ठ शिखण्डी अनि विराट राजा र ॥
अजेय वीर सात्यकि अनि ती धृष्टद्युम्न ले।
सामेली जस्तै आ-आफ्ना शङ्ख बजाए यिनले ॥१७॥

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते ।
सौभद्रश्च महाबाहुः शङ्खान्दध्मु पृथक्पृथक् ॥१८॥

द्रौपदी पुत्र ती पाँचैजना, द्रुपद राजाले।
सुभद्रा पुत्र ती अभिमन्यु उत्तम वीरले ॥
यिनका साथै लडाईं गर्न जुटेका राजाले।
आ-आफ्ना शङ्ख बजाई बसे सतर्क रुपले ॥१८॥

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत्।
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् ॥१९॥

सबको शंख एकसाथ बज्दा डरलाग्दो भैगयो।
आकाश तथा धरती पनि शब्दले गुञ्जियो ॥
सम्पूर्ण दिशा शब्दले गर्दा घन्कियो घनक्क।
कौरवहरु सबको छाती चिरियो चरक्क ॥१९॥

अथ व्यवस्थितान्दृष्ट्वा धार्तराष्ट्रान्कपिध्वज :।
प्रवृत्ते शस्त्रसंपाते धनुरुद्यम्य पाण्डव :॥२०॥

संजय कौरवहरु लडाईं गर्न तयार भएर ।
मोर्चामा खडा विपक्षी लाई अर्जुनले देखेर ॥
स्वयम पनि तयार भए गर्न त्यो लडाईं ।
शस्त्र नै हान्ने समय मा नै धनुष उठाई ॥२०॥

हृषीकेशं तदा वाक्यमिदमाह महीपते ।

हृषीकेश प्रभु श्रीकृष्ण छेउ अर्जुन वीरले ।
मनको इच्छा प्रकट गरे त्यो यस प्रकारले ॥

अर्जुन उवाच

सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥२१॥

अर्जुन हे कृष्ण ! मेरो यो रथलाई सेनाको माझमा ।
लानुहोस अनि गर्नुहोस खडा दुवैको माझमा ॥२१॥

यावदेतान्निरीक्षे ऽ हं योद्धुकामानवस्थितान् ।
कैर्मया सह योद्धव्यमस्मिन्रणसमुद्यमे ॥२२॥

युद्धको इच्छा मनमा लिई उपस्थित भएका ।
विपक्षीलाई म पैले हेरुँ को को छन् आएका ॥
को संग मेरो लडाईं हुने यो भावी रणमा ।
कसलाई मैले शस्त्रले हान्ने यो बन्धु युद्धमा ॥२२॥

योत्स्यमानानवेक्षे ऽ हं य एतेऽत्र समागता :।
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षव :॥२३॥

दुर्बुद्धि पापी दुर्योधनलाई विजय प्रदान ।
गर्नका लागि सहाय भई आएका प्रधानं ॥
रहेछन् को को सकलं वीर हेर्छु म रणमा ।
सामर्थ्य तिनको तौलेर हेर्छु सम्पूर्ण मनमा ॥२३॥

संजय उवाच

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत।
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ॥२४॥

संजय निदरी लाई जितेका पार्थ ! अर्जुन ! वीरको ।
विपक्षी हेर्ने आशयलाई यथार्थ बुझ्केको ॥
कृष्णले पनि विजय रथ अर्जुन ! वीरको ।
गर्नुभो खडा बीचमा पारि सम्पूर्ण सेनाको ॥२४॥

भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम्।
उवाच पार्थ पश्यैतान्समवेतान्कुरुनिति ॥२५॥

गुरुज्यू द्रोण, बाजेज्यू भीष्म र अन्य राजाको ।
सामुन्ने महाँ अर्जुनलाई आज्ञा भो कृष्णको ॥
कृष्ण "हे पार्थ ! तिमी कौरव हेर तयार रणमा ।
यो हेर्नबाँकी रह्यो नी भनि नराख मनमा ॥२५॥

तत्रापश्यत्स्थितान्पार्थः पितृनथ पितामहान्।
आचार्यान्मातुलान्भ्रातृन्पुत्रान्पौत्रान्सखींस्तथा ॥२६॥

संजय कुन्तीका छोरा अर्जुनबाट समर भूमिमा ।
कौरव तर्फ तयार भई आएका जनमा ॥
गुरुज्यू, काका, जीबाबु, मामा, भतिजा, भाई र ।
संगाती जन लडाईं गर्न भएको तयार ॥२६॥

श्वशुरान्सुहृदश्चैव सेनयोरुभयोरपि ।
तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ॥२७॥

आफूमा प्रेम सदैव गर्ने आपस्त ससुरा ।
आफुले मान गर्नु नै पर्ने कुटुम्ब ती सारा ॥
मर्न र मार्न तयार भई समर भूमिमा ।
जुटेको देखे ती दुवै तर्फ सेनाको साथमा ॥२७॥

कृपया परयाविष्टो विषीदन्निदमब्रवीत्।

संजय करुणाद्वारा संयुक्त भई पार्थले कृष्णमा ।
यो बिन्ती गरे दिग्दार भईसमर भूमिमा ॥

अर्जुन उवाच

दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सं समुपस्थितम् ॥२८॥

अर्जुन हे कृष्ण ! यस रणमा मैले सकल बान्धव ।
लडाईं गर्न आएको देख्दा विपक्षी कौरव ॥२८॥

सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति।
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते॥२९।

जिउका अंग प्रत्यङ्ग गल्छ, सुक्यो यो मुख नै ।
थर्थरि काँप्न लागेको बुझ्छु, यो मेरो जीउ नै ॥
शरीर भरि रोमाञ्च हुन्छ कौरव देखदा ।
यो युद्ध हैन निमित्त मेरो आएको विपदा ॥२९॥

गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते ।
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥

यो हातबाट गाण्डीव धनु हर्दम खस्तछ ।
जीउका छाला सम्पूर्ण पनि भत्भति पोल्दछ ॥
यो सब देख्दा बेहोश भई चक्कर आउँछ ।
रथमा बसी यिन्लाई हेर्ने सामर्थ्य हराउँछ ॥३०॥

निमित्तानि च पश्यामि विपरीतानि केशव।
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ॥३१॥

साइत पनि मनमा मेरो उल्टो नै बुझिन्छ ।
कुलको मात्र भविष्य महाँ विनाश देखिन्छ ।
हे कृष्ण ! यस युद्धमा बन्धु मारेर कल्याण ।
के केस्तो यहाँ पाउँला म ता क्यैपनि बुझ्दिन ॥३१॥

अर्जुन उवाच

न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च।
किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ॥३२॥

अर्जुन यी बन्धु मारी विजयी बन्ने चाहना रहेन ।
भोग र सुख यो राज्य पनि मलाई चाहिन्न ॥
निमित्त कसको राज्य र भोग सुख नै संगाल्ने ।
यिनलाई मारी बाँचेमा पनि के हो र पाइने ॥३२॥

येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च ।
त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च ॥३३॥

यिनै हुन् बन्धु हामीले जसको निमित्त संगाल्ने ।
भोग र राज्य सम्पूर्ण सुख जसबाट भोगिने ॥
उनी नै आज धनको आशा मनले त्यागेर ।
जीवन दिन खडा छन् यहाँ युद्धमा तयार ॥३३॥

आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः।
मातुलाः श्वशुराः पौत्राः श्यालाः संबन्धिनस्तथा ॥३४॥

गुरुज्यू, काका, जीबाबु, छोरा, भतिजा, नाति र ।
ससुरा, मामा, साला नै हाम्रा आपस्त भनेर ॥
मर्त्यमा बस्दा सहाय भई रहने यिनै हुन् ।
यिनलाई दुःख पर्दामा सबै मदत गर्दछन् ॥३४॥

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ।
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ॥३५॥

त्यसैले मं त यी बन्धुलाई हे मधुसूदन !।
चाहन्न मार्न मलाई मारुन् मेरा यी स्वजन ॥
पृथ्वीको राज के हो र मं ता त्रिलोकी राजको ।
प्राप्तीमा पनि चाहन्न गर्न हत्या यी सबको ॥३५॥

अर्जुन उवाच

निहत्य धार्तराष्ट्रन्नः का प्रीतिः स्याज्जनार्दन ।
पापमेवाश्रयेदस्मान्हत्वैतानाततायिनः ॥३६।

अर्जुन कौरवहरु मारेर हामी के प्राप्त गरुँला ।
शन्तोष पनि हामीमा यहाँ के हुन आउला ॥
यी आततायी कौरव मारे हामीमा अवश्य ।
लाग्नेछ पाप भन्ने नै मेरो यै हुन्छ निश्चय ॥३६॥

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान् ।
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ॥३७॥

यसैले भन्छु माधव ! प्रभु ! यी मेरा बान्धव ।
मार्नको लागि अयोग्य ठान्छु विपक्षी कौरव ॥
त्यसैले मं त चाहन्न मार्न आत्मीय बान्धव ।
कसोरी सुखी बनुँला मारी यी मेरा बान्धव ॥३७॥

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥३८॥

कुलको नाश हुंदामा दोष बहुतै लाग्दछ ।
मित्रको साथ गरेमा द्रोह पाप नै लाग्दछ ॥
यी सब कुरा कौरवहरु लोभले छोपिंदा ।
नबुझी गर्छन् पापको काम दुर्योधन सर्वदा ॥३८॥

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।
कुलक्षयकृतं दोषं प्रपश्यद्भिजनार्दन ॥३९।

जनका गति स्वरुप कृष्ण ! यो कुल नाशको ।
दोषको ज्ञान भएर पनि भारि त्यो पापको ॥
किनहो बोक्ने हामीले आफै ज्ञानी नै भएर ।
त्यो दोषबाट हट्नमा किन नगरुँ विचार ॥३९॥

अर्जुन उवाच

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥

अर्जुन कुलको नाश भएमा हाम्रो सनातन कुलको ।
सम्पूर्ण धर्म विनाश हुन्छ मर्त्यमा चलेको ॥
धर्मको नाश हुंदामा अनि सम्पूर्ण कुलमा ।
पापले छोपी दिनेछ तब हाम्रो यो कुलमा ॥४०॥

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसंकरः ॥४१॥

पापको बृद्धि हुनाले तब हाम्रो यो कुलमा ।
बिग्रन्छन् अनि कुलस्त्रीहरु पापले गर्दामा ॥
हे कृष्ण ! हाम्रो कुलस्त्रीहरु पापले बिग्रेमा ।
जन्मिन्छन् अनि खचड़ाहरु कुलीनहरुमा ॥४१॥

संकरो नरकायैव कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥

खचडाहरु जन्मिए भने त्यसले गर्दामा ।
ती कुलघाती सम्पूर्ण कुल खसाल्छ नर्कमा ॥
तर्पण, पिण्ड, नदिंदा अनि उनका पितृमा ।
दु:ख नै परी ती पितृ खस्छ नरक कुण्डमा ॥४२॥

दोषैरेतैः कुलघ्नानां वर्णसंकरकारकैः ।
उत्साद्यन्ते जातिधर्माः कुलधर्मश्च शाश्वताः ॥४३॥

ती कुलघातीहरुका यही प्रमुख दोषले ।
गर्दामा यहाँ खचडाहरु जन्मिने हुनाले ॥
यै दोषबाट सनातन् आफ्नो जातीय धर्म र ।
कुलको धर्म समाप्त हुन्छ नामेट भएर ॥४३॥

अर्जुन उवाच

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन।
नरके ऽनियतं वासो भवतीत्यनुशुश्रुम ॥४४॥

अर्जुन जनका गति स्वरुप कृष्ण ! ती कुलघातीको ।
सम्पूर्ण कुल विच्छिन्न भई खचडा जन्मेको ॥
दोषले गर्दा ती जनहरु नरक पर्दछ ।
भन्ने यी कुरा विद्वान बाट मर्त्यमा सुनिन्छ ॥४४॥

अहो बत महत्पापं कर्तुं व्यवसिता वयम्।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ॥४५॥

दुःखको कुरो यही छ आज यो सबै बुझेर ।
महान पाप गर्नको लागि छौं यहाँ तयार ॥
राज्य र सुख भोगका लागि लोभमा फँसेर ।
स्वजनलाई मार्नको लागि हामी छौं तयार ॥४५॥

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत्॥४६॥

यसैले बरु शस्त्रास्त्र त्यागछु लडाई मान्दिन ।
कौरव मिली लडाई गरे म अस्त्र हान्दिन ॥
मलाई मारुन कौरवहरु मौन नै रहन्छु ।
यो कार्य मेरो कल्याणकारी धर्म हो ठान्दछु ॥४६॥

संजय उवाच

एवमुक्त्वार्जुनः संख्ये रथोपस्थ उपाविशत्।
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ॥४७॥

संजय यी कुरा सब श्रीकृष्णलाई त्यो युद्ध भूमिमा ।
सुनाए पछि अर्जुन ! परे गहिरो शोकमा ॥
यसैले उनी धनुषवाण सम्पूर्ण फ्याँकेर ।
व्याकुल भई रथको भित्र बसे उ हटेर ॥४७॥

पहिलो अध्याय समाप्त

दोश्रो अध्याय

संजय उवाच

तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥

संजय पूर्वोक्त कुरा संझेर खिन्न भएका पार्थले ।
शोकमा डुबी गहमा आँशु भरेको हुनाले ॥
मधु नै नामको असुर मार्ने श्रीकृष्ण प्रभुले ।
दिनु भो शिक्षा मोहको नाश गर्न यो रीतले ॥१॥

श्रीभगवानुवाच

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥२॥

कृष्ण संकट यस्तो परेको बेला यो मोह तिमीमा ।
कसोरी लियौ काथर बुद्धि तिमीले मनमा ॥
अकीर्ति दिने स्वर्गको गति विघ्न नै पारने ।
किन हो लिन्छौ काथर वुद्धि नीचले रोजने ॥२॥

क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परंतप ॥३॥
कर्तव्य गर्न कम्मर कस नहोऊ काथर ।
कम्जोरिपना हृदयबाट फाल है झिकेर ॥
काथरपना तिमीले लिन हुदैन मनमा ।
वीरतालाई अंगाली उठ शत्रुको सामुमा ॥३॥

अर्जुन उवाच

कथं भीष्ममहं संख्ये द्रोणं च मधुसूदन ।
इषुभिः प्रति योत्स्यामि पूजार्हावरिसूदन ॥४॥

अर्जुन परम पुज्य श्रीभीष्म ! अनि गुरुज्यू द्रोण ! मा ।
प्रहार मैले कसोरी गर्ने वाणले यिनमा ॥
किनकी यिनी दुवै नै मेरा हे मधुसूदन ! ।
पूजाको योग्य मान्दछु म ता साँझ र बिहान ॥४॥

गुरुनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके ।
हत्वार्थकामांस्तु गुरुनिहैव
भुञ्जीय भोगान्रुधिरप्रदिग्धान् ॥५॥

बढिया हुन्छ मान्यको रक्षा गर्नु यो लोकमा ।
धर्ममा लाग्दा उत्तम बरु भिक्षा नै गर्नुमा ॥
यिनलाई मारी विजयी बने रक्तले भिजेको ।
अनेक भोग भोगुँला मैले घर र राज्यको ॥५॥

न चैतद्विद्मः कतरन्नो गरीयो
यद्वा जयेम यदि वा नो जयेयुः ।
यानेव हत्वा न जिजीविषाम -
स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ॥६॥

जान्दिन के हो उत्तम कार्य यो भावी रणमा ।
विजय हाम्रो पक्षमा या त कौरव पक्षमा ॥
जसलाई मारी चाहन्न बाँच्न त्यै धृतराष्ट्रको ।
सन्तानहरु खडा छन् आज सामुन्ने रणको ॥६॥

अर्जुन उवाच

कार्पण्यदोषोपहतस्वभावः
पृच्छामि त्वां धर्मसंमूढचेताः।
यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे
शिष्येस्ते ऽहं शाधि मां त्वां प्रपन्नम् ॥७॥

अर्जुन करुणाद्वारा यो मन मेरो विमूढ हुदैछ ।
धर्मको मर्म नसक्दा बुझ्न कर्तव्य छोड्दैछ ॥
भन्नुहोस प्रभु के गरुँ मैले शरण पर्दछु ।
शिष्य हुं मत दिनुहोस शिक्षा कल्याणै रोज्दछु ॥७॥

न हि प्रपश्यामि ममापनुद्याद्
यच्छोकमुच्छोषणमिन्द्रियाणाम्।
अवाप्य भूमावसपत्नमृद्धं
राज्यं सुराणामपि चाधिपत्यम् ॥८॥

खजाना पूर्ण पृथ्वीको राज अथवा स्वर्गको ।
रजाईं गर्न पाएमा पनि यो मेरो मनको ॥
विरहव्यथा समन गर्ने सामर्थ्य भएको ।
ठान्दिन मं ता अठोट मेरो यही हो मनको ॥८॥

संजय उवाच

एवमुक्त्वा हृषीकेशं गुडाकेशः परंतप ।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ॥९॥

संजय निदरी जित्ने अर्जुन बाट श्रीहृषीकेश ! मा ।
प्रकट गरे अठोट आफ्नो लागेको मनमा ॥
लडाईं म ता गर्दिन भनी गोविन्द ! प्रभुमा ।
निवेदन गरी चूप भै बसे समर भूमिमा ॥९॥

संजयउवाच

तमुवाच हृषीकेशः प्रहसन्निव भारत ।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ॥१०॥

संजय हे प्रज्ञाचक्षु ! श्रीहृषीकेश ! प्रभुले शोकमा ।
डुबेर ज्यादै, न्याउरो मुख लाएको मित्रमा ॥
कर्तव्य गर्ने अमूल्य ज्ञान सैन्यको बीचमा ।
मुसुक्क हाँसी सम्पूर्ण शिक्षा दिनुभो पार्थमा ॥१०॥

श्रीभगवानुवाच

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ॥११॥

कृष्ण जे बारे केही गरिन्न शोक त्यसैको बारेमा ।
यो शोक गर्छौ किन हो तिमी अहिले यिनमा ॥
ज्ञानीले जस्तै वक्तृता छाँट्छौ हैन यी ज्ञानका ।
देखिन्न ज्ञानी शोकमा व्याप्त कहिल्यै भएका ॥११॥

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः ।
न चैव न भविष्यामः सर्वे वयमतः परम् ॥१२॥

यो भन्दा अघि थिएनौ तिमी म पनि थिइन ।
यी अन्य सबै राजा र सेना क्वैपनि थिएन ॥
अहिले यहाँ छौं हामी सबै अमर रहन्नौं ।
यसैले पछि हामी र यिनी रहने होइनौं ॥१२॥

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ॥१३॥

देहमा बाल्य, जवानी तथा बुढ्याइँ सदृश ।
फेरिन्छ देह फेरिन्न आत्मा यो बुझ्नु पर्दछ ॥
बुझेका ज्ञानी आत्तिन्न कैल्यै मोहमा पर्दैन ।
यो नित्य आत्मा सकेमा चिन्न दुःखले छुँदैन ॥१३॥

श्रीभगवानुवाच

मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदुःखदाः ।
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ॥४॥

कृष्ण विषयसंग इन्द्रियहरु संयोग हुंदामा ।
तातो र चिसो , सुख र दुःख पाईन्छ मर्त्यमा ॥
संयोग पछि नासिन्छ यो त अनित्य मानिन्छ ।
यसैले पार्थ यी सब वस्तु छोड्नु नै पर्दछ ॥१४॥

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।
समदुःखसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥१५॥

विषयबाट भोगिने यहाँ यो सुख दुःखले ।
हृदय जसको सक्तैन पार्न दुषित यसले ॥
सुख र दुःख समान देख्ने यी धीरहरु नै ।
सजिलैसंग पाउन सक्छ त्यो मोक्ष धाम नै ॥१५॥

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥१६॥

जो कुरा यहाँ भएकै हैन कहिल्यै हुँदैन ।
मौजुद कुरा सदैव हुन्छ यो तिमी बुझन ॥
असत, सत दुवैको अन्त्य देखेर यिनको ।
ज्ञानीले गरे निर्णय यहाँ स्वरुप दुवैको ॥१६॥

अविनाशी तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥

जगत भरी जो व्याप्त भई सदैव रहन्छ ।
त्यो मूल आत्मा स्वरुप ब्रह्म जो अविनाशी छ ॥
त्यो ब्रह्मलाई विनाश पार्नकसैले सक्तैन ।
यो तत्वलाई विनाश गर्ने श्रृष्टि नै भएन ॥१७॥

श्रीभगवानुवाच

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शारिरिणः।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥१८॥

कृष्ण देहको स्वामी आत्मा छ नित्य कहिल्यै मर्दैन ।
अनित्य देह नाशिन्छ अर्जुन ! यो सत्य सम्झन ॥
यसैले तिमी तयार होऊ नबन काथर ।
लडाईं गर स्वधर्म प्रति अन्यथा नगर ॥१८॥

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम्।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥१९॥

यो आत्मालाई मर्ने र मार्ने भनि जो बुझ्दछ ।
ती सब झूठा न त यो मर्छ न कैल्यै मारिन्छ ॥
रहस्य यस्तो नबुझ्ने जन आत्मा नै मरेको ।
संझन्छ तर यो आत्मा कैल्यै देखिन्न मरेको ॥१९॥

न जायते म्रियते वा कदाचिन् -
नायं भूत्वा भविता वा न भूयः।
अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥२०॥

न जन्म लिन्छ न मृत्यु हुन्छ यो आत्म तत्वको ।
शरीर नाश भएमा नाश हुँदैन यसको ॥
न सृष्टि भयो न अन्त्य हुन्छ यो आत्मा तत्वको ।
पुरानो बुझ यो तत्वलाई अजन्मा मध्यको ॥२०॥

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम्।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥

हे पृथापुत्र ! यो आत्मालाई नहुने विनाश ।
अजन्मा नित्य अव्यय भन्ने तात्विक पुरुष ॥
कसरी मर्ला कसरी मार्ला यो जीव भवमा ।
कसरी आयो बन्धुत्व भाव अर्जुन ! तिमीमा ॥२१॥

श्रीभगवानुवाच

वासांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि।
तथा शरीराणी विहाय जीर्णा -
न्यन्यानि संयाति नवानि देही ॥२२॥

कृष्ण देहको लागि यो शोक भए उचित होइन ।
कनकि सुन अर्जुन ! तिमी यथार्थ कारण ॥
नविन वस्त्र धारण गरी पुरानो फ्याँके झैं ।
शरीर पनि आत्माले फेर्छ सदैव बुझ है ॥२२॥

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥२३॥
यो आत्मतत्व शस्त्रादी बाट कहिल्यै काटिन्न ।
आगोले पनि सक्तैन पोल्न पानीले छुदैन ॥
भिज्दैन यो त गल्दैन कैल्यै केहीले छुदैन ।
हावाले पनि चुसेर लिई सक्तैन सुकाउन ॥२३॥

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥२४॥
यो आत्मा तत्व न त यो डढ्छ न क्यैले काटिन्छ ।
न त यो गल्छ क्यै तत्वबाट न त यो सुक्तछ ॥
अचल, स्थिर, व्यापक, नित्य यो आत्मा मानिन्छ ।
विकार रहित यो आत्मालाई सनातन् भनिन्छ ॥२४॥

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥
यो आत्मा तत्व सकिन्छ बुझ्न गरन चिन्तन ।
सकिन्न मार्न बदलिन्न कैल्यै यो आत्मा अर्जुन ! ॥
यो सब बुझी नगर्नु शोक भन्छु म भारत ! ।
हे वीर ! अब लडाई गर नहोऊ मोहित ॥२५॥

श्रीभगवानुवाच

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम्।
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि॥२६॥

कृष्ण यो आत्मालाई सदैव तिमी जन्मीने मान्दछौ ।
र यसैलाई सदैव तिमी मर्ने नै मान्दछौ ॥
भनेत पार्थ ! यो नित्य वस्तु बुझेर तैपनि ।
यो शोक गर्छौ उचित हैन भन्दछु म पनि ॥२६॥

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि॥२७॥

जो जन्म लिन्छ त्यसको मृत्यु हुन्छ है अवश्य ।
जो मर्छ फेरि त्यसको जन्म पनि छ निश्चय ॥
जन्म र मृत्यु चक्र हो यस्तो उपाय रहित ।
विषय माथि यो शोक गर्नु छैन है उचित ॥२७॥

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत।
अव्यक्तनिधनान्येव तत्र का परिवदेना॥२८॥

जन्मको पैले यी प्राणी थिए शरीर रहित ।
हुनेहुन् अब मरेमा पनि शरीरै रहित ॥
केहि क्षण यहाँ धारण गर्ने शरीर निमित्त ।
किन हो गर्छौ यस्तरी माया छौ तिमी चिन्तित ॥२८॥

आश्चर्यवत्पश्यति कश्चिदेन -
माश्चर्यवद्वदति तथैव चान्यः।
आश्चर्यवच्चैनमन्यः श्रृणोति
श्रुत्वाप्येनं वेद न चैव कश्चित्॥२९॥

यो आत्मा तत्व गहन जान, आश्चर्य चकित ।
भै कोहि हेर्छ, वर्णन गर्छ भै कोही चकित ॥
आश्चर्य मानी कसैले सुन्छ परन्तु कसैले ।
सक्तैन बुझ्न यो तत्वलाई यथार्थ रुपले ॥२९॥

श्रीभगवानुवाच

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत।
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

कृष्ण देहको नाश भएमा पनि यो आत्मा कहिले ।
हुंदैन नाश यो तथ्य कुरा बुझि ल्यौ तिमीले ॥
यसैले सबै जीवको लागि नित्य नै चिन्हेर ।
तिमीले शोक यसको लागि कहिल्यै नगर ॥३०॥

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ॥३१॥

र आफ्नो धर्म विचार गरी तिमीले अर्जुन ! ।
यो भय लाई अँगाली बस्नु उचित होइन ॥
धर्मले युक्त उत्तम काम लडाईं छोडेर ।
छैन है दोश्रो क्षत्रीको लागि धर्म है गमेर ॥३१॥

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम्।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ॥३२॥

लडाईं लाई आपसे आप खुलेको स्वर्गको ।
ढोका नै ठान अर्जुन ! तिमी धर्मले पाएको ॥
यस्तो यो मौका भाग्यले पूरा साथ नै दिंदामा ।
क्षत्रीयहरु पाउन सक्छ यो मर्त्य भूमिमा ॥३२॥

अथ चेत्त्वमिमं धर्म्यं संग्रामं न करिष्यसि।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥

तिमीले यदि यो धर्म युद्ध गर्दैनौ स्वीकार ।
भनेत पार्थ ! तिमीमा लाग्छ पापको विकार ॥
स्वधर्म कीर्ति कमाइ तिम्रो पापले गर्दामा ।
समाप्त यहीं हुनेछ साँचो भन्छु म तिमीमा ॥३३॥

श्रीभगवानुवाच

अकीर्तिं चापि भूतानि कथयिष्यन्ति तेऽव्ययाम्।
संभावितस्य चाकीर्तिर्मरणादतिरिच्यते ॥३४॥

कृष्ण· दुनियाँहरु गर्नेछ चर्चा धेरै दिन रहने ।
अकीर्ति तिम्रो दुनियाँ भर कायम रहने ॥
अकीर्ति आफ्नो चलाई बस्नु भन्दा त वीरले ।
मर्नु नै बेस भन्छु म यही सम्मान्य जनले ॥३४॥

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः।
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ॥३५॥
ती व्यक्तिहरु जो बाट तिमी वीर नै मानिन्छौ ।
ती बाटै तिमी अवश्यमेव अप्मानित हुनेछौ ॥
यी वीरहरु सबले तिमी काथर भन्नेछ ।
डरले गर्दा लडाईं त्यागी बसेको मान्नेछ ॥३५॥

अवाच्यवादांश्च बहून्वदिष्यन्ति तवाहिताः ।
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ॥३६॥
यी तिम्रा शत्रु सबले मिली तिम्रो नै शक्तिको ।
असैह्य निन्दा गर्नेछ यहाँ तिम्रो नै कामको ॥
खराब शब्द प्रयोग पनि गर्नेछ तिमीमा ।
यो छाडी अर्कोके दुःख होला अर्जुन! तिमीमा ॥३६॥

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम्।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ॥३७॥
लडाईं गरी मरेमा स्वर्ग अवश्य पाइन्छ ।
जितेमा राज आनन्दसाथ भोगिन्छ भोगिन्छ ॥
त्यसैले उठ कम्मर कस गर यो लडाईं ।
क्षत्रीय धर्म अचल राख गाण्डीव समाई ॥३७॥

श्रीभगवानुवाच

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥३८॥
कृष्ण स्वर्ग वा राज्य दुवैको इच्छा तिमीमा नभए ।
सुख वा दु:ख, लाभ वा हानि, हार वा विजय ॥
समान जानी, लडाईं गर शुन्याईं देखाऊ ।
पापको नाश गरी यो आफ्नो धर्म नै बचाऊ ॥३८॥

एषा तेऽभिहिता सांख्ये बुद्धिर्योगे त्विमां श्रृणु।
बुद्ध्या युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ॥३९॥
यो ज्ञान योग बताएँ मैले भक्तको निमित्त ।
व्याख्यान सुन निष्काम कर्म योगको समस्त ॥
यो जानेपछि बुद्धिले आफ्नो समस्त कर्मको ।
बन्धन काटी पाउन सक्छौ मार्ग त्यो मुक्तिको ॥३९॥

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात्।।४०।।
निष्काम कर्म गरेमा कर्म विनाश हुँदैन ।
पापको भागी कर्ताले यसमा बन्नु नै पर्दैन ॥
किन्चित कर्म गरेमा पनि कर्ममा निश्चय ।
कर्ताको हुन्छ यसबाट रक्षा अवश्य अभय ॥४०॥

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥४१॥
अकार्य, कार्य निश्चय गर्ने यो योग मार्गमा ।
मुख्य छ एक एकाग्रबुद्धि उत्तम सबमा ॥
सकाम जन वासना रुप अनेक हाँगाले ।
पाउन्न ज्ञान निश्चित बुद्धि हुँदैन यसैले ॥४१॥

श्रीभगवानुवाच

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ॥४२॥

कृष्ण वेदको कर्मफलमा भुली त्यसैको आधार ।
ली कर्म गर्छ स्वर्गादि लोक पाउँला भनेर ॥
ती मूर्खहरु सदैव भन्छ स्वर्गादि बाहेक ।
क्यै छैन भनी श्रुतिमा भुल्छ सकाम वैदिक ॥४२॥

कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम्।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥

ती जन गर्छन् अनेक थरी यज्ञ र कर्म नै ।
सदैव आशा राख्तछ यिनी ऐश्वर्य भोग मै ॥
मरेमा स्वर्ग जन्मेमा सुख पाउँला भनेर ।
वैदिक कर्म सदैव गर्छन् यै आशा लिएर ॥४३॥

भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम्।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥४४॥

यसैले गर्दा ती यज्ञ गर्छन् अनेक थरीका ।
स्वर्गादि भोग पाउँला भनी यै पछि डौडेका ॥
जनको मन एकाग्र हुन्न ऐश्वर्य भोगमा ।
लठ्ठिने हुंदा यसैले खस्छ अज्ञान गर्तमा ॥४४॥

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ॥४५॥

यी वेद कर्म सत्त्व र रज तमको गुणले ।
छोपेको हुँन्छ यसलाई त्याग अर्जुन ! तिमीले ॥
सत्त्वमा लाग नहोऊ स्वार्थी योग र क्षेममा ।
हौ आत्मनिष्ठ नफस तिमी सुख र दुःखमा ॥४५॥

श्रीभगवानुवाच

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके ।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ॥४६॥

कृष्ण मानिसहरु चौतर्फी पानी पाएमा कुवाको ।
गर्दैन वास्ता ती जन हुन्छन् नशिचन्त रहेको ॥
त्यस्तै नै गरी ब्रह्मको ज्ञान भएका जनको ।
वैदिक कर्म फलमा मन हुदैन ढल्केको ॥४६॥

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥४७॥

कर्तव्य तिम्रो कर्म नै गर्ने फलमा अर्जुन ।
क्यै छैन हक यसैले तिमी सकाम नबन ॥
यो काम गरे यो फल पाउँ भन्ने नै मनमा ।
नलेऊ फेरि कर्मको त्याग नसोँच मनमा ॥४७॥

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनंजय ।
सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ॥४८॥

आसक्ति त्यागी लाभ वा हानी दुवैमा समान ।
भै कर्म गर्ने भनिन्छ योगी भवमा अर्जुन ! ॥
यसैले तिमी कर्म नै गर आसक्ति त्यागेर ।
कर्तव्य आफ्नो सम्पूर्ण पार्न हौ तिमी तयार ॥४८॥

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनंजय ।
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥४९॥

निष्काम कर्म सम्मुख यहाँ सकाम कर्म नै ।
मानिन्छ हीन दुःखमा पार्ने कर्मका कर्ता नै ॥
मुक्तिका लागि चाहना भए अर्जुन ! तिमीमा ।
निष्काम भाव मनमा राखी लाग है कर्ममा ॥४९॥

श्रीभगवानुवाच

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।
तस्माद्योगाय युज्यस्व योगःकर्मसु कौशलम् ॥५०॥

कृष्ण पाप र पुण्य यी दुवै छोड्छ योगीले भवमा ।
आनन्द साथ आखिर मिल्छ ब्रह्म कै रुपमा ॥
आसक्ति त्यागी हे वीर ! लाग यसैले योगमा ।
पुण्य र पाप अलिप्त हुन्छ यो कर्म योगमा ॥५०॥

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः ।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥

समत्व योग संयुक्त ज्ञानी जनले गरेको ।
कामको फल सकल त्याग्छ जीवन भरको ॥
ती योगीहरु जन्म र मृत्यु बन्धन चुंडेर ।
कैवल्य पद पाउँछ बस्न संसार त्यागेर ॥५१॥

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति ।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥

हिलोमा फुल्ने कमललाई हिलोको बिकार ।
सरेमा पनि सक्तैन गर्न हिलोले बिगार ॥
यै रीतबाट मोहको हिलो नपरे तिमीमा ।
हुनेछौ मुक्ति पुग्नेछौ तिमी विरक्त भावमा ॥५२॥

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥

अनेक थरी सिद्धान्तहरु सुनेर चंचल ।
भएको तिम्रो विवेकलाई योगमा अचल ॥
पारेर स्थिर रहेको तिमी जुन बेला हुनेछौ ।
तब नै तिमी कैवल्य ब्रह्म पाउन सक्नेछौ ॥५३॥

अर्जुन उवाच

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

अर्जुन समाधि गर्ने ती योगीहरु कसरी चिन्हीन्छ ।
कसरी बस्छ, बोल्छ र हिंडछ लक्षण् के के छ ॥
इन्द्रियलाई वशमा राख्ने ती योगीहरुको ।
हे कृष्ण ! मेरो इच्छा भो सुन्न चरित्र योगीको ॥५४॥

श्रीभगवानुवाच

प्रजहाति यदा कामान्सर्वान्पार्थ मनोगतान् ।
आत्मान्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५॥

कृष्ण अर्जुन ! जब मनमा स्थित कामना समस्त ।
समाप्त गरी जो जन हुन्छ आत्मामा सन्तुष्ट ॥
कहीन्छ उही भवमा पनि सुस्थिर बुद्धिको ।
त्यहीं हो योगी तिमीले चिन्नु सुस्थिर बुद्धिको ॥५५॥

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥५६॥

दुःखमा दुःखी हुँदैन मन सुखको प्राप्तिमा ।
हुँदैन खुसी गर्दैन रिस पर्दैन क्रोधमा ॥
कहिन्छ योगी भवमा उही सुस्थिर बुद्धिको ।
तिमीले चिन्नु योगी हो उही सुस्थिर बुद्धिको ॥५६॥

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम् ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥५७॥

अशुभ, शुभ भएमा सदा समान रहेको ।
मोहमा पनि नपरी सदा प्रसन्न रहेको ॥
कहिन्छ योगी भवमा उही सुस्थिर बुद्धिको ।
तिमीले चिन्नु योगी हो उही सुस्थिर बुद्धिको ॥५७॥

श्रीभगवानुवाच

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ।।५८।।

कृष्ण जसरी आफ्नो शरीरलाई कछुवा खैंचन्छ ।
इन्द्रियलाई ज्ञानीले पनि वशमा खैंचन्छ ॥
यै रीतबाट इन्द्रिय खिँच्ने सामार्थ्य भएको ।
तिमीले चिन्ह योगी हो उही सुस्थिर बुद्धिको ॥५८॥

विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।
रसवर्ज रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९॥

विषयलाई नलिनेहरु विषय निवृत्त ।
भएको हुन्छ चाहना तर हुंदैन निवृत्त ॥
परन्तु ज्ञानी भएमा भने चाहना निवृत्त ।
त्यो योगी हुन्छ यी सब छुटी योगमा प्रवृत्त ॥.॥
इन्द्रियलाई कर्ममा मात्र नगरी प्रवृत्त ।
मन छ जसको भोगको तर्फ हर्दम प्रवृत्त ॥
भने त पार्थ ! इन्द्रियलाई जितेको भनिन्न ।
भोगको आशा मनमा राख्ने योगी नै भनिन्न ॥५९॥

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

इन्द्रियलाई दमन गर्ने कोशिश गरेको ।
ती योगी पनि ठगिन्छ फन्दा परेमा मनको ॥
इन्द्रियद्वारा तानिन्छ सदा वासना कर्ममा ।
बल्जफ्ति संग तानिन्छ मन भोगको तृप्तिमा ॥६०॥

श्रीभगवानुवाच

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥६१॥

कृष्ण इन्द्रियहरु वशमा लिई मेरो नै शरण ।
भैकन जसको इन्द्रियहरु रहन्छ अधीन ॥
उत्तम योगी त्यही नै जान मनुष्य गणमा ।
हो कर्म योगी तिमीले चिन्नु मद्भक्त जनमा ॥६१॥

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्संजायते कामः कामात्क्रोधोऽभिजायते ॥६२॥

इन्द्रियलाई वशमा राखी मनले मकन ।
नगरी ध्यान विषय तर्फ हर्दम चिन्तन ॥
गर्नाले त्यसमा आसक्ति बढ्छ कामना जन्मिन्छ ।
कामना पूरा नभए क्रोध जन्मिन्छ जन्मिन्छ ॥६२॥

क्रोधाद्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद्बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥६३॥

क्रोधले गर्दा मूर्खता बढ्छ, मूर्खता बढेमा ।
संझना शक्ति भ्रमित हुन्छ सकल जनमा ॥
भ्रान्तिमा परी बुद्धिको नाश क्रमैले भैदिन्छ ।
यसरी अनि अन्त्यमा सबै विनाश भैदिन्छ ॥६३॥

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥

परन्तु जसको वशमा आफ्नो आत्मा नै रहन्छ ।
प्रेम र द्वेष हटेको हुंदा स्वतन्त्र रहन्छ ॥
स्वतन्त्र भई इन्द्रियद्वारा विषय भोगेमा ।
प्रसन्न रही डुबेको हुन्छ निर्मल ज्ञानमा ॥६४॥

श्रीभगवानुवाच

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते।
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥

कृष्ण प्रसन्न चित्त भएमा उनको सम्पूर्ण दुःखको ।
विनाश हुन्छ प्रसन्न चित्त भएका योगीको ॥
विवेक बुद्धि छिटै नै बस्छ एकाग्र भएर ।
अटल भक्ति रहन्छ सदा ब्रह्म मै गएर ॥६५॥

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६॥
योगको लागि गर्दैन जसले उत्तम साधना ।
रहन्न त्यसमा उत्तम निष्ठा पवित्र भावना ॥
पाउन्न शान्ति यी जनहरु यै अविवेकले ।
पीड़ित हुन्छन् इन्द्रियरुपी दुःखको भोगले ॥६६॥

इन्द्रियाणां हि चरतां यन्मनोऽनु विधीयते।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥
हावाले डुंगा जलमा जाँदा खिँचेर लिए झैं ।
पुरुषलाई मनले तान्छ यो तिमी बुझ है ॥
कर्ममा लाग्दा इन्द्रियलाई मनले पछ्याई ।
गएमा झन खिँचेर लिन्छ बलैले समाई ॥६७॥

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥
इन्द्रिय जसको विपयबाट वशमा रहन्छ ।
चाहना जति सम्पूर्ण त्यसको बिलीन भैदिन्छ ॥
यस्ताको मन सुस्थिर भनि संझनु पर्दछ ।
सुस्थिर बुद्धि भएका योगी यो बुझ्नु पर्दछ ॥६८॥

श्रीभगवानुवाच

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥६९॥

कृष्ण सकल प्राणी रातमा सुत्छ त्यो बेला योगीले ।
जागा नै रही ईश्वर ध्यान गर्छन् ती योगीले ॥
सकल प्राणी दिनमा जाग्छ त्यो दिन योगीले ।
रात कै सरि प्रतित हुन्छ योगीको योगले ॥.॥
अज्ञानी जन दिनमा पनि रात्री कै रुपमा ।
पर्दछ सदा संसारी जन सर्वदा दुःखमा ॥
यी ज्ञानहरु जो जन बुझ्छ त्यो. योगी कहिन्छ ।
प्रकाशमान जीवन आफ्नो व्यतीत गर्दछ ॥६९॥

आपूर्यमाणमचलप्रतिष्ठं
समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे
स शान्तिमाप्नोति न कामकामी ॥७०॥

सागरलाई नदीले केही असर पार्दैन ।
सकल नदी सागर संग पुग्छ है मिसिन ॥
योगीमा पनि सकल भोग प्रकट भएर ।
सक्तैन छुन हुदैन केही गुणमा विकार ॥७०॥

विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ॥७१॥

आसक्ति जति सम्पूर्ण फाली निस्पृह भएर ।
कर्मको कर्ता म आफै भन्ने धमण्ड त्यागेर ॥
कर्ममा लाग्ने त्यो व्यक्तिलाई क्यै दुःख पर्दैन ।
अँगाली शान्ति ब्रह्मको धाम सक्तछ पाउन ॥७१॥

श्रीभगवानुवाच

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ॥७२॥

कृष्ण हे पार्थ ! यही हो ब्राह्मी स्थिति यो पाए भवमा ।
मोहको फन्दा पर्दैन अनि मरण कालमा ॥
सुस्थिर बुद्धि भएमा ब्रह्म सजिलै पाउँछ ।
चुंडाई सारा यो भवजाल मुक्ति नै पाँउछ ॥७२॥

दोस्रो अध्याय समाप्त

तेश्रो अध्याय

अर्जुन उवाच

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ॥१॥

अर्जुन यो कर्म भन्दा बेस छ ज्ञान भने त केशव ! ।
कर्ममा लाग्ने आदेश किन दिनुभो यादव ! ॥
ज्ञान र कर्म दुवैको यहाँ गर्नुभो प्रशंसा ।
हुंदामा भ्रान्ति मकन भयो दिनुहोस दिलासा ॥१॥

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥
मिश्रित वाक्य सुन्दामा डुब्यो यो मन मोहमा ।
कुन हो बेस ग्रहण योग्य ज्ञान र कर्ममा ॥
यौटाको मात्र दिनुहोस शिक्षा निश्चय पूर्वक ।
कुन्चाहीं कर्म गर्दामा बन्छु उत्तम धार्मिक ॥२॥

श्रीभगवानुवाच

लोकेऽस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ॥३॥

कृष्ण पहिले मैले व्याख्यान गरें दुइटा योगको ।
गरेमा निष्ठा मुक्ति नै दिने दुइटा किसिमको ॥
संन्यास योग हो ज्ञान योग, निष्काम कर्मीको ।
हो कर्म योग, दुवै नै दाता समान फलको ॥३॥

श्रीभगवानुवाच

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते ।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥

कृष्ण कर्मको त्याग पर्दैन गर्न मनुष्य जनले ।
कसरी सिद्धि पाउन सक्छ प्रारम्भ नगरे ॥
कर्मको त्याग गर्नाले पनि साक्षात ईश्वर ।
रुपको सिद्धि कसरी पाउने योगी नै भएर ॥४॥

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

शरीर धारी सक्दैन बस्न कर्म नै नगरी ।
प्रकृति ले नै धकेली छाड्छ समाई बेसरी ॥
प्रकृति को छ अधीन सबै मनुष्य भवमा ।
परवश हुंदा प्रवृत गर्छ सदैव कर्ममा ॥५॥

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ॥६॥

मनले गर्छ भोगको आशा हर्दम भवमा ।
इन्द्रियलाई सदैव रोक्छ मूढले हठमा ॥
खराब हो त्यो पुरुषलाई ढोंगी नै भनिन्छ ।
धर्मको सट्टा पाप नै लाग्छ अधर्मी मानिन्छ ॥६॥

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥७॥

मनले आफ्नो इन्द्रियलाई वशमा राखेर ।
इन्द्रियद्वारा जो कर्मगर्छ आसक्ति त्यागेर ॥
मानव मध्य उत्तम त्यही मानिन्छ सबमा ।
कहिल्यै पनि त्यो जन यहाँ पर्दैन मोहमा ॥७॥

श्रीभगवानुवाच

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥८॥

कृष्ण कर्तव्य कर्म तिमीले गर स्वधर्म पूर्वक ।
कर्मको त्याग गर्नुमा भन्दा लाग्नु हो धार्मिक ॥
तिमीले यदि नगरे कर्म खान नै पाउन्नौ ।
गुजारा आफ्नो सम्पन्न गर्न तिमीले सक्तैनौ ॥८॥

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥९॥

यज्ञको लागि गरिने कर्म बाहेक अरुले ।
बन्धन पार्छ मनुष्यलाई गरेकै कर्मले ॥
निष्काम कर्म तिमीले गर यज्ञकै निमित्त ।
मानिन्छ यही गरेको कर्म ईश्वर निमित्त ॥९॥

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥

यज्ञको साथै प्रजाको सृष्टि कल्पको आदिमा ।
ब्रह्माले गरी यज्ञ नै तोके कर्तव्य कर्ममा ॥
वर्दान दिए यज्ञ नै बनोस इच्छित फलको ।
भोग नै दिने मनुष्यलाई उनले मागेको ॥१०॥

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

यज्ञले गर देवतालाई सन्तुष्ट सर्वदा ।
देवता पनि सन्तुष्ट पारुन मनुष्य सर्वदा ॥
आ-आफ्नो यही कर्तव्य जानी दुवैको उन्नति ।
दुवैले गरी दुवैको बढोस आपसमा पिरति ॥११॥

श्रीभगवानुवाच

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥१२॥

कृष्ण मनुष्य द्वारा गरींदा यज्ञ प्रसन्न भएका ।
देवता देलान् अनेक भोग चिताए सरिका ॥
त्यो चीजलाई अर्पण फेरि नगरी द्यौतामा ।
प्रयोग(स्वीकार)गर्ने ठहर्छ चोर मानिस मध्यमा ॥१२॥

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥

यज्ञको काम समाप्त गरी बचेको अन्नको ।
भोजन गर्ने मनुष्य जान धार्मिक मध्यको ॥
नगरी यज्ञ सम्पूर्ण अन्न खान्छ जो आफैले ।
अधर्मी जान त्यो जन सदा छोपिन्छ पापले ॥१३॥

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥

सकल प्राणी उत्पन्न हुने हो अन्न बाट नै ।
सम्पूर्ण अन्न उत्पन्न हुने हो मेघ बाट नै ॥
मेघको पानी उत्पन्न हुने हो यज्ञ बाट नै ।
यज्ञ र धर्म उत्पन्न हुने हो कर्म बाट नै ॥१४॥

कर्म बह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

कर्मको सृष्टि कर्ता नै बुझ पवित्र वेद नै ।
वेदको सृष्टि कर्ता हो पार्थ ! अक्षर ब्रह्म नै ॥
छ सर्वव्यापी ब्रह्म नै सदा यज्ञमा रहेको ।
यज्ञीय कर्म यसैले बेस कर्ममा भएको ॥१५॥

श्रीभगवानुवाच

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः।
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

कृष्ण यो रितबाट जगतलाई ईश्वर प्रभुले ।
तोकेको यस्तो सृष्टिको चक्र मनुष्यहरुले ॥
पालन यदि गर्दैन भने त्यो ठिक मानिन्न ।
ती भोगी जन पापी हो त्यसको व्यर्थछ जीवन ॥१६॥

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः।
आत्मन्येव च संतुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥
ती योगी जसले पिरती गाँस्छ आत्माको संगमा ।
आत्मामा सुखी र सदा तृप्त रहन्छ आत्मामा ॥
भने त सुन त्यो जनबाट पालन गरिने ।
रहन्न केही कर्तव्य कर्म ज्ञानीले गरिने ॥१७॥

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ।।१८।।
गरोस वा छाडोस कर्तव्य कर्म योगीले अर्जुन ! ।
त्यसमा केही प्रयोजन यहाँ योगीको रहन्न ॥
प्राणीमा पनि योगीको केही मतलब रहन्न ।
मोक्षको लागि मदत पनि कसैको चाहिन्न ॥१८॥

तस्मादसक्तः सततं कार्यं कर्म समाचर।
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥
तैपनि योगी कर्म नै गर्छ लोकहितार्थमा ।
तिमीले पनि कर्म नै गर योगी कै छाँटमा ॥
किनकी यहाँ कामना त्यागी कर्म नै गरेमा ।
मनुष्यहरु सक्तछ पुग्न ब्रह्मको धाममा ॥१९॥

श्रीभगवानुवाच

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसंग्रहमेवापि संपश्यन्कर्तुमर्हसि ॥२०॥

कृष्ण
जनक राजा ती थिए योगी निष्काम रीतले ।
कर्म नै गरी मोक्षमा मिले आफ्नो नै कर्मले ॥
यसैले भन्छु कर्म नै गर लोकको निमित्त ।
कर्म नै गर्ने कर्तव्य तिम्रो जनको निमित्त ॥२०॥

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥२१॥

सम्मान्य व्यक्ति जे जस्तो काम गर्छ यो भवमा ।
नक्कल गर्छ जनले पनि कर्तव्य कर्ममा ॥
ठूलाले यहाँ स्वीकार गरी छाडेको प्रमाण ।
जनताहरु स्वीकार गर्छन् त्यही नै प्रमाण ॥२१॥

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किंचन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥

हे पार्थ ! सोंच त्रिभुवन भरि मबाट गरिने ।
कर्तव्य कर्म क्यै बाँकी छैन मबाट भोगिने ॥
तैपनि गर्छु लौकिक कर्म व्यवस्था बसाल्न ।
मनुष्यलाई कर्ममा सदा बानी नै बसाल्न ॥२२॥

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥

मैले नै यदि चनाखो भई अंगाली आलस्य ।
कर्तव्य कर्म नगरी बसें भने त अवश्य ॥
जनता सबै मेरो नै यही चरित्र प्रमाण ।
स्वीकार गरी कर्तव्य कर्म गर्नेछ हनन ॥२३॥

श्रीभगवानुवाच

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम्।
संकरस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥

कृष्ण कर्ममा यदि नलागे मैले यो विश्व नासिने ।
शंका छ यसो गरेमा यहाँ खचडा जन्मिने ॥
प्रजाको लागि बन्नेछु म त संहारी दुर्जन ।
यो जानीकन कसरी थालुं यी प्रजा नाशन ॥२४॥

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसंग्रहम् ॥२५॥

फलको आशा मनमा राखी अज्ञानी जनले ।
गरे झैं कर्म फलको आशा नखोज्ने जनले ॥
गर्नु नै पर्छ दुनियाँ लाई कर्तव्य प्रमाण ।
प्रदान गर्न कर्तव्य कर्म गर्छ है ग्रहण ॥२५॥

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम्।
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ॥२६॥

फलको आशा मनमा राखी कर्तव्य कर्ममा ।
सदैव लाग्ने अज्ञानी जन सबको बुद्धिमा ॥
नपार्नु भेद कहिल्यै पनि निष्काम योगीले ।
परन्तु श्रद्धा कर्ममा गर्नु मूढ कै किसिमले ॥२६॥

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः।
अहंकारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥

सम्पूर्ण कर्म प्रकृतिको नै गुणले गरिन्छ ।
अहंकार द्वारा यी जनहरु मोहित रहन्छ ॥
आफै नै कर्ता हुं भनी ठान्छ अज्ञानी जनले ।
कर्तव्य कर्म निश्चय गर्न सक्तैनन् यिनले ॥२७॥

श्रीभगवानुवाच

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥

कृष्ण ज्ञानीले बुझ्छ गुण र कर्म मबाट पृथक ।
यसैले छोड्छ यी सबलाई तत्त्वका दर्शक ॥
गुणको खेल चटक सरि आफूमा परेको ।
यै ठानीकन आसक्ति त्याग्छ कर्मको फलको ॥२८॥

प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत् ॥२९॥
अज्ञानी जन मोहमा पर्छन् प्रकृति गुणले ।
आसक्ति सदा फलको राख्छ यी मूढ जनले ॥
चलायमान नपारिदेओस यिनलाई ज्ञानीले ।
कर्मको शिक्षा मूढमा पनि नदिनु कसैले ॥२९॥

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥
यसैले तिमी अध्यात्म ज्ञान बुद्धिले ठम्याई।
सम्पूर्ण कर्म गरेको फल मकन चढाई ॥
फलको आशा सकल त्यागी ममता रहित ।
यो युद्ध गर भैकन तिमी सन्ताप रहित ॥३०॥

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः।
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥
यो मतलाई नखोजी दोष श्रद्धाले संयुक्त ।
भैकन मेरो यो मतलाई अंगाल्ने म भक्त ॥
सम्पूर्ण कर्म गरेमा पनि पापले छुँदैन ।
कैवल्य पद पाउन सक्छ चुँडाई बन्धन ॥३१॥

श्रीभगवानुवाच

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम्।
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः ॥३२॥

कृष्ण यो मतलाई गलत मानी शंकामा परेर ।
गर्दैन यदि मनुष्य जन यो मत स्वीकार ॥
त्यही हो मूर्ख कर्तव्य बाट पतन भएको ।
भन्ने नै ठान कर्ममा सदा मोहित भएको ॥३२॥

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥

ज्ञानीले गर्ने मूर्खले गर्ने सम्पूर्ण यी कर्म ।
प्रकृति माथि निर्भर हुन्छ सम्पूर्ण यी कर्म॥
प्रकृति बाट भएको लाई हठ नै गरेर ।
रोक्नाले पनि के चल्न सक्ला भवको व्यभार ॥३३॥

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३४॥

इन्द्रिय तथा इन्द्रिय भोग राग र द्वेषको ।
वशमा कैल्यै नपर्नु तिमी विषय भोगको ॥
किनकी यी हुन् मनुष्यलाई कल्याण मार्गमा ।
बन्धन पार्ने प्रमुख शत्रु सम्पूर्ण कर्ममा ॥३४॥

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥

सजिलैसंग पालन गर्नसकिने अर्काको ।
कर्तव्य धर्म हुंदैन लिन प्रचार भएको ॥
स्वधर्म लाई हुंदैन त्यागन दोष नै भएमा ।
स्वधर्म मानी मर्नु नै बेस जन्मेर भवमा ॥३५॥

अर्जुन उवाच

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥३६॥

अर्जुन हे कृष्ण ! किन बल्जफ्ती संग लाए झैं पाप नै ।
मनुष्य जन सदैव गर्छ नगरी इच्छा नै ॥
कारण के हो पाप नै गर्ने मनुष्य जनले ।
दिनुहोस शिक्षा विषय सबै यथार्थ रुपले ॥३६॥

श्रीभगवानुवाच

काम एष क्रोध एष रजोगुणसमुद्भवः ।
महाशनो महापाप्मा विद्धयेनमिह वैरिणम् ॥३७॥

कृष्ण संसारलाई विनाश गर्ने सबको दुश्मन ।
क्रोध हो यही भनिन्छ काम यो हुने उत्पन्न ॥
राजसी गुण बाट नै हुन्छ सदैव प्रकट ।
पापी छ यो त बुझ्नु हे पार्थ ! बहुतै बिकट ॥३७॥

धूमेनाव्रियते वन्हिर्यथादर्शो मलेन च ।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥

धूवाँले आगो धूलोले ऐना छोपेर राखे झैं ।
गर्भको भित्र बसेको बच्चा सालले ढाके झैं ॥
कर्मले पनि सम्पूर्ण ज्ञान छोपेर राख्तछ ।
मनुष्यलाई कर्ममा सदा अलमल पार्दछ ॥३८॥

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरुपेण कौन्तेय दुष्पूरेणानलेन च ॥३९॥

आगोले खान्छ होमेको वस्तु पुग्यो लौ भन्दैन ।
कामनाहरु थपिंदै जान्छ शन्तोष पाइन्न ॥
यसैले(अतृप्त)काम ज्ञानीको लागि दुश्मन कहिन्छ ।
सम्पूर्ण ज्ञान कामना द्वारा सदैव छोपिन्छ ॥३९॥

श्रीभगवानुवाच

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥

कृष्ण मन र बुद्धि, इन्द्रियको नै आश्रय लिएर ।
कामना बस्छ यै बाट ज्ञान राख्तछ छोपेर ॥
योगीको योग कामना द्वारा छोपिंदा भवमा ।
फसाई राख्छ जीवत्मालाई मोहको फन्दामा ॥४०॥

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥४१॥

इन्द्रियहरु मन र बुद्धि वशमा पहिले ।
लिनको लागि कोशिश गर अर्जुन ! तिमीले ॥
तव यो ज्ञान विज्ञानलाई नाशने पापीको ।
छेदन गर आश्रय लिई निष्काम योगको ॥४१॥

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥४२॥

भोग र लिप्सा कामना गर्ने पदार्थहरुको ।
ठेगाना देखि इन्द्रियहरु पर छ बसेको ॥
इन्द्रिय भन्दा पर छ मन यो भन्दा पर नै ।
बुद्धि छ अनि यो भन्दा पर रहन्छ आत्मा नै ॥४२॥

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना।
जहि शत्रुं महाबाहो कामरुपं दुरासदम् ॥४३॥

यसरी आत्मा बुझेर आफू आत्मा नै भएर ।
रहने अभ्यास गर्नु है स्थिर अचल भएर ॥
बलियो तथा दुर्जय काम वासना दुश्मन ।
नाश है चाँडै यो योग साधन गेरर अर्जुन ! ॥४३॥

।। तेस्रो अध्याय समाप्त ।।

चौथो अध्याय

श्रीभगवानुवाच
इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥
कृष्ण यो ज्ञान योग व्याख्यान मैले कल्पको आदिमा ।
सूर्यमा गरैं, सूर्यले भने नृपती मनुमा ॥
मनुले पनि श्रीसूर्यबाट पाएको ज्ञानको ।
इक्ष्वाकुलाई बताई गरे प्रचार यसको ॥१॥

एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परंतप ॥२॥
यो क्रमबाट प्रचार भई आएको योगको ।
राजर्षिहरु धेरैले ज्ञान थियो है लिएको ॥
परन्तु केही समय पछि मर्त्यका जनमा ।
प्रचार हुन नसक्ता ज्ञान बिलायो भवमा ॥२॥

स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ।
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥३॥
त्यही नै योग सुनाएँ फेरि तिमीमा अहिले ।
गहन तथा मार्मिक बुझ्नु अर्जुन ! तिमीले ॥
किनकी तिमी भक्त हौ मेरो हौ प्रिय सखा नै ।
यो योग पनि मनन योग्य छ यो त श्रेष्ट नै ॥३॥

अर्जुन उवाच

अपरं भवतो जन्म परं जन्म विवस्वतः ।
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥

अर्जुन यो कृष्ण लीला गर्नु यहाँ जन्मेर अहिले ।
सूर्यको जन्म भएको थियो धेरै नै पहिले ॥
योगको व्याख्या गर्नुभो जुन कल्पको आदिमा ।
कसरी जानुँ योग जो लोप भएको मर्त्यमा ॥४॥

श्रीभगवानुवाच

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परंतप ॥५॥

कृष्ण यो जन्म मात्र भएको भन्ने नठान तिमीले ।
अनेकौं जन्म लि सकें यस मर्त्यमा हामीले ॥
अधिको जन्म भएको ज्ञान रहेन तिमीमा ।
संझन्छु म ता सम्पूर्ण कुरा घटेको हामीमा ॥५॥

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया ॥६॥

हुं अविनाशी अजन्मा अनि प्राणीको ईश्वर ।
तापनि यहाँ जन्मिने गर्छु धर्मको खातिर ॥
त्यो मेरो जन्म मानव सरि कहिल्यै हुदैन ।
प्रकृति, माया अधीन राखी आउँछु जन्मन ॥६॥

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥

जहिले यहाँ धर्मको हानि भै पाप फैलिन्छ ।
प्रकृति लाई पापको बोझ असैह्य भैदिन्छ ॥
त्यो बोझ लाई हलुका पार्न इच्छित रुपले ।
सिर्जना गर्छु म आफूलाई अनेक रीतले ॥७॥

श्रीभगवानुवाच

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्।
धर्मसंस्थापनार्थाय संभवामि युगे यगे ॥८॥

कृष्ण सज्जनलाई उद्धार गरी पापी र दुर्जन ।
विनाश पार्ने चेष्टा ली गर्छु दुष्टको छेदन ॥
यै रीतबाट प्रत्यक युग धर्मको प्रचार ।
गर्नको लागि प्रकट हुन्छु मर्त्यमा आएर ॥८॥

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन॥९॥

दिव्य छ मेरो जन्म र कर्म जानिन्छ तत्त्वले (योगले)।
यो तत्त्वलाई जानिन्छ एक विशुद्ध योगले ॥
हुदैन जन्म यो देह त्यागी तात्त्विक जनको ।
मसित मिल्छ बन्धन काट्छ यसैले भवको ॥९॥

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः।
बहवो ज्ञानतपसा पूता मद्भावमागता ॥१०॥

राग र द्वेष, भय र क्रोध, विकार रहित ।
भैकन मेरै शरणमहाँ परेका ती भक्त ॥
पवित्र भई मिलेका छन् है मेरो नै रुपमा ।
तत्त्वका ज्ञानी आखिर मिल्ने मेरो नै रुपमा ॥१०॥

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥११॥

जुन रीतबाट ज्ञानीले भज्छ मकन सर्वदा ।
त्यै रीतबाट तिनलाई दिन्छु फल नै सर्बदा ॥
त्यसैले सबै मनुष्य जन मेरो नै मार्गको ।
कुनै न कुनै रीतले लिन्छ ज्ञान त्यो योगको ॥११॥

श्रीभगवानुवाच

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥१२॥

कृष्ण यो लोक महाँ मानिस यदि सकाम रीतले ।
द्यौताको पुजा गरेर खुसी पारेमा उनले ॥
छिटैं नै सिद्धि पाउन सक्छ कर्मका कर्ताले ।
कर्मको फल पाउँछ भोग्न इच्छित रुपले ॥१२॥

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥१३॥

ब्राह्मण, क्षत्री, वैश्य र शूद्र जातको विभाग ।
गरेको मैले त्रिगुण युक्त कर्मको विभाग ॥
कर्ता हुं म नै अकर्ता मै हुं यी सबै कर्मको ।
विनाश कैल्यै नहुने मै हुं ईश्वर सबैको ॥१३॥

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥

निष्काम कर्म सदैव गर्छु यसैले कर्मको ।
मकन छैन बन्धन पनि् गरिने कर्मको ॥
ज्ञानले गर्दा यसरी जसले चिन्दछ मलाई ।
कर्मको कुनै बन्धन द्वारा राख्तैन समाई ॥१४॥

एवं ज्ञात्वा कृतं कर्म पुर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥

संसार बाट तरेर मुक्ति पाएका मुनिले ।
यो ज्ञान बुझी पालन गरी प्रमाण रुपले ॥
छोडेको कर्म योगको अब तिमीले अर्जुन ! ।
सनातन् कर्म बुझेर गर यसको पालन ॥१५॥

श्रीभगवानुवाच

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१६॥

कृष्ण अकर्म, कर्म, यी भेदलाई बुझ्दैनन् जनले ।
विद्वान पनि मोहित हुन्छ यसको फन्दाले ॥
कर्मको तत्त्व मबाट सुन खुलस्त गरेर ।
कैवल्य मुक्ति पाउन सक्छौ यो तत्त्व बुझेर ॥१६॥

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ॥१७॥
संसारी भई बुझ्नु है पर्छ स्वरूप कर्मको ।
अकर्म के हो बुझ्नु है पर्छ स्वरुप त्यसको ॥
गहन छ है कर्मको गति भवका सबले ।
जान्नु नै पर्छ कर्तव्य कर्म के के छ सबले ॥१७॥

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥१८॥
गर्दामा कर्म आसक्ति अहं नलिने जनले ।
अकर्म कर्म दुवैको रूप यथार्थ देख्नाले ॥
सम्पूर्ण कर्म गर्ने त्यो योगी भवमा कहिन्छ ।
मानव मध्य त्यो जनलाई ज्ञानी नै कहिन्छ ॥१८॥

यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥१९॥
ज्ञानीले शुरु गरेको कर्म निष्काम रीतले ।
त्यो कर्म भस्म आगोले जस्तो ज्ञानले भएको ॥
छ भन्ने पार्थ त्यो कर्म योगी उत्तम मानिन्छ ।
योगीले पनि त्यो ज्ञानीलाई पण्डितं भन्दछ ॥१९॥

श्रीभगवानुवाच

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥२०॥

कृष्ण संसार बाट भै तृप्त सदा परम प्रभुमा ।
कर्मको फल सकल त्यागी लागेको कर्ममा ॥
भएता पनि त्यो जन बाट क्यै कर्म गरेको ।
मानिन्न पार्थ ! धर्मले गर्दा योगीले गरेको ॥२०॥

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ।
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥२१॥

सकल भोग कर्मको फल इन्द्रिय निग्रह ।
गरेको भए भनिन्छ गऱ्यो धर्मको संग्रह ॥
यी जन बाट क्यै कर्म भए गरेको मानिन्न ।
इन्द्रियबाट क्यै कर्म गरे पापमा बाँधिन्न ॥२१॥

यदृच्छालाभसंतुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥२२॥

फलको आशा क्यैपनि नली गरेको कर्ममा ।
संयोग वश जे आई पर्छ प्रसन्न त्यसैमा ॥
ठन्डा र गर्मी भएमा पनि र सुख दुःखमा ।
असर केही पर्दैन सदा रहन्छ योगमा ॥.॥
लाभ वा हानि भएमा पनि समत्व स्वभाव ।
रिसको पनि पर्दैन कैल्यै त्यसमा प्रभाव ॥
भने त यस्ता योगी ले केही कर्म नै गरेमा ।
सक्तैन पार्न यी योगीलाई कर्मले पापमा ॥२२॥

श्रीभगवानुवाच

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः।
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते॥२३॥

कृष्ण आसक्ति त्यागी ज्ञानमा चित्त सदैव लगाई ।
कर्तव्य कर्म यज्ञको लागि साधन बनाई ॥
कर्ममा लाग्ने योगी ले यहाँ कर्म नै गरेमा ।
लाग्दैन पाप बन्धन पनि पर्दैन यिनमा ॥२३॥

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम्।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना॥२४॥

जो यज्ञ गर्छ ब्रह्म हो भनि सुवा र हवि नै ।
अग्नि र कर्तायी दुवै पनि मान्छ है ब्रह्म नै ॥
यो रीतबाट जो यज्ञ गर्छ ब्रह्म मै मिसिन्छ ।
सकल कर्म ब्रह्मकै रुप मुनिले पाउँछ ॥२४॥

दैवमेवापरे यज्ञं योगिनः पुर्युपासते।
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति॥२५॥

कसैले फेरि देवताहरु प्रमुख मानेर ।
देवता पुजा यज्ञले गर्छ नियम गरेर ॥
त कोही योगी आगो नै ब्रह्म मानेर आगोमा ।
ब्रह्मकै यज्ञ ब्रह्मको ध्यान गर्छ यो भवमा ॥२५॥

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति।
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति॥२६॥

श्रोत्रिय आदि इन्द्रियहरु संयम नामको ।
आगोमा कर्म सम्पूर्ण होमी हुन्छ है बसेको ॥
शब्दादि भोग विषयहरु इन्द्रिय रुपको ।
आगोमा यहाँ हवन कर्म रहन्छ गरेको ॥२६॥

श्रीभगवानुवाच

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥

कृष्ण अरु क्वै योगी ज्ञानयोग द्वारा प्रज्ज्वलित भएको ।
अध्यात्मरुप योगाग्नि महाँ इन्द्रियहरुको ॥
र प्राण वायु सम्बन्धी कर्म हवन गर्नमा ।
प्रयत्न साथ लागेको हुन्छ योगको मार्गमा ॥२७॥

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥

ईश्वरलाई अर्पण गर्ने विचार मनमा ।
ली कोही गर्छ धनको खर्च लोकको सेवामा ॥
स्वधर्मलाई पालन गर्ने समान तपमा ।
लागेको यहाँ देखिन्छ कोही सनातन कर्ममा ॥.॥
अष्टाङ्ग योग विधिको यज्ञ क्वै गर्छ भवमा ।
लागेका हुन्छन् कोही त यहाँ अहिंसा व्रतमा ॥
क्वै गर्छन यहाँ ईश्वर नाम पठन पाठन ।
यै रीतबाट जनले गर्छ ब्रह्मको मनन ॥२८॥

अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे ।
प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ॥२९॥

ती ब्रतधारी क्वै योगीहरु अपान वायुको ।
'हवन गर्छ स्वप्राण वायु र प्राण वायुको ॥
हवन गर्छ पुऱ्याईकन अपान वायुमा ।
यी दुवै रोकी प्रयत्न गर्छ ती प्राणायाममा ॥२९॥

श्रीभगवानुवाच

अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति।
सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥

कृष्ण नियम साथ भोजन गर्ने क्वै योगी जनले ।
प्राणमा प्राण हवन गर्छ यज्ञीय रीतले ॥
यी सबै यज्ञ विषय वेत्ता ज्ञानीले विनाश ।
पापको गर्छ सदैव गरी यज्ञमा विश्वास ॥३०॥

यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥३१॥

यज्ञीय कर्म समाप्त गरी शेष नै रहेको ।
अमृत जस्तो अन्न नै खाने नियम गरेको ॥
ज्ञानीले आफ्नो धर्मको यही फलले गर्दामा ।
सजिलै संग पाउँछ बस्न ब्रह्मको धाममा ॥.॥
विमुख भई यी यज्ञबाट रहेको मूढमा ।
पापले छोप्छ अज्ञान बढ्छ सदैव तिनमा ॥
यै लोक पनि मूढका लागि अशुभ कारक ।
रहन्छ भने कसरी पुग्छ त्यो लोक धार्मिक ॥३१॥

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे।
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

कर्मको व्याख्या वेदले गर्छ नियम पूर्वक ।
उत्पन्न हुन्छ इन्द्रियबाट कृत्य त्यो धार्मिक ॥
यो जानीकन निष्काम कर्म तिमीले गरेमा ।
हुने छौ मुक्ति मिल्ने छौ तिमी मेरो नैरुपमा ॥३२॥

श्रीभगवानुवाच

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परंतप।
सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥

कृष्ण देवतालाई प्रसन्न पार्न निमित्त गरेको ।
धनको दान, यो यज्ञ भन्दा उत्तम ज्ञानको ॥
यज्ञ छ वेश, किनकी पार्थ ! सम्पूर्ण कर्मको ।
समाप्ति हुने केन्द्र हो बुझ ज्ञान नै भएको ॥३३॥

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥३४॥

सत्सङ्ग सेवा तिमीले गर ती कर्म योगीको ।
सवाल गर धर्मले युक्त यज्ञीय कर्मको ॥
ती कर्मयोगी कर्मको मर्म जानेको हुनाले ।
ज्ञानको शिक्षा दिनेछ अनि ती योगी जनले ॥३४॥

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव।
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥३५॥

यो जाने पछि सक्तैन छुन मोहले तिमीमा ।
यी प्राणीहरु अभिन्न देख्छौ स्वयम् नै आफूमा ॥
सकल प्राणी देहमा मेरो तिमीले देख्नेछौ ।
मै मय विश्व तिमीले अनि भएको देख्ने छौ ॥३५॥

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः।
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ॥३६॥

पापीले भन्दा अधिक पाप गरेको भएमा ।
त्यो दोष केही लाग्ने नै छैन अर्जुन ! तिमीमा ॥
सहारा एक यै ज्ञानरुपी डुंगा नै हुंदामा ।
पाप र ताप सम्पूर्ण फाली पुग्ने छौ पारमा ॥३६॥

श्रीभगवानुवाच

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥३७॥

कृष्ण सम्पूर्ण काठ खरानि हुन्छ प्रज्ज्वलित आगोमा ।
त्यस्तै नै यहाँ यो ज्ञान रुपी आगोको साथमा ॥
सम्पूर्ण कर्म, पाप र पुण्य इत्यादि बन्धन ।
खरानी भई योगीले मुक्ति सक्तछ पाउन ॥३७॥

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८॥

क्यै छैन अरु पवित्र वस्तु ज्ञानको समान ।
योगीमा हुन्छ ज्ञानको सिद्धि मौकाले अर्जुन ! ॥
योगको सिद्धि भैसके पछि यो तत्त्व फुर्दछ ।
मोक्षको आशा गर्ने ती योगी मकन पाउँछ ॥३८॥

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९॥

इन्द्रियलाई वशमा गरी सकेको जनले ।
यो तत्त्वज्ञान पाउँछ योगी अनि यो बुद्धिले ॥
ईश्वर देख्छ जगत धातृ अव्यय पुरुष ।
योगीले अनि पाउन सक्छ निर्मल प्रकाश ॥३९॥

अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ॥४०॥

अज्ञानीहरु शंकामा परी नास्तिक भावले ।
सक्तैन सुख पाउन पनि ती मूर्ख जनले ॥
मनुष्य लोक मुक्तिको लोक दुवै नै विगार्छ ।
संशय युक्त जनले सदा दुःख नै पाउँछ ॥४०॥

श्रीभगवानुवाच
योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम्।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनंजय ॥४१॥
योगको लिई आश्रय एक कर्मको अर्पण ।
ईश्वरलाई जो जन गर्छ सर्वस्व अर्पण ॥
ती आत्मज्ञानी पुरुषहरु पाप र पुण्यको ।
फन्दामा पनि पर्दैनन् अनि मोहमा कर्मको ॥४१॥

तस्मादज्ञानसंभूतं हृत्स्थं ज्ञानासिनात्मनः।
छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ॥४२॥
अज्ञानलाई झिकेर फाल यै ज्ञान बुद्धिले ।
योग कै लेऊ आश्रय एक अर्जुन ! तिमीले ॥
सम्पूर्ण कर्म अर्पण गर तिमीले मलाई ।
तैयार होऊ कर्ममा लाग गर लौ लडाइँ ॥४२॥

चौथो अध्याय समाप्त

पाँचौ अध्याय

अर्जुन उवाच

संन्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि।
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ॥१॥

अर्जुन प्रशंसा कृष्ण ! सन्न्यास कर्म निष्काम कर्मको ।
गर्नुभो तर दोधार परेँ यी दुवै कर्मको ॥
सन्न्यास कर्म निष्काम कर्म यी दुई योगमा ।
कुन्चाही बेस पालन योग्य दैनिक कार्यमा ॥१॥

श्रीभगवानुवाच

संन्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ।
तयोस्तु कर्मसंन्यासात्कर्मयोगो विशिष्यते ॥२॥

कृष्ण दुवै नै योग बुझ्नु हे पार्थ ! कल्याण दायक ।
तर छ बेस निष्काम कर्म कल्याण कारक ॥
आकांक्षा एकै लक्षित मुक्ति दुवै नै योगमा ।
तर छ बेस सबले लाग्नु निष्काम कर्ममा ॥२॥

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न काङ्क्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ॥३॥

द्वेष र आशा नराखी केही लागेको कर्ममा ।
संझनु पर्छ सन्न्यासी भनि कर्म नै गरेमा ॥
किनकी यिनी सजिलैसंग कर्मको बन्धन ।
समाप्त गरी पाउँछ मुक्ति योगीले अर्जुन ! ॥३॥

श्रीभगवानुवाच
सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ॥४॥
कृष्ण ती ज्ञानी हैन यो कर्मयोग र कर्म सन्न्यास ।
पृथक भन्ने भावना लिन्छ अज्ञानी पुरुष ॥
दुवै नै योग पालन योग्य कर्तव्य कर्ममा ।
दुईमा एक लिएमा पक्कै मिलिन्छ ईशमा ॥४॥

यत्सांख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते ।
एकं सांख्यं च योगं च यः पश्यति स पश्यति ॥५॥
पाउन सक्छ सन्न्यास द्वारा जो घाम उत्तम ।
कर्मले पनि पाउन सक्छ त्यै घाम उत्तम ॥
यसैले दुवै यो योगहरु एउटै भनिन्छ ।
यो तत्त्वकन जो जन चिन्छ त्यो मुक्ति पाउँछ ॥५॥

संन्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः ।
योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ॥६॥
कर्ममा पैले नलागिकन हे प्यारा अर्जुन ! ।
मुश्किल पर्छ सन्न्यास योग योगीले पाउँन ॥
जो मुनि जन कर्ममा यहाँ प्रयत्न गर्दछ ।
छिटै नै उसले ब्रह्मको धाम पाउन सक्तछ ॥६॥

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥
पवित्र आत्मा, योगले युक्त, इन्द्रिय वशमा ।
प्राणीको आत्मा ब्रह्ममा छ त्यो एकाकी भावमा ॥
यी योगीहरु निष्काम हुन्छन् कर्म नै गरेमा ।
पनि हे पार्थ ! पर्देनन् यिनी कर्मको बन्धनमा ॥७॥

श्रीभगवानुवाच

नैव किंचित्करोमीति युक्तो मन्येत तत्त्ववित्।
पश्यञ्श्रृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥

प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥९॥

कृष्ण तत्त्वका ज्ञाता सन्न्यास योग साधन गर्नेमा ।
नियम साथ प्रयन्त गर्ने कर्तब्य कर्ममा ॥
हेर्दै र सुन्दै, छुंदै र सुङ्दै, खाँदै छ देहले ।
हिड्दै र सुत्दै, सास नै फेर्दै इन्द्रियहरुले ॥८॥

बोल्दै र छोड्दै, स्वीकार गर्दै आँखाले चिम्चिम ।
गरेको तर इन्द्रियहरु लागेको नियम ॥
यही नै मानी कर्मको कर्ता अर्कै नै हो भन्ने ।
आफू त खालि निमित्त मात्र ज्ञानले संभने ॥९॥

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥
सकल कर्म मनले गरी अर्पण ब्रह्ममा ।
आसक्ति त्यागी कर्म नै गर्ने मनुष्य जनमा ॥
कमल लाई पानीले नष्ट नपारे समान ।
पापले पनि छोपेर राख्न तिनमा सक्तैन ॥१०॥

कायेन मनसा बुद्धया केवलैरिन्द्रयैरपि।
योगिनः कर्मकुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥११॥
फलको आशा नगरी कर्म गर्ने ती योगीले ।
शरीर, मन, इन्द्रिय, बुद्धि, यी सब अंगले ॥
समेत पनि आसक्ति त्यागी कर्म नै गर्दछ ।
आत्माको शुद्धि गर्नको लागि निष्काम रहन्छ ॥११॥

श्रीभगवानुवाच
युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम्।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥
कृष्ण निष्काम कर्म गर्ने ती योगी सम्पूर्ण कर्मको ।
पालन गर्दा पाएको फल पाउमा ईशको ॥
चढाई कन ईश्वरलाई पाएकै समान ।
उत्तम शान्ति योगीले पनि सक्तछ पाउन ॥.॥
सकामी जन फलको आशा मनमा लिनाले ।
आसक्ति द्वारा बाँधिन्छ उनी गरेकै कर्मले ॥
यसैले भन्छु निष्काम कर्म लिनु छ उत्तम ।
तिमीले पनि स्वीकार गर्नु यै कर्म उत्तमं ॥१२॥

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥
नौ ढोका युक्त शरीर रुपि घरमा बसेर ।
सम्पूर्ण कर्म प्रभुमा अर्पण मनले गरेर ॥
इन्द्रिय लाई वशमा राख्ने योगीले भवमा ।
गरोस वा छाडोस शान्तिका साथ त्यो बस्छ
कर्ममा ॥१३॥

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥
कर्तृत्व, कर्म यी दुवै तथा कर्मको फलको ।
गर्दैन सृष्टि ईश्वर बाट भवमा चलेको ॥
आपसे आप प्रकृति बाट उत्पन्न भएर ।
जनमा लाग्छ त्रिगुण मयी आधार लिएर ॥१४॥

श्रीभगवानुवाच

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥

कृष्ण पाप नै गरोस या पुण्य गरोस त्यो काम स्वीकार ।
जगत ढाक्ने ईश्वर बाट गर्दैन स्वीकार ॥
मायाले ज्ञान ढाकेर राख्छ त्यसैमा फँसेर ।
सकल जीव रहन्छ यहाँ मोहित भएर ॥१५॥

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥

परन्तु जसको अज्ञानहरु ज्ञानको बुद्धिले ।
विनष्ट यदि भाको छ भने यो ज्ञान योगले ॥
प्रकाश पार्छ परमार्थ तत्त्व सूर्य कै समान ।
मन र बुद्धि यसैमा लाई धोइन्छ अज्ञान ॥१६॥

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥

यो रीतबाट मन र बुद्धि लगाई प्रभुमा ।
मुक्तिको मार्ग साधना गर्न लागेको योगमा ॥
ज्ञानले पाप धोएर फाली पुग्छ त्यो ब्रह्ममा ।
जन्म र मृत्यु समान दुःख पर्दैन तिनमा ॥१७॥

विद्याविनयसंपन्ने ब्राम्हणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥

विद्याले युक्त, विनम्र आदि सद्गुण भएका ।
पंडितहरु छन् यदि यहाँ योगमा लागेका ॥
भए त यिनले समान देख्छ हात्ती र कुकुर ।
बाहुन् र गाई, चाण्डाल, जीव समान संसार ॥१८॥

श्रीभगवानुवाच

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः।
निर्दोषं हि समं ब्रह्म तस्माद्ब्रह्मणि ते स्थिताः ॥१९॥

कृष्ण समान राख्छ चंचल मन जो योगी जनले ।
जीउँदो छँदै संसारलाई जितेको उनले ॥
मानिन्छ पक्का त्यो ब्रह्म पनि सममा रहन्छ ।
यसैले उनी ब्रह्मको रुप सदैव पाउँछ ॥१९॥

न प्रहृष्यत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम्।
स्थिरबुद्धिरसंमूढो ब्रह्मविद्ब्रह्मणि स्थितः ॥२०॥

शुभमा खुसी, अशुभ हुंदा हुंदैन दुःखी नै ।
समान भाव सदैव राख्छ पर्दैन मोह मै ॥
निर्मल ज्ञान ब्रह्मको खुल्छ यी योगी जनमा ।
यी ब्रह्मवेत्ता तिमीले संझ पुगेको ब्रह्ममा ॥२०॥

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम्।
स ब्रह्मयोगयुक्तामा सुखमक्षयमश्नुते ॥२१॥

इन्द्रियसंग संयोग हुने विषय भोगको ।
गर्दैन चाह बाहिरी अरु पदार्थहरुको ॥
पाउँछ त्यल्ले आत्मीय सुख यो मर्त्य लोकमा ।
यी कर्मयोगी तिमीले जान पुगेको ब्रह्ममा ॥२१॥

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥२२॥

बाहिरी वस्तु उत्पन्न गर्छ सुख र दुःखको ।
सृष्टि र नाश हुन्छ यो बुझ बाहिरी वस्तुको ॥
यी वस्तुलाई तिमीले बुझ दुःखको कारण ।
यी भोगलाई पण्डितहरु गर्दैनन् ग्रहण ॥२२॥

श्रीभगवानुवाच

शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ॥२३॥

कृष्ण जीवन भरि काम र क्रोध, लोभ र मोहमा ।
फस्तैन जन यो मन रोकी मनुष्य लोकमा ॥
उही नै चिन्ह पुरुष युक्त हो कर्मयोगले ।
सुखीमा पनि उत्तम सुखी त्यै चिन्ह तिमीले ॥२३॥

योऽन्तः सुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः ।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥

यसरी सबै बाहिरी सुख उपेक्षा गरेर ।
आत्मामा सुखी स्वयम आफै आराम पाएर ॥
प्रकाश मय अध्यात्म ज्ञान ले ब्रह्म धाममा ।
अंगाली शान्ति सक्तछ पुग्न लागेका योगमा ॥२४॥

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥

यो तत्त्वलाई यथार्थ गरी जो जन जान्दछ ।
जगत व्याप्त भएर ईश बसेको देख्तछ ॥
पापको नाश भएका यस्ता योगीले भवमा ।
प्राणीको हित गरेर मिल्छ ब्रह्मको रुपमा ॥२५॥

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ॥२६॥

काम र क्रोध रहित भई ती आत्मज्ञानीले ।
मननै रोकी निर्वाण पद सुलभ रीतले ॥
साथमा लिई बसेकै सरि पाउन सक्तछ ।
ईश्वरलाई प्रत्यक्ष आफै पाउन सक्तछ ॥२६॥

श्रीभगवानुवाच

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ॥२७॥

कृष्ण बाहिरी वस्तु केही को पनि नगरी आशा नै ।
आँखाको दृष्टि सुस्थिर गरी भृकुटी बीच मै ॥
नाकको एक सहारा लिई देहमा हिँड्ने ।
अपान वायु र प्राण वायु काबुमा रहने ॥२७॥

यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥२८॥

इन्द्रिय, मन, विवेक, ज्ञान, सम्पूर्ण जितेका ।
इच्छा र भय दुश्मन क्रोध रहित भएका ॥
मोक्षको लागि कोशीश गर्ने योगमा लागेका ।
मानिन्छ पक्का त्यही नै योगी मोक्ष नै पाएका ॥२८॥

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥

यी मेरा भक्त योगीले चिन्छ मलाई सबमा ।
छोपिई बस्ने सबको मित्र आदि र अन्त्यमा ॥
मकन यज्ञ, तपस्या, भोग स्वर्गादि लोकको ।
मालिक जानि चाहने भलो सकल प्राणीको ॥.॥
संभन्छ जसले तत्त्वले युक्त नाइके कर्मको ।
पाउँछ शान्ति दुर्लभ छ जो निस्वार्थ रुपको ॥
मकन पूजा अर्चना गर्छ अव्यय ईश्वर ।
भन्ने नै बुझी ब्रह्म कै रुप देख्छ यो संसार ॥२९॥

पाचौँ अध्याय समाप्त

छैठौं अध्याय

श्रीभगवानुवाच
अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः।
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः ॥१॥
कृष्ण कर्तव्य कर्मजो जन गर्छ निष्काम भावले ।
उसलाई जान सन्न्यास योगी अर्जुन ! तिमीले ॥
विधर्म कार्य (कर्तव्य कर्म) गर्दैन तर त्यागी छ कर्मको।
भनेत बुझ सन्न्यास योगी भनिन्न योगको ॥१॥

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव।
न ह्यसंन्यस्तसंकल्पो योगी भवति कश्चन॥२॥
फलको आशा नलिई कर्म गर्नु हो सन्न्यास ।
कर्मयोग भन्ने योग नै बुझ भनिने सन्न्यास ॥
किनकी यहाँ कर्मको फल नत्यागी अर्जुन ! ॥
योगको लागि प्रयत्न गर्ने योगी नै भनिन्न ॥२॥

आरुरुक्षोर्मुनेर्योगं कर्मः कारणमुच्यते।
योगारुढस्य तस्यैव शमः कारणमुच्यते॥३॥
योगमा सदा आरुढ हुन चाहने योगीले ।
गर्नु नै पर्छ सम्पूर्ण कर्म निष्काम भावले ॥
ती योग महाँ आरुढ भई सकेका योगीमा ।
शम नै कर्म साधन हुन्छ भन्छ है शास्त्रमा ॥३॥



अध्याय ८

रहेर एक ॐकार ब्रह्म र त्यसको मालिक ।
मलाई सम्झी शरीर त्याग गर्ने ती धार्मिक ॥
बन्धन बिना कैवल्य मुक्ति उसले पाउँछ ।
त्यो धाम मेरो म बस्छु तहीं मलाई पाउँछ ॥१३॥

अध्याय ११

हे पृथापुत्र ! अर्जुन ! मेरो अनेक थरिको ।
आकार रंग संयुक्त दिव्य अद्भूत रुपको ॥
दर्शन गर सैकडौ तथा हजार थरिको ।
योगले युक्त भएको मेरो यो विश्व रुपको ॥५॥

अध्याय ११

अर्जुन हे जनार्दन ! प्रभुको राम्रो मनुष्य सरिको ।
स्वरुपलाई देख्दामा म छु झल्याँस्स ब्यूझेको ॥
डर र त्रास सम्पूर्ण गयो यो मेरो मनको ।
पैलेकै जस्तै सावधान पनि छुँ अैले भएको ॥५१॥



अध्याय १२

हे पृथापुत्र ! अर्जुन ! सुन जो भक्त जनले ।
म माथि चित्त एकाग्र पारी निश्चल भावले ॥
अनन्य भक्ति गर्ने त्यो भक्त योगीको उद्धार ।
छिटै नै गर्छु यो मृत्यु रुप संसार तारेर ॥७॥

श्रीभगवानुवाच

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते।
सर्वसंकल्पसंन्यासी योगारुढस्तदोच्यते ॥४॥

कृष्ण जब त्यो योगी इन्द्रिय भोग कर्ममा फलको ।
आसक्ति लाई झिकेर फाल्छ मनमा रहेको ॥
ती योगीलाई सन्न्यास योगी कहिन्छ भवमा ।
पूर्णत्व प्राप्त आरुढ भई बसेको योगमा ॥४॥

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत्।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥५॥
आफैले गर्नु उद्धार आफ्नो मनुष्यहरुले ।
आफैले आफू कहिल्यै गिर्न नदिनु जनले ॥
किनकी यहाँ मनुष्य आफैं शत्रु र मित्र हो ।
सहाय आफ्नो आफै नै हुन्छ आफू नै बन्धु हो ॥५॥

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥६॥
शरीर, मन, इन्द्रियहरु वशमा लिएका ।
स्वयम आफै मित्र नै मान्नु कर्ममा लागेका ॥
इन्द्रिय मन वशमा लिन नसक्ने जन नै ।
स्वयम आफै मान्नु नै पर्छ आत्माको शत्रु नै ॥६॥

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥
ठण्डी र गर्मी, अप्मान, मान, सुख र दुःखमा ।
मनमा क्लेश नलिने कत्ति विजयी काम मा ॥
भएका योगी सच्चिदानन्द ईश्वर प्रभुमा ।
प्रवेश गरी पाउँछ शान्ति समाधि योगमा ॥७॥

श्रीभगवानुवाच

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥८॥

कृष्ण आत्मा छ जसको विविध ज्ञान सम्पूर्ण भएको ।
इन्द्रिय जिती प्रकृति माटो सुन र ढुंगाको ॥
निमित्त भेद नदेख्ने त्यही योगी हो कर्मको ।
मानिन्छ उही योगले युक्त सिद्धिमा पुगेको ॥८॥

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥९॥

सुहृद, मित्र, उदासीन, शत्रु, मध्यस्थ, बान्धव ।
द्वेष्य र साधु, दुष्टको निम्ति समत्व स्वभाव ॥
धर्मात्मा अनि पापीमा पनि समान रहने ।
ती योगी योग्य ब्रह्मको धाम सजिलै पाउने ॥९॥

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

चंचल मन सुस्थिर गरी एकान्त ठाउमा ।
विवेक बुद्धि समान राखी संसारी वस्तुमा ॥
योगको सदा अभ्यास गर्ने ज्ञानीले अवश्य ।
पाउँछ मुक्ति यो भववाट निश्चय निश्चय ॥१०॥

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥

योगीले योग साधन गर्न पवित्र ठाउँमा ।
निर्माण गर्नु सुस्थिर आसन मृगको छालामा ॥
त्यो माथि कुश, कुशको माथि वस्त्रले छोपेर ।
अग्लो र होँचो नपारी गर्नु आशन तयार ॥११॥

श्रीभगवानुवाच

तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः।
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥

कृष्ण त्यो आशन महाँ बसेर मन एकाग्र पारेर ।
विषय भोग इन्द्रिय कर्म वशमा राखेर ॥
अन्तःकरण पवित्र पार्न सदैव योगीले ।
योगको पनि गर्नु नै पर्छ अभ्यास सबले ॥१२॥

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः।
संप्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥
योगको विधि भन्दछु सुन हे प्यारा अर्जुन ।
अचल स्थिर पार्नु है पिठचु शिर र गर्दन ॥
अन्यत्र कहीं नहेरी कन नाकको टुप्पामा ।
नजर लाई सुस्थिर पार्नु पर्छ है योगमा ॥१३॥

प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः।
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥
ली ब्रह्मचर्य नियम ब्रत निर्भय भएर ।
भित्रको आत्मा निर्मल पारी सतर्क रहेर ॥
वशमा मन राखेर मं मा चित्त नै लगाई ।
मत्परायण रहेर सदा संझनु मलाई ॥१४॥

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः।
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥
यसरी आत्मा सदैव मेरो ईश्वर रुपमा ।
लगाई मुक्ति पाउने इच्छा राख है मनमा ॥
ती कर्मयोगी भक्तिले गर्दा कैवल्य पदमा ।
सारुप्य मेरो पाउँछ अनि पौडन्छ शान्तिमा ॥१५॥

श्रीभगवानुवाच

नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः ।
न चाति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥

कृष्ण यो योग सिद्धि कस्ता को हुन्छ कस्तो को हुदैन ।
अर्जुन ! सुन खुलस्त गरी म गर्छु बयान ॥
खन्चुवा भोका ज्यादैनै सुत्ने जागा नै रहने ।
भएमा बुझ योगको सिद्धि त्यल्लाई नहुने ॥१६॥

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

नियम साथ खाने र उठ्ने र गर्ने शयन ।
आहार तथा विहार अनि कर्तव्य पालन ॥
गरेमा बुझ यो योग सिद्ध हुन्छ है अर्जुन ! ।
त्यस्ताको सदा यसले गर्छ दुःखको हरण ॥१७॥

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।
निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥

यसरी जब रोकेको मन ब्रह्ममा बसाल्छ ।
कर्मको इच्छा गर्दैन केही निष्काम रहन्छ ॥
त्यो जनलाई योगले युक्त भनिन्छ सिद्ध नै ।
पाउन सक्छ, त्यो योगी युक्त वैकुण्ठ (ब्रह्मको) धाम नै ॥१८॥

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ॥१९॥

हावाको वेग नपुग्ने गरी राखेको बत्तीको ।
प्रकाश सदा निश्चल हुन्छ सबैले जानेको ॥
ब्रह्मको ध्यान गर्नेती योगी जनको मनको ।
निमित्त पनि उपमा यही देखिन्छ दिएको ॥१९॥

श्रीभगवानुवाच

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥

कृष्ण
योगको सदा अभ्यास गरी यो चित्त रोकिन्छ ।
जुन ठाँउ महाँ पुगेर चित्त रमाई रहन्छ ॥
ईश्वर संग साक्षात भई त्यसैमा प्रविष्ट ।
भएर योगी ब्रह्मको साथ रहन्छ सन्तुष्ट ॥२०॥

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम्।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ॥२१॥
बुद्धिले मात्र पाइने थाहा इन्द्रिय नपुग्ने ।
सुखको ज्ञान त्यल्लाई हुन्छ सुस्थिर रहने ॥
पवित्र यस्तो ज्ञानको प्रप्ति एकबाजी भएमा ।
त्यो तत्त्वबाट भइन्न च्युत योगले गर्दामा ॥२१॥

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः।
यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥
योगको सिद्धि भएमा यहाँ के लाभ पाइन्न ।
त्यो संग अर्को दाँजिने वस्तु क्यै बाकी रहन्न ॥
जुन बेला यहाँ योगको सिद्धि सकिन्छ पाउन ।
कडासे कडा दुःखले पनि असर पार्दैन ॥२२॥

तं विद्याद्दुःखसंयोगवियोगं योगसंज्ञितम्।
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ॥२३॥
दुःखको संग विनाश गर्ने त्यै योग कहिन्छ ।
यो योगलाई पालन गर्दा पवित्र भइन्छ ॥
निश्चयसाथ हृदयलाई क्रमैले सम्हाली ।
गर्नु है पर्छ सदैव कार्य योग नै अँगाली ॥२३॥

श्रीभगवानुवाच

संकल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः ।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥

कृष्ण कल्पनाबाट उत्पन्न हुने सम्पूर्ण कामना ।
निःशेष पारि मनले त्यागी विषय वासना ॥
इन्द्रियहरु सकल रोकी धैर्यले अभ्यास ।
योगीले यहाँ गर्नुनै पर्छ योगमा प्रयास ॥२४॥

शनैः शनैरुपमेद्बुद्ध्या धृतिगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥२५॥

यो मनलाई धैर्यका साथ लिएर वशमा ।
कोशिश गर्नु यो मन लान ब्रह्मको धाममा ॥
गर्नु नै पर्छ ब्रह्मको ध्यान आत्माले मनन ।
आनन्द ब्रह्म छाडेर अरु नगर्नु चिन्तन ॥२५॥

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥

योगमा लाग्दा यो मन यदि नरहे वशमा ।
चंचल मन जे जे मा लाग्छ त्यो चीज वुस्तुमा ॥
कामना गर्ने यो मन रोकी आत्माको वशमा ।
पक्रेर ल्याई लगाई दिनु यो कर्म योगमा ॥२६॥

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ॥२७॥

गर्नाले यसो मनमा शान्ति उत्पन्न भै दिन्छ ।
पाप र रजो गुणले सदा छाडेर गै दिन्छ ॥
योगमा लाग्दा ब्रह्मको ज्ञान यथार्थ पाएका ।
उत्तम सुख अंगाली बस्छ योगमा लागेका ॥२७॥

श्रीभगवानुवाच

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥

कृष्ण पाप र ताप धोएर फाली ज्ञानको प्रकाश ।
पाएका योगी पाउन सक्छ ब्रह्मको प्रकाश ॥
यसरी चित्त ब्रह्ममा लाई तात्त्विक ब्रह्मको ।
साक्षात भई पाउँछ शान्ति आनन्द ब्रह्मको ॥२८॥

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥

योगले युक्त यी योगीहरु सकल प्राणीमा ।
मलाई देख्छ, बसेका अनि प्राणि म रुपमा ॥
वरफ भित्र अदृश्य भई व्यापक रहेको ।
पानी झैं आत्मा योगीले देख्छ प्राणीमा रहेको ॥२९॥

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥

मलाई सब प्राणीमा व्याप्त प्रत्यक्ष देखेका ।
अदृश्य मं ता रहन्न कैल्यै निमित्त यिनका ॥
यो बुझ्न सक्ने पुरुषहरु मबाट छाडिन्न ।
उनको सदा मनमा बसी पार्छु म सम्पन्न ॥३०॥

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥

एकत्व बुद्धि मनमा राखी सकल प्राणीमा ।
निवास गर्ने म ब्रह्मलाई जनले भजेमा ॥
जे जस्तो कर्म परेमा पनि त्यो प्रिय मं भक्त ।
उतारी दिन्छु ती योगीलाई सदैव म मुक्त ॥३१॥

श्रीभगवानुवाच

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

कृष्ण अर्काको दु:ख देखेमा जसले आफ्नो नै संझन्छ ।
समान भाव प्राणीमा पनि त्यो जन रहन्छ ॥
मं मय विश्व ज्ञानले गर्दा त्यो जन देख्दछ ।
त्यल्लाई अनि उत्तम योगी भवमा भनिन्छ ॥३२॥

अर्जुन उवाच

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन।
एतस्याहं न पश्यामि चञ्चलत्वात्स्थितिं स्थिराम् ॥३३॥

अर्जुन यो मनलाई सुस्थिर गरी रोक्न नै सकेमा ।
सजिलैसंग हासिल हुन्छ यो योग भवमा ॥
भन्नु यो प्रभु यो मन ज्यादै चंचल हुंदामा ।
रोकेर राख्न सकिन्न भन्ने ठान्छु म मनमा ॥३३॥

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम्।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

चंचल, हठी, बलियो, दृढ मानिन्छ यो मन ।
कसैले कतै सुस्थिर संग राख्न नै सक्तैन ॥
यसैले मन वशमा लिनु सजिलो मान्दिन ।
हावाकै सरि कसैको यहाँ वशमा रहन्न ॥३४॥

श्रीभगवानुवाच

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम्।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥३५॥

कृष्ण चंचल मन छ भन्ने कुरा म पनि मान्दछु ।
वशमा राख्नु कठिन भन्ने यो पनि बुझ्दछु ॥
तर यो मन वशमा राख्ने छ एक उपाय ।
अभ्यास साथ लिनु नै पर्छ योगीले वैराग्य ॥३५॥

श्रीभगवानुवाच

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

कृष्ण यो मनलाई वशमा लिन कोशिश नगर्ने ।
व्यक्तिले यहाँ यो योग लाई कसरि पाउने ॥
अभ्यास द्वारा प्रयत्न गर्ने योगीले वशमा ।
सक्तछ लिन यो मन लाई भन्छु म तिमीमा ॥३६॥

अर्जुन उवाच

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः।
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥३७॥

अर्जुन श्रद्धा छ तर चिप्लन्छ सदा योगको मार्गमा ।
स्वभाव बाट चंचल मन रहन्न वशमा ॥
भने त यस्ता योगीले ब्रह्म ज्ञान नै नपाई ।
के कस्तो दुःख पर्दछ भोग्नु भन्नु होस खुलाई॥३७॥

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति।
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि॥३८॥

मोहमा डुबी ब्रह्मको मार्ग कुण्ठित भएको ।
जनको लागि मुक्तिको बाटो र मर्त्य लोकको ॥
विषय भोग बादल नष्ट हावाले गरेको ।
समान योगी विनष्ट हुन्छ कि प्रभु! कसो हो ॥३८॥

एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः।
त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥

यो शंका मेरो निर्मूल पार्ने सामर्थ्य भएको ।
हजूर मात्र लायक देख्छु भवमा भएको ॥
हजूर छाडी सन्देह मेरो समूल छेदन ।
गर्दिने कोही संसार भर सक्तिन पाउन ॥३९॥

श्रीभगवानुवाच

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते।
न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ॥४०॥

कृष्ण ती योगीलाई न त यो लोक न परलोकमा ।
हुँदैन दु:ख त्यस्ताको लागि यी दुवै लोकमा ॥
असल काम गर्नेको कर्म फलले गर्दामा ।
दुर्गति भोग्न पर्दैन पार्थ ! यो कर्म योगमा ॥४०॥

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥

पुण्यको फल पाउन लाई स्वर्गमा गएर ।
अनेकौ वर्ष पाउँछ बस्न पवित्र भएर ॥
पुण्यको क्षय भएका योगी यो मर्त्य लोकमा ।
जन्मन्छ फेरि पवित्र मान्य जनको घरमा ॥४१॥

अथवा योगिनामेव कुले भवति धीमताम्।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥

मर्त्यमा पनि कुलीन कहाँ अथवा योगीको ।
कुलमा पनि जन्मिन सक्छ प्रभाव धर्मको ॥
दुर्लभ जान्नु यो जन्मलाई संसार भरमा ।
कमाई फल यही नैजान्नु योगको मार्गमा ॥४२॥

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम्।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ॥४३॥

यसरी जन्म पाएका योगी पैलेको जन्मको ।
वासना (संस्कार) बाट संझना हुन्छ कर्तव्य कर्मको ॥
ब्रह्मको मर्म यथार्थ बुझी निष्काम कर्मको ।
अभ्यास गर्छ पैलेको भन्दा झन बढी योगको ॥४३॥

श्रीभगवानुवाच
पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥

कृष्ण पैलेको जन्म अभ्यास पूरा गरेका हुनाले ।
यो जन्म महाँ खिँचीन्छ उनी यो ब्रह्म ज्ञानले ॥
समत्व बुद्धि योगको चाह उनले गर्नाले ।
वैदिक कर्मफलको त्याग भैदिन्छ योगले ॥४४॥

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ॥४५॥
यै रीतबाट कोशिश साथ उद्योग गरेर ।
क्यै जन्म पछि धोएर पाप पवित्र भएर ॥
ती कर्मयोगी योगको सिद्धि राम्ररी पाएर ।
आखिर मोक्ष पाउँछ भव सागर तरेर ॥४५॥

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ॥४६॥
तपस्या गर्ने, कर्म नै गर्ने, विद्वान ज्ञानीमा ।
विशिष्ट जन मलाई लाग्छ लागेको योगमा ॥
यसैले तिमी कर्ममा लाग निष्काम रीतले ।
हौ कर्मयोगी, कर्मनै गर लौकिक रीतले ॥४६॥

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना।
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥४७॥
ती योगीहरु मध्यमा पनि उत्तम श्रेणीको ।
आधार आफ्नो बनाई मेरो भजन गरेको ॥
श्रद्धाका साथ मेरो नै पूजा गर्नमा लागेको ।
त्यो भक्त योगी मलाई लाग्छ उत्तम श्रेणीको ॥४७॥

छैठौं अध्याय समाप्त

सातौं अध्याय

श्रीभगवानुवाच

मय्यासक्तमनाः पार्थ योगं युञ्जन्मदाश्रयः ।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥१॥

कृष्ण मकन चित्त लगाई मेरो ली एक आधार ।
तिमीले गर्दा यो कर्म योग के कस्तो सुधार ॥
आउन सक्छ तिमीमा मेरो सन्देह रहित ।
यथार्थ ज्ञान हे पार्थ ! सुन विस्तार सहित ॥१॥

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥२॥

म तिम्रो लागि रहस्य युक्त यो तत्त्व ज्ञानको ।
विस्तार साथ वर्णन गर्छु यो कर्म योगको ॥
यो जाने पछि पुनश्च अर्को संसार भरमा ।
रहन्न बाँकी बुझ्न नै पर्ने अर्जुन ! तिमीमा ॥२॥

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वत ॥३॥

हजारौं व्यक्ति मध्यमा कोही व्यक्तिले मकन ।
पाउनलाई कोशिश गर्छ हे भक्त अर्जुन ! ॥
ती योगी मध्य कोहीले मात्र मलाई चिन्दछ ।
कैवल्य मुक्ति पाउन योग्य त्यही नै मानिन्छ ॥३॥

श्रीभगवानुवाच

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च।
अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥४॥

कृष्ण पाँचौटा तत्त्व पहिले भन्छु त्यों सुन अर्जुन ! ।
पृथ्वी र पानी, आगो र हावा, आकाश यी हुन ॥
र मन, बुद्धि, अहन्ता, तीन यो पनि जोडेमा ।
प्रकृति मेरो लागेको भाग यी आठ क्रममा ॥४॥

अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम्।
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ॥५॥

हे महाबाहु ! यी मैले माथी बयान गरेको ।
प्रकृति मेरो अपरा अर्थात हो कम्ती दर्जाको ॥
अर्को छ परा प्रकृति मेरो पहिला दर्जाको ।
हो त्यही पृथ्वी धारण गर्ने जीव नै रुपको ॥५॥

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय।
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥

यो ख्याल राख यी दुई मेरा प्रकृतिबाट नै ।
संसार भर सम्पूर्ण जीव उत्पन्न हुन्छ है ॥
सम्पूर्ण विश्व रचना गर्ने प्रकृति मूल हूँ ।
उत्पत्ति पछि प्रलय गर्ने म काल रुप हूँ ॥६॥

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनंजय।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥

हे धनंजय ! मलाई छाडी संसार भरमा ।
क्वै छैन अरु म भन्दा श्रेष्ट यो तीनै लोकमा ॥
एउटै धागो संगमा मणि उनिए समान ।
सम्पूर्ण विश्व छ गाँसिएको मसंग अर्जुन ! ॥७॥

श्रीभगवानुवाच

रसोऽहमप्सु कौन्तय प्रभास्मि शशिसूर्ययोः।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥८॥

कृष्ण हे कुन्तीपुत्र ! यथार्थ सुन रस हुं जलमा ।
वेदमा म हुं ॐकार ब्रह्म, चन्द्र र सूर्यमा ॥
त्यसको तेज मलाई जान, पौरख नरको ।
शब्द हुं म नै आकाश भर ढाकिई बसेको ॥८॥

पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ।
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥

पृथ्वीमा हुने पवित्र गन्ध बुझ्नु है मकन ।
आगोको तेज मलाई जान हे प्यारा अर्जुन ! ॥
सकल प्राणीहरुमा म हुं उनको जीवन ।
तपस्या गर्ने योगीको म हुं तपस्या प्रधान ॥९॥

बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम्।
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेस्विनाम्हम् ॥१०॥

सकल ज्ञानीहरुको म हुं विवेक बुद्धि नै ।
मलाई ठान प्राणीको म हुं सनातन बीज नै ॥
ढाकेर बस्छु हे पृथापुत्र ! सम्पूर्ण विश्व नै ।
तेजस्वीहरु सबको म हुं तेजिलो तेज नै ॥१०॥

बलं बलवतां चाहं कामरागविवर्जितम्।
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥

वासना तथा आसक्ति बाट पृथक रहेको ।
बल नै म हुं शक्तिले युक्त सामर्थ्यवानको ॥
भरत श्रेष्ट अर्जुन ! सुन सकल प्राणीमा ।
रमण गर्ने हुं कामदेव चलेको धर्ममा ॥११॥

श्रीभगवानुवाच

ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये।
मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ॥१२॥

कृष्ण सात्त्विक अनि राजसि तथा तामस स्वभाव ।
आधार लिई प्रकट हुने गुणको स्वभाव ॥
यी सब सृष्टि मबाट हुन्छ गुणको प्रभाव ।
पर्दैन मं मा तिनमा मेरो हुँदैन अभाव ॥१२॥

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत्।
मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ॥१३॥

सत्त्व र रज, तामस गुण यी तीन थरिको ।
प्रभाव बाट सम्पूर्ण विश्व मोहित भएको ॥
हुंदामा यहाँ यी गुणबाट रहेको पृथक ।
अव्यय प्रभु जान्दैन म हुं तत्त्वका नायक ॥१३॥

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥१४॥

अद्भुत छ यो त्रिगुण युक्त मबाट प्रकट ।
यो योगमाया सकिन्न जान्न ज्यादै नै विकट ॥
यो मायाबाट पाउन पार मलाई चिन्हेर ।
सक्तछ छुट्न मलाई सदा चिन्तन गरेर ॥१४॥

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः।
माययापहृतज्ञाना आसुरं भावमाश्रिताः ॥१५॥

मायाले गर्दा ज्ञानको नाश भएका जनले ।
सक्तैन चिन्ह मलाई मूढ दुष्कर्मी दैत्यले ॥
भजन मेरो गर्दैनन् यिनी शरण पर्दैन ।
समान भाव कर्ममा पनि यिनको हुँदैन ॥१५॥

श्रीभगवानुवाच

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन।
आर्त्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥१६॥

कृष्ण ज्ञानको इच्छा सदैव गर्ने रोगले पिडित ।
र दु:खी जन कर्मको फल पाउन निमित्त ॥
तत्त्वको ज्ञान यथार्थ बुझ्ने निष्काम रितले ।
सदैव मेरो भजन गर्छन् यी चार भक्तले ॥१६॥

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥१७॥
यिनमा पनि ज्ञानले युक्त एकत्त्व भावले ।
भक्ति र पूजा भजन गर्छ जो भक्त जनले ॥
त्यो ज्ञानी भक्त मलाई लाग्छ उत्तम दर्जाको ।
उसको म प्यारो उ मेरो प्रिय ज्ञानले भएको ॥१७॥

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम्।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥१८॥
यी चारै भक्त उत्तम छ है परन्तु मकन ।
ज्ञानी छ प्रिय ज्ञानी नै मेरो आत्मा हो अर्जुन ! ॥
किनकी ज्ञानी मानव श्रेष्ट गति कै स्वरुप ।
मलाई मानी भजन गर्छ सदैव यै रुप ॥१८॥

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥
अनेक जन्म व्यतीत गरी ज्ञानीले भवमा ।
यो भवतत्त्व ज्ञान नै फुर्छ भक्तको मनमा ॥
वासुदेव(ब्रह्म)मय यो विश्व देख्छ समस्त जनमा ।
यो तत्त्व बुझ्ने दुर्लभ हो त्यो कहिन्छ महात्मा ॥१९॥

श्रीभगवानुवाच

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

कृष्ण विभिन्न मत स्वीकार गरी मानिसहरुले ।
मोहित भई सकल कर्म गर्छ है उनले ॥
देवताहरु पूजन गर्छ सकाम रितमा(कामको आशामा)।
अनेक पूजा मूर्तिको गर्छ ती जन भवमा ॥२०॥

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति ।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥
बिभिन्न मत स्वीकार गर्ने यी भक्तहरुले ।
जुनचाहिँ द्यौता पूजामा लाग्छ भक्ति र श्रद्धाले ॥
त्यै द्यौता पूजा श्रद्धाले गर्न भक्तको मनमा ।
अचल भक्ति बढाई दिन्छु मैले नै भवमा ॥२१॥

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।
लभते च ततः कामान्मयैव विहितान्हि तान् ॥२२॥
यो श्रद्धा द्वारा संयुक्त भक्त जुन्चाही द्यौताको ।
भजन पूजा चिन्तन गर्न कोशिश गरेको ॥
त्यै द्यौताद्वारा मैले नै यहाँ व्यवस्था गरेको ।
अनेक भोग प्रदान गर्छु निमित्त भक्तको ॥२२॥

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ।
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥
यिनको लागि नियत भोग क्षणीक रहन्छ ।
मूढको लागि कैवल्य मुक्ति दूर नै रहन्छ ॥
देवतालाई पूजन गर्ने उनैको लोकमा ।
मिल्दछ पार्थ ! मलाई जप्ने मेरो नै रुपमा ॥२३॥

श्रीभगवानुवाच

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः ।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥२४॥

कृष्ण
मेरो यो रुप अक्षय छ है तर ती मूढले ।
रहस्य यस्तो नबुझी उनी कर्मको मोहले ॥
छोपिंदा ज्ञान मलाई मान्छ मनुष्य समान ।
ज़न्मिने मर्ने संसारी जस्तै संझन्छ अर्जुन ! ॥२४॥

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।
मूढोऽयं नभिजानाति लोको मामजमव्ययम् ॥२५॥

छोपेर राख्छु म योग रुप सदैव मायाले ।
प्रकट हुन्न जनमा झट्ट आफ्नो यो रुपले ॥
अजन्मा म हुं विनाश मेरो कहिल्यै हुदैन ।
यो तत्त्वलाई ती मूढहरु कहिल्यै जान्दैन ॥२५॥

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ।
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ॥२६॥

पहिले यहाँ भै सक्ने तथा हालमा भएका ।
भविष्यमहाँ व्यतित हुने सम्पूर्ण प्राणीका ॥
बारेमा मैले एकएक गरी जान्दछु सम्पूर्ण ।
तर ती प्राणी कसैले पनि मलाई चिन्दैन ॥२६॥

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत ।
सर्वभूतानि संमोहं सर्गे यान्ति परंतप ॥२७॥

विरोधीलाई सन्ताप दिने भरत वंशमा ।
जन्मेका वीर अर्जुन ! सुन संसार भरमा ॥
सुख र दुःख इच्छा र द्वेष यी द्वन्द्व मोहले ।
सकल प्राणी छोपिन्छ सदा अज्ञान दोषले ॥२७॥

श्रीभगवानुवाच

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम्।
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ।।२८।।
कृष्ण परन्तु ज्ञानी यी दोष त्यागी पापको विनाश ।
गर्छ र मेरो त्यसैमा पर्छ निर्मल प्रकाश ॥
निष्काम कर्म योगीको पाप विनाश भएमा ।
चिन्तन मेरो सदैव गर्छ यिनले मनमा ॥२८॥

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये।
ते ब्रम्ह तद्विदुः कृत्स्नमध्यात्मं कर्मचाखिलम् ॥२९॥
यसरी मेरो चिन्तन गरी जन्म र मृत्युको ।
चक्कर बाट छुट्कारा लाई प्रयत्न गरेको ॥
त्यो जनलाई अध्यात्म ब्रह्म सम्पूर्ण कर्मको ।
रहन्छ ज्ञान पवित्र बुद्धि यथार्थ धर्मको ॥२९॥

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ॥३०॥
बादल बाफ बरफ पनि पानी कै स्वरुप ।
भएकै जस्तो योगीले देख्छ म द्यौता स्वरुप ॥
प्रधान यज्ञ र इष्ट देव मलाई संझन्छ ।
यो तत्त्वज्ञान आफसेआफ तिनमा फुर्दछ ॥ ॥
मलाई चिन्ही यी योग युक्त योगीले सर्वदा ।
विनाश गर्छ सकल पाप भवको विपदा ॥
सक्तैन छुन मोहले पनि यी योगी जनमा ।
संझना मेरो रहन्छ सदा मरण कालमा ॥३०॥

सातौं अध्याय समाप्त

आठौं अध्याय

अर्जुन उवाच

किं तद्ब्रम्ह किमध्यात्मं किं कर्मपुरुषोत्तम।
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ॥१॥

अर्जुन हे कृष्ण ! प्रभु तत्त्वको जो यो गर्नु भो बयान ।
यो तत्त्वज्ञान क्यैपनि मैले संभ्फन सकिन ॥
बह्म र कम 'अध्यात्म[1] भन्ने के कस्तो तत्त्व हो ।
अधिभूत[2]-तथा त्यो अधिदव[3] भनिने के के हा ॥१॥

अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन।
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥२॥

र अधियज्ञ[4] भनिने के हो जीवको देहमा ।
कसरी बस्छ के चिनो हुन्छ यो तत्त्वहरुमा ॥
इन्द्रियहरु वशमा लिने योगीले भवमा ।
कसरी चिन्छ हजूरलाई आखिर बेलामा ॥२॥

श्रीभगवानुवाच

अक्षरं ब्रम्ह परमं स्वभावोऽध्यात्ममुच्यते।
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः ॥३॥

कृष्ण बह्म हो बुझ अक्षय तत्त्व जीवात्मा भनेको ।
अध्यात्म नै हो र बह्मबाट यो विश्व भरको ॥
सम्पूर्ण प्राणी उत्पत्ति गर्ने यो सृष्टि व्यापार ।
भनिन्छ कर्म प्रकृतिलाई यही छ आधार ॥३॥

१. आत्मा वा व्यक्तिसंग सम्बन्ध राख्ने २. परमेश्वर ३. इष्ट देव ४. प्रधान यज्ञ

श्रीभगवानुवाच

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम्।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥४॥

कृष्ण अधिभूत[२] मान्नु नाशिनेलाई, चेतन पुरुष ।
हुंदैन नाश अधिदैवत[३] हो प्राण पुरुष ॥
म अधियज्ञ[४] यही हो सब यज्ञको मालिक ।
देहीमा श्रेष्ट मलाई चिन्ह देहको नायक ॥४॥

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम्।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥५॥

मृत्युको क्षण नजिक आई पुगेको बेलामा ।
मलाई संझी शरीर त्याग जन्ले गरेमा ॥
त्यो व्यक्ति मेरो स्वरुप महाँ मिल्छ है अवश्य ।
यो मेरो कुरा तिमीले मान फालेर संशय ॥५॥

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम्।
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ॥६॥

जीवन भरि कर्ममा लाग्दा जे भाव संझेर ।
गरेको हुन्छ त्यै भावलाई संझन्छ आखिर ॥
जे भाव संझी शरीर त्याग प्राणीले गर्दछ ।
त्यही नै रुप साथमा मिल्न त्यो जीव पुग्दछ ॥६॥

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७॥

त्यसैले सदा मलाई संझ गर यो लडाई ।
सुस्थिर पार मन र बुद्धि कर्ममा लगाई ॥
त्यो कर्म फल सम्पूर्ण मं मा तिमीले चढाई ।
कर्म नै गर मिल्ने छौ मं मा कर्तव्य पुऱ्याई ॥७॥

२. परमेश्वर ३. इष्ट देव ४. प्रधान यज्ञ

श्रीभगवानुवाच

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ।।८।।

कृष्ण कर्तव्य च्यूत नभई पार्थ ! नियम पूर्वक ।
ईश्वर ध्यान अभ्यास गर्ने ती योगी धार्मिक ॥
सदैव चिन्तन मनन गरी प्रकाश स्वरुप ।
पुरुषहरु पाउन सक्छ त्यै दिव्य स्वरुप ॥८॥

कविं पुराणमनुशासितार-
मणोरणीयांसमनुस्मरेद्यः ।
सर्वस्य धातारमचिन्त्यरुप-
मादित्यवर्णं तमसः परस्तात् ॥९॥

सर्वज्ञ तथा अनादि अनि शाशक सबको ।
सुक्ष्ममा पनि अत्यन्त सुक्ष्म, पोषक सबको ॥
अचिन्त्य रुप, उज्ज्वल रुप सूर्य कै समान ।
पवित्र जानी अविद्या नाशी जो गर्छ भजन ॥९॥

प्रयाणकाले मनसाचलेन
भक्त्या युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक्
स तं परं पुरुषमुपैति दिव्यम् ॥१०॥

आखिर बेला इन्द्रियहरु ली आफ्नो वशमा ।
खिँचेर प्राण योगको द्वारा आँखी भौं बीचमा ॥
ईश्वर जानी सदैव गर्छ मेरो नै भजन ।
भै देहत्यागी मसंग मिल्छ ली मेरो चिन्तन ॥१०॥

श्रीभगवानुवाच
यदक्षरं वेदविदो वदन्ति
विशन्ति यद्यतयो वीतरागाः।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति
तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥११॥

कृष्ण जसलाई भन्छ उत्तम ब्रह्म वेदज्ञहरुले ।
कोशिश गर्छ जे जेमा जान सकल मुनिले ॥
त्यो पद अर्थात ॐकार ब्रह्म संक्षेप रुपले ।
वर्णन गर्छु अर्जुन सुन एकाग्र मनले ॥११॥

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥१२॥
शरीर भरि ढाकिई बस्ने इन्द्रियहरुको ।
सम्पूर्ण ढोका वशमा हुन्छ योगीले लिएको ॥
चंचल मन सुस्थिर गरी हृदय बीचमा ।
मस्तक भित्र पुऱ्याई प्राण समाधि योगमा ॥१२॥

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन्।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥१३॥
रहेर एक ॐकार ब्रह्म र त्यसको मालिक ।
मलाई संझी शरीर त्याग गर्ने ती धार्मिक ॥
बन्धन बिना कैवल्य मुक्ति उसले पाउँछ ।
त्यो घाम मेरो म बस्छु तहीं मलाई पाउँछ ॥१३॥

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः।
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ॥१४॥
जो व्यक्ति मं मा एकाग्र भक्ति गर्दछ सर्वदा ।
स्मरण गर्छ, मनन गर्छ, फुर्सत पाउँदा ॥
हर्दम मेरो भक्तिमा लाग्ने यी भक्त योगीले ।
पाउने मै हुं भक्तिले गर्दा सजिलो रीतलें ॥१४॥

श्रीभगवानुवाच

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम्।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ॥१५॥

कृष्ण परम सिद्धि कैवल्य मुक्ति पाएका योगीले ।
मसंग मिली सारुप्य मेरो पाएकाहरुले ॥
दुःखको घर अनित्य रुप भवमा आउन ।
जन्म र मृत्यु गर्भको दुःख उनमा पर्दैन ॥१५॥

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥१६॥

स्वर्गादि लोक ब्रह्माजी सम्म पुगेका ज़नले ।
मर्त्यमा फेरि जन्मनु पर्छ उनका भक्तले ॥
मसंग मिल्ने ती योगीजन फर्कनु पर्दैन ।
जन्मनु पर्ने गर्भको दुःख योगीमा पर्दैन ॥१६॥

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः।
रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः ॥१७॥

सत्य, र त्रेता, द्वापर, कलि यी चार युगको ।
तत्त्वका ज्ञानी गणना गर्छ, एक महाँ युगको ॥
हजार महाँ युगको मान्छ ब्रह्माको एक दिन् ।
रातको पनि समय यत्ति गणना गर्दछन् ॥१७॥

अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके ॥१८॥

ब्रह्माको दिन प्रारम्भ हूदा सम्पूर्ण प्राणीको ।
सृष्टिको काम प्रारंभ हुन्छ चेतन जडको ॥
ब्रह्माले गर्छ रातमा आफ्नो सृष्टिको प्रलय ।
शरीरबाट उत्पन्न गर्छ देहमै विलय ॥१८॥

श्रीभगवानुवाच

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते।
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ॥१९॥

कृष्ण ब्रह्माले आफ्नो एकसय वर्ष यही नै क्रममा ।
सृष्टि र लय सदैव गर्छ दिन र रातमा ॥
जन्मने मर्ने अनिच्छा, इच्छा जे सुकै भएमा ।
प्रपञ्च यही सदैव चल्छ भवका प्राणीमा ॥१९॥

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

यो देखि पर सनातन ब्रह्म रहेको एक छ ।
योगीले देख्ने यो तत्त्वलाई अव्यक्त कहिन्छ ॥
विनाश यसको हुदैन कैल्यै हे वीर अर्जुन ! ।
प्राणीको नाश संसार नाश भएमा नासिन्न ॥२०॥

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम्।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥

अक्षर तथा परम गति यसलाई कहिन्छ ।
यो पाए पछि फर्कन फेरि नपर्ने मानिन्छ ॥
निर्वाह मेरो भएको जान यही नै घरमा ।
अक्षर ब्रह्म योगीले देख्छ उत्तम लोकमा ॥२१॥

पुरुषःस परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया।
यस्यान्तः स्थानि भूतानि ये न सर्वमिदं ततम् ॥२२॥

निवास मेरो त्यहीं नै हुन्छ छन् सबै जीव नै ।
व्यापित हुन्छ प्रपञ्च द्वारा सम्पूर्ण विश्व नै ॥
योगीले मात्र पाउन सक्छ सुलभ रीतले ।
यसैमा पुग्ने कल्पना गर्छ मनुष्य सबले ॥२२॥

श्रीभगवानुवाच

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ॥२३॥

कृष्ण समय पनि नियत छ है मृत्युको निमित्त ।
योगमा लाग्ने ती जनलाई समय निश्चित ॥
जहिले मर्दा भवमा फेरि फर्कनु पर्दैन ।
कहिले मरे फर्कनु पर्छ त्यो सुन अर्जुन ! ॥२३॥

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम्।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥२४॥

उत्तरायण, आगो र दिन र शुक्ल पक्षमा ।
मरेका योगी जन्मन फेरि नपर्ने भवमा ॥
यी दिन महाँ मरेका योगी योगले गर्दामा ।
सरासर जान्छ सनातन् ब्रह्म बैकुण्ठ लोकमा ॥२४॥

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम्।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥२५॥

दक्षिणायन, धूवाँ या रात र कृष्ण पक्षमा ।
मरेका योगी जन्मन पर्ने फेरि यो भवमा ॥
यी दिन महाँ मरेका योगी स्वर्गादि लोकमा ।
पुण्यले बसी फर्कन्छ फेरि यही नै भवमा ॥२५॥

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते।
एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः ॥२६॥

शुक्ल र कृष्ण दुइटा बाटो शास्त्रले मानेको ।
मर्त्यमा बस्ने योगीको लागि धर्मले दिएको ॥
एउटा (अघिल्लो) बाटो पक्रेर गए पुगिने स्वर्गमा ।
अर्कोमा लागे जन्मनु पर्ने फेरि यो भवमा ॥२६॥

श्रीभगवानुवाच
नैते सृती पार्थ जानन्योगी मुह्यति कश्चन।
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥

कृष्ण यो तत्त्वज्ञान जानेका योगी कर्तव्य कर्ममा ।
प्रयत्न गर्दा कहिल्यै पनि पर्दैनं मोहमा ॥
यो कुरा बुझी अर्जुन ! तिमी कर्तव्य कर्ममा ।
सदैव लाग समत्व बुद्धि रुपको योगमा ॥२७॥

वेदेषु यज्ञेषु तपःसु चैव
दानेषु यत्पुण्यफलं प्रदिष्टम्।
अत्येति तत्सर्वमिदं विदित्वा
योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥
यज्ञ र दान, तपस्या गर्दा जो फल मिल्दछ ।
भन्ने जो वेद पुराणमहाँ बयान मिल्दछ ॥
त्यो सब नाघी यो तत्त्व जान्ने ब्रह्म नै पाउँछ ।
ब्रह्म नै म हुं मलाई पाई मुक्ति नै पाउँछ ॥२८॥

आठौं अध्याय समाप्त

नवौं अध्याय

श्रीभगवानुवाच

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

कृष्ण दुर्गुण देख्ने होइनौ तिमी यसैले अर्जुन ! ।
विज्ञान युक्त यो गोप्य ज्ञान गर्छु म व्याख्यान ॥
यो जानेपछि पाप र ताप रहित हुनेछौ ।
सकल मोह समाप्त भई पवित्र हुनेछौ ॥१॥

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम्।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥

यो ज्ञान सबै गोप्यमा राजा विद्यामा उत्तम ।
छिटै नै यहाँ सुख र ज्ञान पाइन्छ स्वयम ॥
धर्मले युक्त यो ज्ञान कैल्यै नाँसिदै नासिन्न ।
पाइन्छ सुख यो ज्ञान बाट गरेमा मनन ॥२॥

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परंतप।
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

श्रद्धा र भक्ति यो ज्ञान माथि नराख्ने मनुष्य ।
मलाई यिनी कहिल्यै पनि पाउन्न अवश्य ॥
जन्म र मृत्यु संसार चक्र कहिल्यै छुट्दैन ।
त्यस्ताले मुक्ति कहिल्यैपनि पाउन सक्तैन ॥३॥

श्रीभगवानुवाच

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ॥४॥

कृष्ण जगतलाई मैले यो आफ्नो अव्यक्त रुपले ।
ढाकेर राख्छु वरफ जस्तै ढाकिन्छ पानीले ॥
प्राणीको सृष्टि संकल्पबाट गर्छु म अर्जुन ! ।
यो सृष्टिसंग रहेको म नै भन्ने यो नठान ॥४॥

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम्।
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥

सम्पूर्ण प्राणी म बाट यहाँ भएको उत्पन्न ।
हो तर यिनी मसंग पनि रहेको होइन ॥
ईश्वर बाट सम्पूर्ण कर्म भएको अर्जुन ! ।
आश्चर्य लाग्दो योगको कस्तो सामर्थ्य हेरन ॥.॥

मेरो यो आत्मा सम्पूर्ण प्राणी गर्छ है उत्पन्न ।
जन्मेका प्राणी सबको गर्छ यसैले पालन ॥
धारण पनि गर्ने नै यो हो तर हे अर्जुन ! ॥
भवका प्राणी संगमा म ता रहेको होइन ॥५॥

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान्।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥

हावाको सृष्टि आकाश गर्छ त्यो हावा महान ।
सर्वत्र घुम्छ निवास गर्छ आकाश हो स्थान ॥
त्यस्तै नै बुझ उत्पन्न हुन्छ मबाट प्राणीको ।
निवास गर्ने आश्रय लिने म संगै यिनको ॥६॥

श्रीभगवानुवाच

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम्।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम्॥७॥

कृष्ण यी प्राणीहरु कल्पको यहाँ प्रलय हुंदामा ।
एकत्र भई रहेको हुन्छ प्रकृति रुपमा ॥
कल्पको फेरि प्रारम्भ हुंदा गर्छु म कल्पना ।
ब्रह्माको दिन प्रारम्भ हुंदा गर्छु म सिर्जना ॥७॥

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात्॥८॥
सिर्जना गर्दा प्रकृतिलाई म लिन्छु हातमा ।
सिर्जना गर्छु सकल प्राणी गुणको वशमा ॥
सत्त्व र रज तामस जस्ता स्वभाव गुणमा ।
परवश् भई सकल प्राणी जन्मिन्छ भवमा ॥८॥

न च मां तानि कर्माणि निबध्नन्ति धनंजय।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु॥९॥
सिर्जना गर्ने काममा वास्ता क्यै पनि गर्दिन ।
विनाश भए मनमा क्लेश प्रवेश हुदैन ॥
यसैले काम मबाट चल्छ त्यसको मोहमा ।
पर्दिन म त कहिल्यै पनि कर्मको बन्धनमा ॥९॥

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम्।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते॥१०॥
सिर्जना साथै प्रलय गर्छु नियम पूर्वक ।
प्रपञ्चहरु सबको म हुं प्रमुख मालिक ॥
यै रीतबाट प्रलय तथा सिर्जना रुपको ।
चक्रमा घुम्छ कारण युक्त बन्धन भवको ॥१०॥

श्रीभगवानुवाच

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ।
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

कृष्ण मूढले मात्र यो रुपलाई यथार्थ बुभ्दैन ।
जीवको मुख्य ईश्वर म हुं मलाई चिन्दैन ॥
मनुष्य रुप धारण गर्ने साधारण मानिस ।
भन्ने नै बुझी गर्छ है हेला अज्ञानी पुरुष ॥११॥

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः ।
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥

अज्ञानीहरु राक्षसी तथा असुर सरिको ।
मोहमा पार्ने स्वभावलाई हुन्छ है लिएको ॥
यस्ताको आशा, कल्पना, कर्म व्यर्थ छ सकल ।
ज्ञानमा पनि राक्षसी(आसुरी)भाव अँगाल्छ फजूल ॥१२॥

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥

सदैव दैवि प्रकृतिको नै आश्रय ग्रहण ।
गर्ने ती मुनि कहिल्यै पनि नासिँदै नासिन्न ॥
मलाई चिन्छ प्राणीको आदि हो भन्ने मनले ।
अर्चना गर्छ एकाग्र भई ईश्वर भावले ॥१३॥

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥

यी दृढव्रत कर्ममा लाग्ने सकल योगीले ।
योगले युक्त भैकन गर्छ कीर्तन मनले ॥
प्रणाम गरी भक्तिका साथ ॐकार रुपको ।
मलाई मानी चिन्तन गर्छ योगीले ब्रह्मको ॥१४॥

श्रीभगवानुवाच

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥

कृष्ण तीं कर्मयोगीहरुले पनि आराधन् उपासन् ।
योगले युक्त कीर्तन गर्छ्र सधैं भै यत्नवान् ॥
कसैले देखे एउटै तत्त्व पृथक कसैले ।
उनले गर्छन् मेरो नै पूजा यथार्थ ज्ञानले ॥१५॥

अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम्।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥
म श्रौत यज्ञ, म स्मार्त यज्ञ औषधि म हुँ है ।
श्राद्धमा पितृहरुमा अर्पण गरिने अन्न नै ॥
यज्ञको लागि उत्पन्न यहाँ भएको अन्न हुं ।
हवन गर्दा पढिने मन्त्र भन्छु म आफै हूं ॥.॥
यज्ञमा होम गर्नको लागि तयार पारेको ।
घिउ हुं म त, आगो हुं म नै जनले पूजेको ॥
हवन गर्दा गरिने कर्म इत्यादिहरुमा ।
होम नै म हुं धर्मले युक्त हो कर्म भवमा ॥१६॥

पिताहमस्य जगतो माता धाता पितामहः।
वेद्यं पवित्रमोंकार ऋक्साम यजुरेव च ॥१७॥
जगतलाई धारण गर्ने पालन पोषण ।
गर्ने हुं म नै कर्मको फल जनमा प्रदान ॥
आमा र बाबु, बाजे हुं म त विश्वको आधार ।
जानिन योग्य पवित्र ज्ञान म विना के छ र ॥.॥
ऋग्वेद म हुं, म सामवेद, म यजुर्वेद हुं ।
वेदमा पैले उच्चारण हुने ॐकार शब्द हुं ॥
संसार भर जे जे छन यहाँ मेरो नै आधार ।
पाएर मात्र त्यसमा हुन्छ प्राणको संञ्चार ॥१७॥

श्रीभगवानुवाच

गतिर्भर्ता प्रभुःसाक्षी निवासः शरणं सुहृत् ।
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥१८॥

कृष्ण सबको गति, पोषक, साक्षी, मालिक, निवास ।
शरणदाता, साथी हुं गर्ने सृष्टि र विनाश ॥
कारणी, अनि त्रिलोक भर विनाश नहुने ।
भारत ! म हुं प्राणीको आदि सन्तान बीजनै ॥१८॥

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥
सूर्यको रुप लिएर तातो यो विश्व पार्दछु ।
म रोक्छु वर्षा, वर्षामा पानी प्रदान गर्दछु ॥
नमर्ने, मर्ने, अनित्य, नित्य सम्पूर्ण कर्मको ।
केवल म हुं यथार्थतत्त्व सम्पूर्ण भवको ॥१९॥

त्रैविद्या मां सोमपाः पूतपापा
यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते ।
ते पुण्यमासाद्य सुरेन्द्रलोक -
मश्नन्ति दिव्यान्दिवि देवभोगान् ।।२०।।
ऋक्, यजु, साम त्रिवेदी कर्म गर्ने ती मनुष्य ।
जनको सुन रहन्छ कस्तो उनको भविष्य ॥
सोमयाग गर्ने निस्पापीहरु स्वर्ग(इन्द्र)लोक पाउँछ ।
देवता द्वारा भोगिने भोग सम्पूर्ण पाउँछ ॥२०॥



श्रीभगवानुवाच
ते तं भुक्त्वा स्वर्गलोकं विशालं
क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति।
एवं त्रयीधर्ममनुप्रपन्ना
गतागतं कामकामा लभन्ते ॥२१॥

कृष्ण विशाल स्वर्गलोकको भोग सम्पूर्ण भोगेर ।
ती योगीहरु आउँछन् फेरि मर्त्यमा फर्केर ॥
आसक्ति लिने सदैव लाग्ने वैदिक कर्ममा ।
यिनै हुन् घुम्ने जन्म मृत्यु संसार चक्रमा ॥२१॥

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥
एकाग्र भक्ति जो जन गर्छ मेरो नै सर्वदा ।
समाप्त गर्छु भवमा पनि त्यसको विपदा ॥
रहन्न बाँकी पाउन पनि जीवन भरमा ।
मिलाई दिन्छु यी जनलाई मेरो नै रुपमा ॥२२॥

येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ।
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥२३॥
यो ब्रह्मज्ञान नजानी कन अल्मल परेको ।
जो जन गर्छ भक्तिले पूजा देवताहरुको ॥
त्यो पूजा विधिपूर्वक यहाँ सम्पन्न भएको ।
मान्दिन तर त्यो पूजा ठान्छु मेरो नै भएको ॥२३॥

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च।
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ॥२४॥
किनकी म हूं यज्ञका भोक्ता मालिक सबको ।
यो तत्त्वलाई ती जनहरु हुदैनन् बुझेको ॥
यसैले गर्दा जनको यहाँ पतन भएको ।
देखिन्छ सदा सकाम कर्म गर्ने ती योगीको ॥२४॥

श्रीभगवानुवाच

यान्ति देवव्रता देवान्पितृन्यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ॥२५॥

कृष्ण देवता पूजा गर्ने ती पुग्छन् देवता लोकमा ।
पितृको पूजा गर्नेती पुग्छन् पितृको लोकमा ॥
भूतका भक्त आखिर पुग्छ भूतकै लोकमा ।
मलाई पूज्ने ती भक्त बस्छन् वैकुण्ठ[1] लोकमा ॥२५॥

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥

मलाई संझी भक्तिले पात, फूल वा फल नै ।
अर्पण गर्छ श्रद्धाका साथ एक मुठी पानी नै ॥
भने त पार्थ ! निष्काम मेरो भक्तले दिएको ।
स्वीकार गर्छु त्यो चीजलाई भक्तिले भिजेको ॥२६॥

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यासि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥२७॥

यसैले सुन अर्जुन ! तिमी जे काम गर्दछौ ।
तपस्या, दान, भोजन, होम इत्यादि गर्दछौ ॥
भने त पैले मलाई संझी सम्पूर्ण अर्पण ।
मकन गर गरेमा यसो हुनेछौ सम्पन्न ॥२७॥

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥२८॥

यसरी कर्म अर्पण गरी मलाई सम्पूर्ण ।
योगले युक्त भएका तिमी कर्मको बन्धन ॥
चुडाई शुद्ध चित्तले तिमी मुक्त नै हुनेछौ ।
मुक्तिको साथ मलाई पनि पाउन सक्ने छौ ॥२८॥

---

१. सनातन ब्रह्मलोक जो अक्षय छ ।

श्रीभगवानुवाच

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥२९॥

कृष्ण समान रुपले म बस्छु सदा सकल जीवमा ।
अप्रिय, प्रिय ती छैनन् कुनै यो बुभ्नु मनमा ॥
जो भक्ति गर्छन् उनैमा म छु म मा ती जन छन्।
मलाई सदा ती भक्तजन वशमा पार्दछन् ॥२९॥

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक्।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥३०॥

ज्यादै नै दुष्ट भएता पनि यदि त्यो जनले ।
मलाई चिन्ही एकाग्र भक्ति गरेमा उनले ॥
मद्भक्त हुंदा त्यो व्यक्ति पनि साधु नै मानिन्छ ।
किनकी त्यसको बुद्धिले सदा सुमार्ग पक्रन्छ ॥३०॥

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति।
कौन्तेय प्रति जानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

भजन मेरो सदैव गर्दा धर्मात्मा सज्जन ।
छिटै नै भई अक्षय शान्ति सक्तछ पाउन ॥
यो कुरालाई मनमा राख तिमीले अर्जुन ! ॥
मद्भक्तजन कहिल्यैपनि नासिंदै नासिन्न ॥३१॥

मां हि पार्थव्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥

हे पृथापुत्र अर्जुन ! सुन जनताहरु र ।
वैश्य र शूद्र, सदैव बस्ने पापमा डुबेर ॥
जो सुकै होस तापनि मेरो शरण पर्नाले ।
पाउन सक्छ कैवल्य मुक्ति ती भक्त जनले ॥३२॥

श्रीभगवानुवाच

कि पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा।
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥

कृष्ण भने ती उच्च ब्राह्मण, क्षत्री मद्भक्त भएको ।
जनको लागि के गर्नुपर्‍यो वर्णन सबको ॥
दुःखको खानी मर्त्यमा बस्छौ तिमीले अर्जुन ! ॥
संधै नै गर भक्तिका साथ मेरो नै भजन ॥३३॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥३४॥

मलाई पूज भक्तिका साथ हृदय लगाऊ ।
ईश्वर जान, योगमा आफ्नो आसन जमाऊ ॥
यो रीतबाट मलाई तिमी पाउन सक्तछौ ।
सारुप्य मेरो पाउन योग्य तिमी नै हुनेछौ ॥३४॥

नवौं अध्याय समाप्त

दशौं अध्याय

श्रीभगवानुवाच

भूय एव महाबाहो श्रृणु मे परमं वचः।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

कृष्ण मेरा यी ज्ञान सम्बन्धी कुरा सुनेर प्रसन्न ।
भएका तिमी म भक्तलाई हितका साधन ॥
सम्बन्धी कुरा भन्छु म केही सुन हे अर्जुन ! ।
आफ्नो नै हित हुने नै ठानी गर्नु है मनन ॥१॥

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः।
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥

देवता तथा महर्षिहरु म जन्म भएको ।
सम्बन्धी कुरा जान्दैनन् उनी म सृष्टि भएको ॥
किनकी म ता देवता तथा महर्षिहरुको ।
उत्पन्न गर्ने सनातन् बीज यी सब जीबको ॥२॥

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम्।
असंमूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥

मलाई जसले अजन्मा तथा अनादि ईश्वर ।
तत्त्वले युक्त छ भन्ने जान्ने मनुष्य भएर ॥
मानिस मध्य पण्डित अनि त्यो ज्ञानी हुंदामा ।
सम्पूर्ण पाप समाप्त गरी त्यो पुग्छ ब्रह्ममा ॥३॥

श्रीभगवानुवाच

बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च॥४॥

कृष्ण बुद्धि र ज्ञान, क्षमा र सत्य, बेहोश नहुनु।
मन र सारा इन्द्रियहरु वशमा रहनु॥
सुख वा दुःख, उत्पत्ति तथा सृष्टिको विनाश।
अभय, भय इत्यादि कुरा बुझ्छ है क्रमशः॥४॥

अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः॥५॥

अहिंसा तथा समता, खुसी (तुष्टि) दान र धर्म र।
तपस्या, यश, अयश आदि विभिन्न विकार॥
प्राणीमा सदा देखिने भाव म बाट उत्पन्न।
भएको भन्ने तिमीले जान यी कुरा अर्जुन !॥५॥

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा।
मद्‌भावा मानसा जाता येषां लोक इमाः प्रजाः॥६॥

सातौटा ऋषि, पैलेका चार, चौध ती मनुको।
रचना भयो मबाट पैले कल्पना मनको॥
यै क्रम संग यी मनुबाट विश्वका प्रजाको।
निर्माण भयो क्रमशः गरी सन्तान मनुको॥६॥

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः।
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः॥७॥

विभूति तथा योगको शक्ति यथार्थ पूर्वक।
जान्दछ जसले मानिन्छ त्यही उत्तम धार्मिक॥
सुस्थिर कर्म योगको प्राप्ती उसमा अवश्य।
हुन्छ है यसमा रहन्न केही सन्देह निश्चय॥७॥

श्रीभगवानुवाच

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥

कृष्ण
उत्पत्ति स्थान सबको म हुं मबाटै जगको ।
व्यभार सारा चलेको भन्ने योगीले मानेको ॥
हुंदामा श्रद्धा भक्तिका साथ योगीले अर्जुन ! ।
सदैव गर्छ ईश्वर जानी मेरो नै भजन ॥८॥

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम्।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥
अटल भक्ति भएको हुंदा हर्दम मकन ।
मन र प्राण अर्पण गरी गुणको मनन ॥
आपस महाँ प्रचार गरी प्रसन्न रहन्छ ।
म ब्रह्म मय ईश्वर संग रमाई रहन्छ ॥९॥

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम्।
ददामि बुद्धियोगं तं येन मामुपयन्ति ते ॥१०॥
यसरी मेरो ध्यानमा सदा प्रवृत्त भएको ।
ती भक्तलाई यथार्थ ज्ञान विवेक बुद्धिको ॥
समत्व योग प्रदान गर्छु, त्यो प्राप्त हुनाले ।
मलाई पनि पाउन सक्छ ती भक्त जनले ॥१०॥

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥
आशिष मेरो प्रदान गर्न आत्मामा निवास ।
गरेर सदा प्रदान गर्छु ज्ञानको प्रकाश ॥
अज्ञान जन्य तमको गर्छु सर्वदा विनाश ।
भक्तको रक्षा गर्ने नै मेरो निर्मल प्रकाश ॥११॥

अर्जुन उवाच

परं ब्रह्म परं धाम पवित्रं परमं भवान्।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥

अर्जुन हजूर आफै यो विश्व ढाक्ने ब्रह्म र ईश्वर ।
चोखो र दिव्य, सनातन् आदि द्यौताको ईश्वर ॥
उत्तम स्थान कहिल्यै पनि उत्पन्न नहुने ।
प्रलय हुंदा विनाश पनि कहिल्यै नहुने ॥१२॥

आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा।
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ॥१३॥
भन्दछन् सबै भवका ऋषि, असित, देवल ।
महर्षि व्यास, त्रीलोक घुम्ने देवर्षि नारद ॥
तत्त्वको व्याख्या हुंदामा यहाँ हजूर आफैले ।
भन्नु भो त्यही तात्त्विक कुरा मलाई अहिले ॥१३॥

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव।
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥
हजूर बाट पाएको मैले सकल आदेश ।
ग्रहण (पालन) योग्य उचित ठान्छु सकल आदेश ॥
यो तत्त्व ज्ञान देवता तथा दानव सबमा ।
प्रचार हुन सकेको छैन रहस्य तिनमा ॥१४॥

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम।
भूतभावन भूतेश देवदेव जगत्पते ॥१५॥
यी भूतप्राणी सबको प्रभु उत्पति कारण ।
यी भूतप्राणी सबको गर्ने पालन पोषण ॥
द्यौताको पनि देवता प्रभु हे पुरुषोत्तम ! ।
जान्दैन कोही हजूर चिन्ने हजूरै स्वयम ॥१५॥

अर्जुन उवाच

वक्तुमर्हस्यषेशेण दिव्या ह्यात्मविभूतयः ।
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥

अर्जुन हजूर मात्र लायक देख्छु यो तत्त्व ज्ञानको ।
यथार्थ साथ वर्णन गर्ने सामर्थ्य भएको ॥
जगत लाई छोपेर राख्ने विभूति योगको ।
आज्ञा होस प्रभु खुलस्त गरी विभूति बारेको ॥१६॥

कथं विद्यामहं योगिस्त्वां सदा परिचिन्तयन् ।
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥

हे योगेश्वर ! कसरी मैले गरुँ म चिन्तन ।
हजूरलाई कसरी जानुं र गरुँ भजन ॥
संसार भर रहेको सबै चर र अचर ।
पदार्थ के मा म ध्यान गरुँ हे हरि भनेर ॥१७॥

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन ।
भूयः कथय तृप्तिर्हि श्रृण्वतो नास्ति मेऽमृतम् ॥१८॥

हे कृष्ण आफ्नो विभूतिहरु र योग शक्तिको ।
विस्तार साथ चाहन्छु सुन्न शुशिक्षा प्रभुको ॥
अमृत तुल्य वचन सुन्दा मलाई मनमा ।
हुंदैन तृप्ति उत्कण्ठा बढ्छ यो ज्ञान सुन्नमा ॥१८॥

श्रीभगवानुवाच

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ।
प्राधान्यतः कूरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥

कृष्ण लौ हुन्छ सुन हे कुरुश्रेष्ठ ! त्यो दिव्य अद्भूत ।
म भन्छु मेरा विभूतिहरु प्रपंच सहित ॥
बयान गरी सकिन्न सबै बिस्तार रुपले ।
ती मध्य मुख्य विभूति बारे भन्छु म अहिले ॥१९॥

श्रीभगवानुवाच

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः।
अहमादिश्च मध्यं च भूतानामन्त एव च॥२०॥

कृष्ण प्राणीको साथ हृदय भित्र बसेको आत्मा हुं।
यी भूत प्राणी सबको सृष्टि गर्ने म आफै हुं॥
पालन गर्ने हुंदामा यहाँ म मध्य मानिन्छु।
मसंग मिल्ने प्रलय हुंदा म अन्त मानिन्छु॥२०॥

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान्।
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी॥२१॥

अदिति बाट जन्मेको बाह्र छोरामा विष्णु हुं।
तेजमा म ता किरण युक्त भएको सूर्य हुं॥
उन्चास वायु मध्यमा म ता मरीचि वायु हुं।
नक्षत्रहरु मध्यमा मुख्य चन्द्रमा भन्ने हुं॥२१॥

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना॥२२॥

तीनौटा वेदहरुमा म हुं सामवेद नामक।
द्यौतामा म हुं स्वयम इन्द्र द्यौताको शाशक॥
मलाई जान इन्द्रियहरु मध्यमा मन नै।
यी भूत प्राणीहरुमा म हुं जीवन शक्ति नै॥२२॥

रुद्राणां शंकरश्चास्मि वितेशो यक्षरक्षसाम्।
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम्॥२३॥

एघार रुद्र मध्यमा म हुं प्रमुख शंकर।
राक्षस, यक्ष, धनको स्वामी म नै हुं कुवेर॥
पावक म हुं यी आठवसुहरुका मध्यमा।
सुमेरु म हुं शिखर वाला पर्वतहरुमा॥२३॥

श्रीभगवानुवाच

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम्।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥

कृष्ण ब्रेस्पति(बृहस्पति) म हुं पुरोहित मध्य प्रमुख जनमा ।
स्कन्द नै म हुं फौजको मुख्य नाइकेहरुमा ॥
तलाउहरु मध्यमा मुख्य हे पार्थ ! अर्जुन ! ।
समुद्र म हुं यो कुरा तिमी यथार्थ बुझ्न ॥२४॥

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम्।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥

मलाई तिमी भृगु नै ठान महर्षिहरुमा ।
ॐकार म हुं अक्षर एक सम्पूर्ण बोलीमा ॥
हुं जप यज्ञ अर्जुन ! म ता सम्पूर्ण यज्ञमा ।
हिमाल म हुं स्थावर सबै पदार्थहरुमा ॥२५॥

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ॥२६॥

पिप्पल बृक्ष मलाई जान सम्पूर्ण रुखमा ।
नारद म हुं स्वर्गमा बस्ने देवर्षिहरुमा ॥
हुं चित्ररथ नामको मुख्य गन्धर्वहरुमा ।
कपिल मुनि रुपमा म हुं यी सिद्धहरुमा ॥२६॥

उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम्।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥

समुद्रलाई मथन गर्दा उत्पन्न भएको ।
हुं उच्चैःश्रवा नामक घोडा उत्तम जातको ॥
हुं ऐरावत नामक हात्ती उत्तम हात्तीमा ।
राजा हो भन्ने निश्चय जान मानिसहरुमा ॥२७॥

श्रीभगवानुवाच

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक्।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥

कृष्ण वज्र हुं भन्छु किटान साथ हतियारहरुमा ।
हुं कामधेनु नामक गाई सम्पूर्ण गाईमा ॥
म कामदेव सकल प्रजा उत्पन्न गर्नेमा ।
वासुकि म हुं सर्पका राजा सबै नै सर्पमा ॥२८॥

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम्।
पितृणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

अनन्त शेष नामक नाग हुं नागहरुमा ।
वरुण म हुं जलमा बस्ने यावत प्राणीमा ॥
अर्यमा म हुं प्रमुख पितृ ती पितृहरुमा ।
म यमराज भन्ने नै जान शासन गर्नेमा ॥२९॥

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम्।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

दैत्यका राजा प्रह्लाद म हुं ती दैत्य गणमा ।
समय म हुं क्षण र दिन मैन्हाको गन्तिमा ॥
सिंह हुं सारा जंगली पशुहरुका मध्यमा ।
गरुड म हुं चराका राजा सकल पक्षीमा ॥३०॥

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम्।
झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी ॥३१॥

वेगवान तथा पवित्र वस्तु मध्यमा वायु हुं ।
ती शस्त्रधारीहरुमा श्रेष्ठ म रामचन्द्र हुं ॥
गोही हुं म ता माछाका सारा अनेक जातमा ।
म भागीरथी गंगा हुं सारा नदी र खोलामा ॥३१॥

श्रीभगवानुवाच

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

कृष्ण मलाई जान्नु सृष्टिको आदि मध्य र अन्त नै ।
विद्यामा म हुं अध्यात्म विद्या उत्तम विद्या नै॥
झगडा गर्ने जनताहरु सबका मध्यमा ।
अर्जुन ! जान निर्णय दिने ती दुई पक्षमा ॥३२॥

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च।
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥

अकार म हुं वर्णका सबै अक्षरहरुमा ।
द्वन्द्व नै नामको समास म हुं समासहरुमा ॥
अक्षय रुप कालको पनि म महाकाल हुं ।
विराटस्वरुप सबको यहाँ धारण गर्ने हुं ॥३३॥

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम्।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिःक्षमा ॥३४॥

मृत्यु हुं म नै सबको यहाँ विनाश गर्नेमा ।
उत्पत्ति हुने कारण म हुं सम्पूर्ण सृष्टिमा ॥
नारीमा म हुं श्री कीर्ति, मेधा, वाक्, धृतिक्षमा नै ।
र स्मृति म हुं प्रमुख-गुण नारीमा हुने नै ॥३४॥

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम्।
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥

म बृहत्साम गाउन योग्य सम्पूर्ण श्रुतिमा ।
गायत्री छन्द भन्ने नै जान सम्पूर्ण छन्दमा ॥
मंसिर मैन्हा भन्ने नै म हुं ती बाह्र मैन्हामा ।
वसन्त ऋतु स्वयम म हुं छ ओटा ऋतुमा ॥३५॥

श्रीभगवानुवाच

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम्।
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्ववतामहम्॥३६॥

कृष्ण कपटीहरु मध्यमा जुवा, तेजस्वीहरुको ।
तेज नै म हुं, विजय म हु विजयीहरुको ॥
निश्चयसाथ काममा लाग्नेहरुको निश्चय ।
सात्त्विकहरु सबको म हुं शक्ति नै अवश्य ॥३६॥

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः॥३७॥

हु वासुदेव सम्पूर्ण वृष्णि वंशका वीरमा ।
हुं धनंजय नामक वीर पाण्डवहरुमा ॥
व्यास हुं म ता भवमा बस्ने सकल मुनिमा ।
म शुक्राचार्य कवि हुं यहाँ सकल कविमा ॥३७॥

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम्।
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम्॥३८॥

दण्ड हुं म ता दमन गर्ने मानिसहरुमा ।
नीति हुं म नै जितको इच्छा चाहनेहरुमा ॥
रहस्यलाई छिपाई राख्ने स्वभाव मौन हुं ।
ज्ञानीमा पनि तिमीले बुझ म तत्त्व ज्ञान हुं ॥३८॥

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम्॥३९॥

सम्पूर्ण भूत प्राणीको म हुं उत्पत्ति कारण ।
विश्वका चर अचर कोही म बिना रहन्न ॥
मर्त्यको चीज म विना केही बेनेको होइन ।
यसैले सबै मेरो नै रुप मान है अर्जुन ! ॥३९॥

श्रीभगवानुवाच

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परंतप ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

कृष्ण दुश्मनलाई सन्ताप दिने हे मित्र अर्जुन ! ।
भवमा मेरो विभूतिहरु खोजेर सकिन्न ॥
तैपनि मैले मित्रका लागि विभूतिहरुमा ।
प्रमुख मात्र वर्णन गरेँ संक्षेप रुपमा ॥४०॥

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसंभवम् ॥४१॥
विभूति युक्त र कान्तियुक्त र शक्ति सम्पन्न ।
सम्पूर्ण वस्तु जे जति यहाँ सकिन्छ पाउन ॥
ती वस्तु सबै मेरो नै तेज अंशको आधार ।
पाएर यहाँ गर्ने हुन् चेष्टा यो बुझ्नु गमेर ॥४१॥

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥
अर्जुन ! सुन यी मेरा सारा विभूति विस्तार ।
सम्पूर्ण जानी रहस्यलाई के मात्र गर्नु र ॥
सबैले यहाँ जान्नु नै पर्ने एउटै कुरा छ ।
एउटै मात्र अंशले मेरो जगत ढाकिन्छ ॥४२॥

दशौं अध्याय समाप्त

एघारौं अध्याय

अर्जुन उवाच

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम्।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥

अर्जुन म माथि कृपा गर्नका लागि यो गोप्य ज्ञानको ।
गर्नुभो जुन शुशिक्षा यहाँ मेरो नै हितको ॥
अध्यात्म तत्त्व सम्बन्धी शिक्षा पाउँदा अहिले ।
सम्पूर्ण मोह हटेर गयो यो तत्त्व ज्ञानले ॥१॥

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया।
त्वत्तः कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ॥२॥

किनकी मैले भवका सबै यी भूत प्राणीको ।
उत्पत्ति तथा प्रलयबारे शुशिक्षा प्रभुको ॥
विस्तार साथ सम्पूर्ण सुने प्रभुको महात्म्य ।
प्रभाव शक्ति बारेमा सुनें जो छ त्यो अक्षय ॥२॥

एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर।
द्रष्टुमिच्छामि ते रुपमैश्वरं पुरुषोत्तम ॥३॥

स्वयम आफू जस्तो हुं भनि भन्नु भो अहिले ।
त्यो कुरालाई स्वीकार गर्छु म आफ्नो मनले ॥
हे योगेश्वर ! त्यो दैवी शक्ति संयुक्त भएको ।
प्रत्यक्ष हेर्न चाहन्छु म ता त्यो रुप प्रभुको ॥३॥

अर्जुन उवाच

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो।
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

अर्जुन यदि त्यो दिव्य स्वरुपलाई दर्शन पाउन ।
लायक भक्त हुं भने म ता योगले सम्पन्न ॥
भएको कृष्ण ! त्यो अविनाशी प्रभुको रुपको ।
दर्शन पाउँ शिष्य र भक्त हुं म ता प्रभुको ॥४॥

श्रीभगवानुवाच

पश्य मे पार्थ रुपाणि शतशोऽथ सहस्रशः।
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥

कृष्ण हे पृथापुत्र ! अर्जुन ! मेरो अनेक थरिको ।
आकार रंग संयुक्त दिव्य अद्भूत रुपको ॥
दर्शन गर सैकडौ तथा हजार थरिको ।
योगले युक्त भएको मेरो यो विश्व रुपको ॥५॥

पश्यादित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥

द्वादशादित्य, ती आठ वसु, एघार शंकर ।
यही छन् हेर उन्चास वायु अश्विनीकुमार ॥
र तिमी हेर अनौठा कुरा यो मेरो देहमा ।
जो रुपलाई देखेका छैनौ तिमीले जगमा ॥६॥

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम्।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ॥७॥

अहिले यहाँ देहमा मेरो एकत्र भएका ।
तिमीले हेर सकल प्राणी संसार भरका ॥
हेर्नमा इच्छा जे जे छ अैले अर्जुन ! तिमीमा ।
सम्पूर्ण कुरा तिमीले हेर यो मेरो देहमा ॥७॥

श्रीभगवानुवाच

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥

कृष्ण प्राकृत आँखा भएकाहरु मलाई यिनले ।
सक्तैन हेर्न चिन्दैन कोही अज्ञातीहरुले ॥
तिमीले पनि सक्तैनौ देख्न मलाई अर्जुन ! ।
यसैले दिन्छु यो ज्ञान दृष्टि तिमीमा फाल्गुण ! ॥.॥
यो ज्ञान दृष्टि उत्तम छ है सम्पूर्ण विश्वमा ।
अदृश्य केही हुने नै छैन यो दृष्टि सामुमा ॥
मद्भक्त जानी प्रदान गरेँ अर्जुन ! तिमीमा ।
लौ हेर मेरो ऐश्वर्य योग यो मेरो देहमा ॥८॥

संजय उवाच

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रुपमैश्वरम् ॥९॥

संजय सम्पूर्ण पाप विनाश गर्ने कृष्णले पार्थमा ।
पूर्वोक्त कुरा गर्नु भो आज्ञा समर भूमिमा ॥
हे प्रज्ञाचक्षु ! नरेश ! अनि पार्थका निमित्त ।
श्री कृष्णबाट ईश्वर रुप गर्नु भो प्रकट ॥९॥

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥

आँखा र मुख अनेकौं थियो त्यो विश्वरुपको ।
अद्भूत दृश्य देखियो त्यसमा अनेक थरीको ॥
पैन्हेका थिए अनेक थरी उत्तम गहना ।
भिरेका थिए उत्तम अस्त्र पूर्ण थ्यो खजाना ॥१०॥

संजय उवाच

दिव्यमाल्याम्बरधरं दिव्यगन्धानुलेपनम्।
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥

संजय पैन्हेका थिए पवित्र माला विविध लुगा नै ।
त्यो रुप महाँ चन्दन शुद्ध पोतेको देहमै ॥
उदेक लाग्दो असीम तथा उत्तम रुपको ।
दर्शन गरे पार्थले प्रभु विराट रुपको ॥११॥

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता।
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥
हजार सूर्य एक साथ महाँ उदित भएमा ।
प्रकाशयुक्त जे तेजलाई देखिन्छ भवमा ॥
त्यो तेज पनि तुच्छ नै होला यो विश्वरुपमा ।
देखिने तेज दाँजोमा पुग्ने क्यै छैन भवमा ॥१२॥

तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥
त्यो बेलामहाँ लोक र ठाउँ विभक्त अनेक ।
सम्पूर्ण विश्व पार्थले देखे पृथक पृथक ॥
एकत्र भई रहेको सबै कृष्णको देहमा ।
एकएक गरी पार्थले देखे त्यो विश्वरुपमा ॥१३॥

ततः स विस्मयाविष्टो हृष्टरोमा धनंजयः।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥
यो सब देख्ता चकित भए काथर अर्जुन ! ।
रोमाञ्च भई क्यै क्षण उनी बोल्न नै सकेन ॥
झुकाई माथ प्रणाम गरी दुई हात जोडेर ।
पार्थले थाले प्रार्थना गर्न ईश्वरै मानेर ॥१४॥

अर्जुन उवाच

पश्यामि देवांस्तव देव देहे
सर्वांस्तथा भूतविशेषसङ्घान्।
ब्रह्माणमीशं कमलासनस्थ-
मृषींश्च सर्वानुरगांश्च दिव्यान् ॥१५॥

अर्जुन हे प्रभु ! मैले अनेक थरी द्यौताको जमात ।
देख्तो छु यही देहमा नाना प्राणीको जमात ॥
कमलापति श्रीविष्णु देव, ब्रह्मा र शिवजी ।
वासुकी आदि सकल सर्प, देखैं यी ऋषि जी ॥१५॥

अनेकबाहूदरवक्त्रनेत्रं
पश्यामि त्वां सर्वतोऽनन्तरुपम्।
नान्तं न मध्यं न पुनस्तवादिं
पश्यामि विश्वेश्वर विश्वरुप ॥१६॥

अनेक हात, पेट र मुख, अनेक नजर ।
थालैं है देख्न कृष्ण नै कृष्ण अनन्त आकार ॥
आदि र मध्य न देख्छु अन्त्य चौतर्फ प्रभु नैं ।
प्रभुको एक देखैं है मैले यो विश्वरुप नै ॥१६॥

किरीटिनं गदिनं चक्रिणं च
तेजोराशिं सर्वतो दीप्तिमन्तम्।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता-
द्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

किरीट, गदा, सुदर्शनचक्र, धारण गरेको ।
तेजको खानी, प्रकाशमान आगो नै सरिको ॥
सक्तिन हेर्न आँखाले पनि सूर्यको समान ।
चौतर्फ मेरो तपाईलाई देखैं नि श्रीमान ॥१७॥

अर्जुन उवाच

त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम्।
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥

अर्जुन हजूरै ब्रह्म, जानिन योग्य, विश्वको आधार ।
नहुने कैल्यै विनाश, टिक्न सक्तैन विकार ॥
रक्षक मान्छु हजूरलाई विश्वको धर्मको ।
सनातन बीज हजूरै मान्छु यो,भूत प्राणीको ॥१८॥

अनादिमध्यान्तमनन्तवीर्य -
मनन्तबाहुं शशिसूर्यनेत्रम्।
पश्यामि त्वां दीप्तहुताशवक्त्रं
स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

आदि र मध्य, अन्त्य नै छैन, छन् हात अनेक ।
चन्द्र र सूर्य समान आँखा, अग्निका रुपक ॥
दर्शन पाएँ प्रभुको मैले त्रिलोक प्रकाश ।
जगतलाई धपक्कै बाल्ने प्रभु नै महेश ॥१९॥

द्यावापृथिव्योरिदमन्तरं हि
व्याप्तं त्वयैकेन दिशश्च सर्वाः।
दृष्ट्वाद्भुतं रुपमुग्रं तवेदं
लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥

स्वर्ग र धर्ती बीचमा खाली रहेको ठाउँमा ।
आकाश तथा सम्पूर्ण लोक र दशै दिशामा ॥
छ परिपूर्ण प्रभुको रुप त्यो दिव्य रुपको ।
दर्शन पाई त्रिलोक देखेँ व्याकुल भएको ॥२०॥

अर्जुन उवाच

अमी हि त्वां सुरसङ्घा विशन्ति
केचिद्भीताः प्राञ्जलयो गृणन्ति।
स्वस्तीत्युक्त्वा महर्षिसिद्धसङ्घाः
स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ॥२१॥

अर्जुन सकल देव पसेको देखैं प्रभुकै देहमा ।
डरले कोही जोडेर हात गरेका प्रार्थना ॥
महर्षि, सिद्ध सबले स्वस्ति अर्चना गरेको ।
तन्मय साथ जप र पाठ प्रभुको गरेको ॥२१॥

रुद्रादित्या वसवो ये च साध्या
विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च।
गन्धर्वयक्षासुरसिद्धसङ्घा
वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

द्वाशशादित्य, एघार रुद्र, अश्विनीकुमार ।
उन्चास वायु, श्रीविश्वेदेव, ती साध्यगण र ॥
ती वसु आठै, गन्धर्व, पितृ, यक्ष र असुर ।
सिद्धले प्रभु ! हेरेको देखैं प्रसन्न भएर ॥२२॥

रुपं महत्ते बहुवक्त्रनेत्रं
महाबाहो बहुबाहूरुपादम्।
बहूदरं बहुदंष्ट्राकरालं
दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ॥२३॥

अनेक मुख, आँखा र जाँध, पाउ र पेट नै ।
करोडौ दाह्रा संयुक्त छ यो प्रभुको रुप नै ॥
यो रुप देख्दा भएको छुँ म अतीव व्याकुल ।
म मात्र हैन व्याकुल छन् है यी जन सकल ॥२३॥

अर्जुन उवाच

नभःस्पृशं दीप्तमनेकवर्णं
व्यात्ताननं दीप्तविशालनेत्रम्।
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा
धृतिं न विन्दामि शमं च विष्णो ॥२४॥

अर्जुन तेजिलो आँखा, सदैव मुख बाई नै रहेको ।
आकाश छुने, अनेक रङ्गी, झकाझक परेको ॥
हजूरलाई देखेर प्रभु यो देह भित्रको ।
आत्मा नै भयो विचेत यहाँ नाश भो शान्तिको ॥२४॥

दंष्ट्राकरालानि च ते मुखानि
दृष्ट्वैव कालानलसन्निभानि।
दिशो न जाने न लभे च शर्म
प्रसीद देवेश जगन्निवास ॥२५॥

दाह्राले विरुप, प्रलय गर्ने, आगो कै समान ।
यो रुप देख्दा दिशाको पनि क्यै ज्ञान रहेन ॥
समाधान पनि भएन केही उपाय पाउन्न ।
देवाधिदेव मसंग प्रभु ! हुनुहोस प्रसन्न ॥२५॥

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहैवावनिपालसंघैः।
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ
सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥

भीष्म र द्रोण, दुर्योधन, कर्ण, विपक्षी कौरव ।
र यता पट्टि पाण्डव तर्फ रहेका यी सब ॥
प्रमुख वीर आआफ्ना सेना लिएर साथमा ।
पसेको देख्छु हत्पत साथ प्रभुको मुखमा ॥२६॥

अर्जुन उवाच

वक्त्राणि ते त्वरमाणा विशन्ति
दंष्ट्राकरालानि भयानकानि।
केचिद्विलग्ना दशनान्तरेषु
संदृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥

अर्जुन हत्पत साथ दाऱ्हाले युक्त डरलाग्दो प्रभुको ।
मुखमा सबै पसेको देख्छु यो विश्वरुपको ॥
चकनाचुर शिर र देह भएको क्सैको ।
ती मध्य कोही देख्तछुं मं ता दाँतमा अड्केको ॥२७॥

यथा नदीनां बहवोऽम्बुवेगाः
समुद्रमेवाभिमुखा द्रवन्ति।
तथा तवामी नरलोकवीरा
विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

नदीका जल प्रवाहहरु समुद्र ताकेर ।
दगुर्दै गई मिलेर बसे समान गरेर ॥
यी वीरहरु सकल पनि धपधप बलेको ।
प्रभुको मुख मित्र म देख्छु क्रमले पसेको ॥२८॥

यथा प्रदीप्तं ज्वलनं पतङ्गा
विशन्ति नाशाय समृद्धवेगाः।
तथैव नाशाय विशन्ति लोका-
स्तवापि बक्त्राणि समृद्धवेगाः ॥२९॥

पुतलीहरु मर्नको लागि बलेको आगोमा(बत्तीमा) ।
मोहका वश प्रवेश गरी कालको फन्दामा ॥
परेकै सरि सकल वीर प्रभुको मुखमा ।
मर्नैका लागि पसेको देख्छु अत्यन्त वेगमा ॥२९॥

अर्जुन उवाच

लेलिह्यसे ग्रसमानः समन्ता-
ल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ।
तेजोभिरापूर्य जगत्समग्रं
भासस्तवोग्राः प्रतपन्ति विष्णो ॥३०॥

अर्जुन चौतर्फ बाट यो जनलाई प्रज्ज्वलित मुखमा ।
पसाई स्वाद लिएको, देख्छु प्रत्यक क्षणमा ॥
शरीर बाट निस्केको ज्योति यो विश्वभरमा ।
भएको व्याप्त हे प्रभु देखें यो विश्वभरमा ॥३०॥

आख्याहि मे को भवानुग्ररुपो
नमोऽस्तु ते देववर प्रसीद ।
विज्ञातुमिच्छामि भवन्तमाद्यं
न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥

यो उग्ररुप धारण गर्ने हे देव प्रभुमा ।
प्रणाम गर्छु भक्तिका साथ यी दुवै पाउमा ॥
किन हो प्रभु यो रुपबाट दर्शन दिनुभो ।
उत्सुक म छुं यो जान्नलाई रहस्य प्रभुको ॥३१॥

श्रीभगवानुवाच

कालेऽस्मि लोकक्षयकृत्प्रवृद्धो
लोकान्समाहर्तुमिह प्रवृत्तः ।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे
येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥३२॥

कृष्ण सकल लोक विनाश गर्ने स्वयम काल हुं ।
संहार गर्न यी जनलाई प्रकट यहाँ छुं ॥
तिमीले केही नगरे पनि यिनको विनाश ।
अवश्य पनि हुनेछ बुझ सबको विनाश ॥३२॥

श्रीभगवानुवाच

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व
जित्वा शत्रून् भुङ्क्ष्व राज्यं समृद्धम्।
मयैवैते निहताः पूर्वमेव
निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥

कृष्ण यसैले उठ म भन्छु पार्थ ! नामको खातिर ।
धन र राज्य सम्पूर्ण भोग विपक्षी मारेर ॥
यी वीर लाई पैले नै मैले मारेको हुंदामा ।
निमित्त मात्र भैकन मार यी वीर रणमा ॥३३॥

द्रोणं च भीष्मं च जयद्रथं च
कर्णं तथान्यानापि योधवीरान्।
मया हतांस्त्वं जहि मा व्यथिष्ठा
युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

भीष्म र द्रोण, दुर्योधन, कर्ण, कौरव वीरको ।
त्यो जयद्रथ साथमा अरु सम्पूर्ण राजाको ॥
मबाट वध भएकै ठानी आयुको समेत ।
मैले नै क्षति गरेको छुं है भन्ने यो बखत ॥.॥
तिमीले ठान यी सबैलाई मृतक समान ।
मृतकलाई तिमीले मार हे वीर ! अर्जुन ! ॥
लडाई गर यी शत्रुसंग सुस्थिर बुद्धिले ।
अवश्य पनि विजय यसमा पाउँछौ तिमीले ॥३४॥

संजय उवाच

एतच्छ्रुत्वा वचनं केशवस्य
कृताञ्जलिर्वेपमानः किरीटी।
नमस्कृत्वा भूय एवाह कृष्णं
स गद्गदं भीतभीतः प्रणम्य ॥३५॥

संजय वचन यस्तो कृष्णको सुनी डरले अर्जुन ! ।
थर्थरी कामे, रोकियो गला होश नै रहेन ॥
जोडेर हात विनम्र साथ गद्गद् स्वरले ।
प्रार्थना पनि प्रारंभ गरे प्रभुको उनले ॥३५॥

अर्जुन उवाच

स्थाने हृषीकेश तव प्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यते च।
रक्षांसि भीतानि दिशो द्रवन्ति
सर्वे नमस्यन्ति च सिद्धसङ्घाः ॥३६॥

अर्जुन हे हृषीकेश ! जगत सबै प्रभुकै कीर्तन ।
भक्तिको साथ प्रसन्न भई गर्छ है दिनदिन ॥
अनेक दिशा असुर भागे भयभीत भएर ।
महात्मा सिद्ध बसेको देखें प्रभु नै भजेर ॥३६॥

कस्माच्च ते न नमेरन्महात्मन्
गरीयसे ब्रम्हणोऽप्यादिकर्त्रे।
अनन्त देवेश जगन्निवास
त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

बह्माको जन्म भएको जानें प्रभुकै शक्तिले ।
कारण यही रहेछ मान्ने प्रभु नै सुरले ॥
प्रभु नै जानें असत, सत यो भन्दा परको ।
ॐकार बह्म अक्षर प्रभु स्वयम भएको ॥३७॥

अर्जुन उवाच

त्वमादिदेवः पुरुषः पुराण-
स्त्वमस्य विश्वस्य परं निधानम्।
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरुप ॥३८॥

अर्जुन देवादि प्रभु ! पुराण देव ! जगको कारण ।
जानिन योग्य, सम्पूर्ण जान्ने प्रभु ! नै हो स्थान ॥
प्रभुले आफै संसारलाई नियमित रुपले ।
शाशन गर्ने ढाकेर राख्ने विस्तार रीतले ॥३८॥

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः
प्रजापतिस्त्वं प्रपितामहश्च।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥

वायु र यम, वरुण, अग्नि, चन्द्र र ब्रह्माको ।
बराज्यू पनि प्रभु नै जानें, सर्वदा प्रभुको ॥
प्रणाम गर्छु पाउमा मं ता भक्तिले झुकेर ।
हजारौ पल्ट मं भक्ति गर्छु प्रभु नै जानेर ॥३९॥

नमः पुरस्तादथ पृष्ठतस्ते
नमोऽस्तु ते सर्वत एव सर्व।
अनन्तवीर्यामितविक्रमस्त्वं
सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥४०॥

सामर्थ्यवान प्रभुको पाउ म ढोग गर्दछु ।
अगाडि तर्फ, पछाडि तर्फ, चौतर्फ ढोगदछु ॥
अतुल बल, अनन्त शक्ति, सामेल प्रभुमा ।
हजूरै सर्वव्यापित सदा यो लोक सबमा ॥४०॥

अर्जुन उवाच

सखेति मत्वा प्रसभं यदुक्तं
हे कृष्ण हे यादव हे सखेति।
अजानता महिमानं तवेदं
मया प्रमादात्प्रणयेन वापि ॥४१॥

अर्जुन यत्तिको ठूलो महिमालाई नजानी प्रभुको ।
प्रेमले यद्वा भूलले मैले साथी नै मानेको ॥
हे कृष्ण, मित्र, यादव, यस्तो प्रयोग
(सम्बोधन) गरेको ।
र अन्य कुनै मोहले गर्दा क्यै भूल भएको ॥४१॥

यच्चावहासार्थमसत्कृतोऽसि
विहारशय्यासनभोजनेषु।
एकोऽथवाप्यच्युत तत्समक्षं
तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥

खाँदाको बेला, बिहार गर्दा, सुतेको बेलामा ।
एकलै हुंदा, घेरैको साम्ने, हाँसो र ठट्टामा ॥
मबाट केही प्रमाद, भूल भएको भएमा ।
प्रार्थना गर्छु माफीको लागि ती त्रुटी सबमा ॥४२॥

पितासि लोकस्य चराचरस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान्।
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो
लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

सबको मान्य, लोकका पिता, गुरुका गुरु र ।
शक्तिमा पनि हजूर संग दाँजीने को छ र ॥
हजूर भन्दा सामर्थ्यवाला त्रिलोक भरमा ।
को हुन सक्ला यो नित्यलोक भोगेर बस्नेमा ॥४३॥

अर्जुन उवाच

तस्मात्प्रणम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीडचम्।
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

अर्जुन प्रसन्न पार्छु हजूरलाई झुकाई शरीर ।
गरेको भए भूलमा मैले त्यो मेरो कसुर ॥
छोराको भूल पिताले तथा सखाले सखाको ।
पाउँ म माफ गरेझै माफि पतिले पत्नीको ॥४४॥

अदृष्टपूर्व हृषितोऽस्मि दृष्ट्वा
भयेन च प्रव्यथितं मनो मे।
तदेव मे दर्शय दव रुपं
प्रसीद देवेश जगन्निवास ॥४५॥
अदृष्ट रुप दर्शन पाई म त छुं प्रसन्न ।
परन्तु खूब डराईरेछ किन हो यो मन ॥
प्रसन्न भई उही नै देव (विष्णु) रुपमा प्रकट ।
भएको हेर्न म पाउँ प्रभु हुं एक म भक्त ॥४५॥

किरीटिनं गदिनं चक्रहस्त-
मिच्छमि त्वां द्रष्टुमहं तथैव।
तेनैव रुपेण चतुर्भुजेन
सहस्रबाहो भव विश्वमूर्ते ॥४६॥
चक्र र गदा बाहुमा तथा किरीट पैह्रेको ।
चाहन्छु हेर्न त्यो चार बाहु भएको रुपको ॥
हे विश्वमूर्ति ! सहस्रबाहु ! त्यागेर यो रुप ।
दर्शन पाउँ त्यै सौम्य मूर्तिसुन्दर अनुप ॥४६॥

श्रीभगवानुवाच
मया प्रसन्नेन तवार्जुनेदं
रुपं परं दर्शितमात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं
यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

कृष्ण अद्‌भूत योग शक्तिले मैले यो रुप तिमीमा ।
दर्शन दिएँ प्रसन्न भई मद्‌भक्त पार्थ ! मा ॥
अनन्त तेज, आद्य र श्रेष्ठ यो विश्वरुपको ।
दर्शन पायौ कसैले पैले छैन है देखेको ॥४७॥

न वेदयज्ञाध्ययनैर्नदानै -
र्न च क्रियाभिर्न तपोभिरुग्रैः ।
एवंरुपः शक्य अहं नृलोके
द्रष्टुं त्वदन्येन कुरुप्रवीर ।।४८।।
वेद र यज्ञ, स्वाध्याय, दान, कर्म र तपस्या ।
मर्त्यमा बसी जे जति गर रहन्छ समस्या ॥
जो रुप आज तिमीले देख्यौ त्यो रुप दर्शन ।
जे जस्तो कर्म गरेमा पनि सक्तैन पाउन ॥४८॥

मा ते व्यथा मा च विमूढभावो
दृष्ट्वा रुपं घोरमीदृङ्ममेदम् ।
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं
तदेव मे रुपमिदं प्रपश्य ॥४९॥
मनमा व्यथा नराख मेरो यो रुप संझेर ।
नवन मूढ प्रसन्न होऊ यो डर फ्याँकेर ॥
नमानी शंका निर्धक्कसंग अंगाली शक्तिनै(शान्तिनै)।
लौ हेर फेरि तिमीले मेरो यो विष्णु रुपनै ॥४९॥

संजय उवाच

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा
स्वकं रुपं दर्शयामास भूयः।
आश्वासयामास च भीतमेनं
भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥

संजय श्रीकृष्ण बाट अर्जुन ! लाई पूर्वोक्त रीतले ।
ज्ञानको कुरा वर्णन गरी त्यै आफ्नो रुपले ॥
दर्शन दिई, शान्त र राम्रो पैल्हेको रुपमा ।
शान्त्वना पनि दिनु भो त्यहाँ अर्जुन ! भक्तमा ॥५०॥

अर्जुन उवाच

दृष्ट्वेदं मानुषं रुपं तव सौम्यं जनार्दन।
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥

अर्जुन हे जनार्दन ! प्रभुको राम्रो मनुष्य सरिको ।
स्वरुपलाई देख्दामा म छु झल्याँस्स ब्यूँझेको ॥
डर र त्रास सम्पूर्ण गयो यो मेरो मनको ।
पैलेकै जस्तै सावधान पनि छुँ अैले भएको ॥५१॥

श्रीभगवानुवाच

सुदुर्दर्शमिदं रुपं दृष्टवानसि यन्मम।
देवा अप्यस्य रुपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥

कृष्ण जो रुप मेरो दर्शन पायौ तिमीले अर्जुन ! ।
त्यो रुपलाई दर्शन गर्न छ ज्यादै कठिन ॥
चाहना गर्छन् देवताहरु दर्शन पाउन ।
सदैव गर्छन् देवता पनि यै रुप भजन ॥५२॥

श्रीभगवानुवाच

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥

कृष्ण वैदिक कर्म गर्नाले तथा तपस्या गर्नाले ।
दान र धर्म, यज्ञीय कर्म गरेको फलले ॥
त्यो रुप मेरो सक्तैन कोही दर्शन पाउन ।
जो रुपलाई दर्शन पायौ तिमीले अर्जुन ! ॥५३॥

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन ।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परंतप ॥५४॥

हे परंतप ! केवल एक भक्तिले गर्दामा ।
यो रुपबाट प्रत्यक्ष मेरो दर्शन गर्नमा ॥
अथवा तत्त्व ज्ञानले या त एकत्व भावमा ।
भक्तको लागि सजिलो हुन्छ पाउन भवमा ॥५४॥

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

यै बुद्धिद्वारा जो कर्म गर्छ मलाई चिन्दछ ।
हटाई वैर निष्काम कर्म गर्ने जो भक्त छ ॥
सकल विश्व मलाई ठानी कर्मको बन्धन ।
सम्पूर्ण टोडी मलाई उनी सक्तछ पाउन ॥५५॥

एघारौं अध्याय समाप्त

बार्‍हौं अध्याय

अर्जुनउवाच

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥

अर्जुन यो रीतबाट सदैव ध्यान तपाईं प्रभुको ।
साकार रुप आधार आफ्नो योगीले गरेको ॥
र कोही यहाँ अव्यक्त ब्रह्म आधार लिएको ।
यी दुई मध्य कुन्चाही जान्ने हो तत्त्व योगको ॥१॥

श्रीभगवानुवाच

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते॥
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२।

कृष्ण म माथि मन एकाग्र पारी मेरो नै भजन ।
श्रद्धाले युक्त भैकन सदा गर्छ जो मनन ॥
म भक्त योगी मध्यमा बेस त्यै भक्त योगी हो ।
भन्ने नै लाग्छ मनमा मेरो त्यो कर्म योगी हो. ॥२॥

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥

परन्तु जसले ब्रह्मको ध्यान मनन गर्दामा ।
त्यो ब्रह्मलाई अव्यक्त, स्थिर, व्यापित सबमा ॥
इन्द्रियहरु केही को गति नपुग्ने त्यसमा ।
सबको मूल, अक्षर, नित्य, योगीले योगमा ॥३॥

श्रीभगवानुवाच

संनियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

कृष्ण लागेको बेला इन्द्रियहरु सम्पूर्ण रोकेर ।
ली सब बुद्धि, प्राणीका लागि हितमा तत्पर ॥
भएका सबै भवका योगी कर्ममा आखिर ।
पाउने मै हुं कर्मको डोरी छिटै नै काटेर ॥४॥

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥

तापनि चित्त अव्यक्त मा नै रहेको हुनाले ।
ज्यादै नै कष्ट पाउँछ देही मनुष्य जनले ॥
शरीर धारी मनुष्यलाई अव्यक्तोपासना ।
मुस्किल संग सफल हुन्छ त्यसको साधना ॥५॥

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥

भजन ध्यान मेरो नै गर्ने ती भक्त जनले ।
सम्पुर्ण कर्म मलाई यदि चढाई उनले ॥
सगुण रुप ईश्वर मं मा अनन्य योगले ।
चिन्तन ध्यान सदैव गर्छ ती भक्तहरुले ॥६॥

तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥

हे पृथापुत्र ! अर्जुन ! सुन जो भक्त जनले ।
म माथि चित्त एकाग्र पारी निश्चल भावले ॥
अनन्य भक्ति गर्ने त्यो भक्त योगीको उद्धार ।
छिटै नै गर्छु यो मृत्यु रुप संसार तारेर ॥७॥

श्रीभगवानुवाच

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय।
निवसिष्यसि मय्येव अंत उर्ध्व न संशयः ॥८॥

कृष्ण यसैले तिमी म माथि आफ्नो मन नै लगाऊ ।
म माथि आफ्नो विवेक बुद्धि सुस्थिर गराऊ ॥
तिमीले यदि गरेमा यसो मलाई पाउंछौ ।
अवश्यमेव मसंग तिमी निवास गर्नेछौ ॥८॥

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम्।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनंजय॥९॥
तिमीले मन म माथि यदि अचल सुस्थिर ।
सक्तैनौ गर्न भने त पार्थ ! किर्तन सुनेर ॥
अथवा जप, पाठ र पूजा क्रमश गरेर ।
कर्म नै गर पाउने इच्छा मलाई राखेर ॥९॥

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव।
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥
अभ्यास गर्न सक्तैनौ भने शास्त्रमा वर्णित ।
ज्ञान र ध्यान, भजन, पूजा, मेरो नै निमित्त ॥
अर्पण गरी यी कर्म गर नियम पूर्वक ।
पाउँछौ सिद्धि बन्ने छौ तिमी पवित्र धार्मिक ॥१०॥

अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान्॥११॥
यो पनि गर्न सक्तैनौ भने तिमीले अर्जुन ! ।
कर्म नै गर योगको एक आधार लिकन ॥
यो चित्तलाई क्रमशः रोक्ने उद्योग गरेर ॥
निमित्त मेरो कर्मको फल सम्पूर्ण त्यागेर ॥११॥

श्रीभगवानुवाच

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२॥

कृष्ण अभ्यास भन्दा श्रेष्ट छ ज्ञान, ज्ञानको अपेक्षा ।
उत्तम बुझ ध्यान नै तिमी, ध्यानको अपेक्षा ॥
आसक्ति त्याग, उत्तम जान निष्काम कर्म नै ।
गरेमा छिटै पाउन सक्छ भक्तले शान्ति नै ॥१२॥

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च।
निर्ममो निरहंकारः समदुःखसुखः क्षमी ॥१३॥

यसरी शान्ति पाएका योगी मध्यमा जसले ।
जगका प्राणी सबमा हेर्छ समान भावले ॥
ममता, द्वेष, अहन्ता त्यागी, क्षमावान् भएर ।
सुख र दुःख समान देख्ने, दयावान् रहेर ॥१३॥

संतुष्टः सततं योगी यतात्मा दृढनिश्चयः।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥१४॥

इन्द्रियलाई वशमा राख्ने, सर्वदा प्रसन्न ।
एकमा[1] पक्का निश्चय गर्ने, कर्म नै अर्पण ॥
मलाई गर्ने ती कर्मयोगी मान्छु म भक्त मै ।
सर्वदा वास प्रेमले गर्छु त्यसको मन मै ॥१४॥

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥१५॥

दुनियाँलाई हुँदैन कष्ट भक्तको कारण ।
दुनियाँ देखि भक्तले यदि क्यै कष्ट मान्दैन ॥
भय र हर्ष, दिग्दारी, क्रोध रहित यिनले ।
उही नै मेरो प्यारो छ बुझ अर्जुन ! तिमीले ॥१५॥

१. दृढनिश्चयी ।

श्रीभगवानुवाच

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥१६॥

कृष्ण आकाङ्क्षा त्यागी, बाहिर, भित्र पवित्र भएर ।
कर्तव्य कर्म निश्चित आफ्नो सम्पूर्ण त्यागेर ॥
निस्पक्ष अनि इन्द्रिय कर्म उद्योग त्यागेको ।
लाग्दछ प्यारो त्यो मेरो भक्त योगमा लगेको ॥१६॥

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति ।
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ॥१७॥

न द्वेष गर्छ, न शोक गर्छ, न खुश रहन्छ ।
कर्मको फल चाहना न त कहिल्यै गर्दछ ॥
लाभ र हानी भएमा इच्छा केहीको गर्दैन ।
मलाई प्यारो त्यो जन लाग्छ हे प्यारा अर्जुन ! ॥१७॥

समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥

सुहृद तथा दुश्मनलाई समान ठान्दछ ।
मान र आफ्नो अप्मान हुंदा समान रहन्छ ॥
सर्दीर गर्मी, सुख र दुःख समान ठान्दछ ।
आसक्ति त्याग संसारी वस्तु सबको गर्दछ ॥१८॥

तुल्यनिन्दास्तुतिर्मौनी संतुष्टो येन केनचित् ।
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥

तारिफ, निन्दा समानै देख्छ, सीमित बोल्दछ ।
जे पायो त्यसमा प्रसन्न सदा जो जन रहन्छ ॥
ममता पनि नलिने अनि सुस्थिर बुद्धिको ।
मलाई प्यारो त्यो भक्त लाग्छ योगमा लागेको ॥१९॥

श्रीभगवानुवाच

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥

कृष्ण मलाई श्रद्धा विश्वास गर्ने ती भक्त जनले ।
यी मैले माथि बताए सरि निष्काम रीतले ॥
नियमलाई पालन गर्ने त्यो भक्त सर्वदा ।
मलाई प्यारो सदैव लाग्छ छुट्छ यो विपदा ॥२०॥

बाह्रौं अध्याय समाप्त

तेर्हौं अध्याय

श्रीभगवानुवाच
इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥१॥
कृष्ण अर्जुन ! सुन शरीरलाई क्षेत्र नै भनिन्छ ।
शरीर वारे तात्त्विक ज्ञान जो जन जान्दछ ॥
त्यो ज्ञानीलाई क्षेत्रज्ञ भनी सबले भन्दछ ।
देहीले कर्म गरेमा फल कर्ताले भोग्दछ ॥१॥

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥
क्षेत्रज्ञ भन्ने यी देहीहरु सबमा अर्जुन ! ।
स्वयम म हुं यो बुझी गर्नु योगको मनन ॥
शरीर तथा शरीर ज्ञान बारेमा तत्त्वले ।
जानीने त्यही ज्ञान हो भन्छु म एक मतले ॥२॥

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत्।
स च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ॥३॥
त्यो क्षेत्र भन्ने के हो र कस्तो सामर्थ्यवाला छ ।
के बाट बन्छ विकार पनि के कस्तो हुंदछ ॥
त्यस्तैनै अनि क्षेत्रज्ञ भन्ने के हो र कस्तो छ ।
संक्षेप संग म भन्छु सुन प्रभाव के के छ ॥३॥

श्रीभगवानुवाच

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक्।
बह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥४॥

कृष्ण यसको गाना ऋषिले गरे अनेक छन्दमा ।
यो ब्रह्मसूत्र पदले गाना गरिन्छ वदेमा ॥
विभिन्न शैली कारण दिई निश्चित रुपले ।
व्याख्यान यसको गरेको छ है धार्मिक जनले ॥४॥

महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥५॥
पृथ्वी र जल, तेज र वायु, आकाश पाँच र ।
घमण्ड, बुद्धि, त्रिगुण मयी माया यो तीन र ॥
कर्म र ज्ञान इन्द्रिय दस, एघारौ मन र ।
रुप र रस, शब्द र गन्ध, स्पर्शादि पाँच र ॥५॥

इच्छा द्वेषः सुखं दुःखं संघातश्चेतना धृतिः।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६॥
इच्छा र द्वेष, सुख र दुःख, चेतना शक्ति र ।
देहको पिण्ड, धैर्य यी तत्त्व एकतीस मिलेर ॥
बनेको यस शरीरलाई सम्पूर्ण विकार ।
सहित भई बनेको क्षेत्र बुझ्नु यो गमेर ॥६॥

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम्।
आचार्योपासनं शौचं स्थैर्यमात्माविनिग्रहः ॥७॥
अहिंसा, क्षमा, अैमान, छल, दुर्गुण रहित ।
भै आत्मवश ईन्द्रिय पारी धैर्यमा इस्थित ॥
मन र वाणी सरल पारी आफ्ना ती मान्यको ।
पवित्र भई सेवा नै गर्नु कर्तव्य सबको ॥७॥

श्रीभगवानुवाच

इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥

कृष्ण वरत्र तथा परत्र दुवै लोकमा पाइने ।
भोगको आशा सम्पूर्ण त्यागी वैरागी कहिने ॥
जन्म र मृत्यु, बुढ्याईं रोग पछ्याई रहेको ।
यो जानीकन अहन्ता त्यागनु मार्ग हो मुक्तिको ॥८॥

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥

छोरा र छोरी, पत्नी र घर, सम्पत्ति, धनमा ।
आसक्ति त्यागनु ममता पनि नराख्नु यस्तोमा ॥
असल तथा खराब पनि जे सुकै भएमा ।
समान भाव सदैव लिनु तिमीले मनमा ॥९॥

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥

अटल भक्ति मै माथि राख्नु, एकान्त ठाउँमा ।
एकलै बसी सदैव लाग्नु मेरो नै ध्यानमा ॥
जमात संग नबस्नु कैल्यै, यस्तोको प्रेममा ।
नपर्नु पार्थ ! ती कर्मयोगीहरुले भवमा ॥१०॥

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम्।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११॥

अनात्मा, आत्मा सम्वन्धी ज्ञान अध्यात्म विधाको ।
तत्त्वार्थलाई यथार्थ बुझ्नु ज्ञान हो मानेको ॥
यो देखि अरु जे जति कार्य भवमा देखिन्छ ।
ती सबैलाई अज्ञान भनी योगमा भनिन्छ ॥११॥

श्रीभगवानुवाच

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२॥

कृष्ण जानीन योग्य तात्त्विक ज्ञान जो जानि लिनाले ।
परमानन्द पाइन्छ त्यो म यथार्थ रीतले ॥
कहन्छु आदि रहित ब्रह्म न सत कहिन्छ ।
भवमा न त त्यो ब्रह्मलाई असत कहिन्छ ॥१२॥

सर्वतःपाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम्।
सर्वतःश्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥

त्यो ब्रह्म तत्त्वको जताततै हात र पाउ छन् ।
छ सबैतिर आँखा र शिर र मुखहरु छन् ॥
र कानहरु चौतर्फि उसको विछ्याइएको छ ।
संसार भर रहेको सबै उबाट व्याप्त छ ॥१३॥

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम्।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१४॥

इन्द्रिय, गुण, विषयहरु सम्पूर्ण जान्दछ ।
तर त्यो ब्रह्म इन्द्रिय भोग आसक्ति त्यागदछ ॥
त्यो सबै देखि अलग रही धारण गर्दछ ।
निर्गुण भई गुणको भोग ब्रह्मले गर्दछ ॥१४॥

बहिरन्तश्च भूतानामचरं चरमेव च।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥१५॥

त्यो ब्रह्म बस्छ प्राणीको भित्र, बस्छ है बाहिर ।
जानिन्न ज्यादै हुनाले सुक्ष्म, छ चर, अचर ॥
भ्रममा परी अज्ञानीहरु त्यो ताढा देख्दछ ।
कोशिश गरे दूर छ तर नगीचै पाइन्छ ॥१५॥

श्रीभगवानुवाच

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम्।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

कृष्ण त्यो ब्रह्म कैल्यै टुक्रिन्न तर विभिन्न रुपमा ।
टुक्रिय सरि भएर बस्छ सकल प्राणीमा ॥
त्यो सृष्टिकर्ता संहार कर्ता, पालन कर्तामा ।
गनिन्छ त्यही संसार भर योगीको मतमा ॥१६॥

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥

तेजको पनि मानिन्छ तेज त्यो ब्रह्मलाई नै ।
अज्ञानरुपी अँध्यारो देखि रहेको पर नै ॥
जानिन योग्य ज्ञानले मात्र जानिने त्यही हो ।
हृदय भित्र बसेको पनि सबैको त्यही हो ॥१७॥

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः।
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥

क्षेत्रको ज्ञान, क्षेत्रज्ञ बारे संक्षिप्त बयान ।
सम्पूर्ण गरें भक्तको लागि क्यै बाँकी रहेन ॥
यो सब बुझ्ने ती भक्त जन ज्ञानी नै कहिन्छ ।
मद्भक्त हुंदा स्वरुप मेरो त्यसले पाउँछ ॥१८॥

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि।
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसंभवान् ॥१९॥

प्रकृति याने त्रिगुणी माया, जीवात्मा दुवै नै ।
अनादि जान्नु हुंदैन यसको कहिल्यै सृष्टि नै ॥
राग र द्वेष, विकार तथा त्रिगुण बस्तुको ।
उत्पत्ति स्थान प्रकृतिलाई योगीले मानेको ॥१९॥

श्रीभगवानुवाच

कार्यकरणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

कृष्ण इन्द्रिय तथा देहको जति कर्तृत्व पनाछन् ।
ती सब यहाँ प्रकृतिबाटै भएको मान्दछन् ॥
कर्मको कर्ता मान्दैन ब्रह्म तापनि भवमा ।
जीवात्मालाई मान्छ है भोक्ता सुख र दुःखमा ॥२०॥

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान्।
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥२१॥

प्रकृति संग अधीन रही प्राकृत गुणको ।
चलन गर्छ संयोग हुने फल हो यसैको ॥
त्यो जनलाई संयुक्त गर्ने अनेकौं जुनीमा ।
निमित्त यही धारण गर्नु यै शिक्षा मनमा ॥२१॥

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥२२॥

देहमा सदा निवास गर्छ प्राणीको जीवले ।
त्यो उपद्रष्टा मानिन्छ यहाँ साक्षी झैं हुनाले ॥
यथार्थ आफ्नो सल्लाह दिन्छ देहमा बसेर ।
धारण तथा पोषण गर्छ कर्ता झैं भएर ॥.॥
कर्मको फल सम्पूर्ण भोग्छ जीवको रुपमा ।
द्यौताको पनि देवता त्यही मानिन्छ जगमा ॥
पवित्र तथा सच्चिदानन्द त्यही नै हुनाले ।
त्यो ब्रह्मलाई परम प्रभु मान्छ है सबले ॥२२॥

श्रीभगवानुवाच

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह।
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

कृष्ण जीवात्मा तथा गुणले युक्त प्रकृति बारेको ।
यो कुरालाई यथार्थ संग जानेको योगीको ॥
संसारी जस्तै कर्ममा यहाँ लागेकै भएमा ।
जन्मनु पर्ने गर्भको दुःख पर्दैन यिनमा ॥२३॥

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना।
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

त्यो ब्रह्मलाई हृदय भित्र निश्चल बसेको ।
ध्यानले देख्छ आत्मामा आफ्नो क्वै योगी भवको ॥
कसैले फेरि ज्ञानको द्वारा आफूमा देख्तछ ।
निष्काम कर्मी योगको द्वारा ब्रह्म नै देख्तछ ॥२४॥

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते।
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥२५॥

यो तत्त्वलाई नजान्ने कोही जान्नेको संगले ।
सुनेको कुरा प्रमाण मानी भजन गर्नाले ॥
त्यो व्यक्ति पनि यो मृत्युमय संसार सागर ।
सक्तछ तर्न अवश्यमेव मुक्ति नै पाएर ॥२५॥

यावत्संजायते किंचित्सत्त्वं स्थावरजङ्गमम्।
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥

भवमा जति स्थावर, तथा जंगम प्राणी छ ।
सबैको सृष्टि आधार लाई एउटै मानिन्छ ॥
शरीर तथा जीवको जब संयोग हुंदछ ।
अर्जुन ! अनि सम्पूर्ण प्राणी प्रकट हुंदछ ॥२६॥

श्रीभगवानुवाच

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम्।
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥

कृष्ण प्रलय हुंदा विनाश हुंदो जड र चेतन ।
भै अविनाशी रहने सदा प्राणीमा समान ॥
त्यो देव प्रभु ईश्वरलाई तात्त्विक रुपले ।
जो जन देख्छ तात्त्विक ज्ञान पाउँछ त्यसले ॥२७॥

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम्।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥

ईश्वरलाई सर्वत्र व्याप्त छ भन्ने संझन्छ ।
विनाश आफ्नो नगरी त्यल्ले सुमार्ग पक्रन्छ ॥
भने त पार्थ यो कर्मबाट त्यो योगी भवमा ।
कर्म नै गरी सजिलै पुग्छ कैवल्य पदमा ॥२८॥

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः।
यः पश्यति तथात्मानमकर्तारं स पश्यति ॥२९॥

सम्पूर्ण कर्म जे जति हुन्छ जगमा अर्जुन ! ।
रहन्छ सदा ती कर्महरु प्रकृति अधिन ॥
यो आत्मालाई अकर्ता भनी जो जन देख्तछ ।
त्यो ज्ञानीलाई तत्त्व नै जान्ने संझनु पर्दछ ॥२९॥

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति।
तत एव च विस्तारं ब्रह्म संपद्यते तदा ॥३०॥

सम्पूर्ण प्राणी एउटा बाट अनेक रुपमा ।
भएको अनि अनेक बाट एउटै ब्रह्ममा ॥
रहस्य यस्तो जो जन बुझ्छ त्यही नै बेलामा ।
त्यही हो पुग्ने सच्चिदानन्द ब्रह्मको धाममा ॥३०॥

श्रीभगवानुवाच

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥३१॥

कृष्ण · अनादि तथा निर्गुण यस्तो जिवात्मा हुनाले ।
मानिन्न कर्ता देहमा बसी क्यै कर्म गर्नाले ॥
गरोस वा छाडोस कर्तव्य कर्म त्यसको बन्धन ।
ती योगी जन कहिल्यै पनि फन्दामा पर्दैन ॥३१॥

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥

जगत ढाक्छ आकाश बाट सुक्ष्मको प्रभाव ।
नपरे सरि देहमा पर्दा कर्मको प्रभाव ॥
यो आत्मालाई सक्तैन छुन कर्मको डोरीले ।
मुक्तिको बाटो रहन्छ खुल्ला उत्तम ज्ञानले ॥३२॥

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥

अर्जुन ! हेर एउटै सूर्य उदय हुंदामा ।
ब्रह्माण्ड लाई उज्यालो पार्छ प्रत्यक्ष सबमा ॥
त्यस्तै नै गरी तिमीले बुझ्नु एउटै जीवात्मा ।
निर्मल ज्ञान प्रकाश पार्छ शरीरहरुमा ॥३३॥

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

जीवात्मा तथा शरीर बारे व्याख्यान गरेको ।
प्रकृति याने त्रिगुणी माया सम्बन्धी ज्ञानको ॥
रहस्य युक्त यो कुरालाई जो जन बुझ्दछ ।
ती योगीहरु परम ब्रह्म सजिलै पाउँछ ॥३४॥

तेह्रौं अध्याय समाप्त

चौधौं अध्याय

श्रीभगवानुवाच

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम्।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥

कृष्ण ज्ञानमा पनि उत्तम ज्ञान फेरि म अर्जुन ! ।
बयान गर्छु धैर्यले सुनी गर्नु है मनन ॥
पैलेका सबै योगीले पनि यो ज्ञान जानेर ।
मुक्त भै गए संसार रुपी सागर तरेर ॥१॥

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥

यो ज्ञानलाई धारण गरी ब्रह्ममा पुगेका ।
सारुप्य मेरो पाएर मुक्ति अंगाली बसेका ॥
पुरुषहरु जन्मन्न कैल्यै उत्पत्ति कालमा ।
विनाश पनि हुंदैन तिन्को प्रलय कालमा ॥२॥

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम्।
संभवः सर्वभूतानां ततो भवति भारत ॥३॥

महान ब्रह्म प्रकृति मेरो पत्नी हो अर्जुन ! ।
त्यसैमा राख्छु सम्पूर्ण गर्भ अन्यथा नठान ॥
यसरी जड़ चेतन दुवै संयोग हुंदामा ।
सकल प्राणी उत्पन्न हुन्छ यो तीन लोकमा ॥३॥

श्रीभगवानुवाच

सर्वयोनिषु कौन्तेय मूर्तयः संभवन्ति याः।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता॥४॥

कृष्ण विभिन्न थरि जुनीमा यहाँ जन्मेका प्राणीको ।
जे जति पनि शरीर बन्छ ती सबै जीवको ॥
त्रिगुण मयी माया हो आमा सम्पूर्ण जीवको ।
थापना गर्ने पिताजी म हूँ पुरुष रुपको ॥४॥

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसंभवाः।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम्॥५॥

सत्त्व र रज, तामस आदि तीनौटा नामको ।
गुणको सृष्टि प्रकृति बाट बुझ्नु है भएको ॥
त्यो अविनाशी जीवात्मा लाई यी तीन गुणले ।
बाँधेर राख्छ देहमा सदा नछाडी यसले ॥५॥

तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम्।
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ॥६॥

त्यो सत्त्वगुण ज्यादै नै बेस तीनौटा गुणमा ।
पवित्र तथा प्रकाश दिने यो गुण हुंदामा ॥
मानिसलाई बढाई दिन्छ आसक्ति सुखको ।
अैमान पनि बढाई दिन्छ त्यसमा ज्ञानको ॥६॥

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम्।
तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनम्॥७॥

यो रजोगुण प्रभाव बाट कर्मको फलमा ।
आसक्ति ज्यादै बढाई दिन्छ यो कर्म क्षेत्रमा ॥
लोभ र प्रेम बढाई जीव बाँधेर राख्तछ ।
जन्म र मृत्यु चक्कर महाँ यसले पार्दछ ॥७॥

श्रीभगवानुवाच

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम्।
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ॥८॥

कृष्ण शरीरलाई धारण गर्ने सकल प्राणीमा ।
मोहको जाल उत्पन्न हुन्छ यो तमो गुणमा ॥
व्यर्थको चेष्टा, आलस्य अनि निद्राले बसमा ।
लिएर सदा बाँधेर राख्छ यसले भवमा ॥८॥

सत्त्वं सुखे संजयति रजः कर्मणि भारत।
ज्ञानमावृत्त्य तु तमः प्रमादे संजयत्युत ॥९॥

सुखमा प्रेम प्रदान गर्छ यो सत्त्व गुणले ।
कर्ममा सदा प्रवृत्त गर्छ यो रजो गुणले ॥
चेतना, ज्ञान विनाश पार्छ यो तमो गुणले ।
बेहोश पारी नोक्सान गर्ने यो तमो गुणले ॥९॥

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत।
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ॥१०॥

रज र तम दमन पारे सात्त्विक भइन्छ ।
सत्त्व र तम दमन गर्दा राजस कहिन्छ ॥
यै रीतबाट सत्त्व र रज दमन गरेमा ।
तमको वृद्धि बहुतै हुन्छ गाडिन्छ तममा ॥१०॥

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते।
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्त्वमित्युत ॥११॥

जुन बेला यस देहमा तथा इन्द्रियहरुमा ।
चेतना अनि निर्मल ज्ञान उत्पन्न भएमा ॥
संझनु पर्छ त्यो बेला सत्त्व गुणको स्वभाव ।
बढेको भनी योगीमा पर्छ त्यै गुण प्रभाव ॥११॥

श्रीभगवानुवाच

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा।
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

कृष्ण अर्जुन ! सुन यो रजोगुण बढेको भएमा ।
लोभ र आशा ज्यादै नै बढछ सम्पूर्ण कर्ममा ॥
कर्ममा लाग्दा भोगको आशा ज्यादै नै बढदछ ।
चंचल पना मनमा बढछ अशान्त रहन्छ ॥१२॥

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

तमको बृद्धि भएमा सारा ज्ञानको प्रकाश ।
हराइ जान्छ कर्ममा लाग्ने गर्दैन प्रयास ॥
व्यर्थको चेष्टा सदैव गर्छ मोहमा पर्दछ ।
यी तमोगुणी स्वभाव वश फन्दामा पर्दछ ॥१३॥

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत्।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

कर्ममा लाग्दा सत्त्विक गुण बढेको बेलामा ।
क्वै योगी यदि मर्दछ भने स्वर्गादि लोकमा ॥
आनन्दसंग पाउँछ बस्न उत्तम कर्मले ।
त्यो लोकलाई दोषले हीन मान्छ है सबले ॥१४॥

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते।
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥१५॥

यो रजोगुण बढेको बेला मरेको मानिस ।
जन्मिन्छ फेरि पाउँछ भोग्न गरेको प्रयास ॥
यो तमोगुणी मेरमा पशु पक्षीको जुनीमा ।
उत्पन्न हुन्छ अज्ञान बढी पर्दछ फन्दामा ॥१५॥

श्रीभगवानुवाच

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम् ।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥

कृष्ण सात्त्विक कर्म गरेमा सुख, ज्ञान र वैराग्य ।
निर्मल फल पाउन सक्ने रहन्छ शौभाग्य ॥
राजस गुण कर्मको फल दुःख नै मानिन्छ ।
तामस गुण कर्मको फल अज्ञान मानिन्छ ॥१६॥

सत्त्वात्संजायते ज्ञानं रजसो लोभ एव च ।
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥

ज्ञानको वृद्धि सदैव हुन्छ सत्त्वादि गुणमा ।
लोभ र आशा बढेको हुन्छ राजस गुणमा ॥
व्यर्थको चेष्टा गरेर हिड्छ पार्दछ मोहमा ।
यो पछि अनि अज्ञान बढ्छ यो तमो गुणमा ॥१७॥

उर्ध्वगच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥१८॥

सात्त्विक गुण पालन गर्ने स्वर्गादि लोकमा ।
पाउँछ बस्न, राजस गुण पालन गरेमा ॥
बीचमा बस्छ जन्मन्छ यहीं मनुष्य लोकमा ।
तामस गुणी अगति परी गिर्दछ गर्तमा ॥१८॥

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥१९॥

योगीले जब त्रिगुण देखि बाहेक कर्मको ।
छैन नै कर्ता भन्ने यो ज्ञान रहन्छ पाएको ॥
त्रिगुण देखि रहेको पर तात्त्विक ब्रह्मको ।
पैचान पाए रुपमा मेरो त्यै हुन्छ मिलेको ॥१९॥

श्रीभगवानुवाच

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान्।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ॥२०॥

कृष्ण मानव भई देहको यद्वा त्रिगुण दमन ।
गरेमा जन्म, बुढचाईं, मृत्यु, सक्तछ छुटन ॥
छुट्कारा पाए पाउँछ मुक्ति अमृत समान ।
सारुप्य मेरो मनुष्य भई सक्तछ पाउन ॥२०॥

अर्जुन उवाच

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो।
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ॥२१॥

अर्जुन त्रिगुणबाट पुगेको पर भन्ने नै कसोरी ।
पुरुषबाट सकिन्छ चिन्न त्यो कुरा हे हरि ॥
भन्नु होस प्रभु आचार कस्तो उनको रहन्छ ।
त्रिगुणलाई जितेर योगी कसोरी तर्दछ ॥२१॥

श्रीभगवानुवाच

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव।
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि काङ्क्षति ॥२२॥

कृष्ण सत्त्व र रज, तमको लिई आधार सर्वदा ।
कर्ममा लाग्दा त्यसको फल कर्ताले पाउँदा ।
न द्वेष गर्छ कर्ममा केही न घृणा गर्दछ ।
कर्मको फल पाउनलाई न चाख राख्तछ ॥२२॥

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते।
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ।।२३।।

सत्त्व र रज तमले केही कर्म नै भएमा ।
कर्तृत्वपना सकल त्यागी सुस्थिर रहेमा ॥
गुणको कार्य गुणैले गर्ने यो तत्त्व बुझेमा ।
योगीको मन चलायमान हुदैन कर्ममा ॥२३॥

श्रीभगवानुवाच

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥

कृष्ण आफसेआफ आत्मामा स्थिर भएका योगीले ।
सुख र दुःख समान ठान्छ यी धीर व्यक्तिले ॥
माटो र ढुंगा, सुवर्ण पनि समान संझन्छ ।
तारिफ, निन्दा, अप्रिय, प्रिय एउटै ठान्दछ ॥२४॥

मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥

अपमान् भए, सम्मान पाए सममा रहन्छ ।
शत्रुको पक्ष, मित्रको पक्ष समान देख्तछ ॥
कर्तृत्व पना, अैमान त्यागी, कामना त्यागेका ।
यी जनलाई मानिन्छ पक्का त्रिगुण जितेका ॥२५॥

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥

एकाग्र भक्ति योगको एक आश्रय ग्रहण ।
लिकन मं मा सम्पूर्ण कर्म गर्दछ अर्पण ॥
भने त पार्थ ! त्रिगुण लाई राम्ररी नाघेर ।
त्यो योगी बस्छ ब्रह्ममा पुग्ने सामार्थ्य लिएर ॥२६॥

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

त्यो अविनाशी, परम ब्रह्म, नित्य र अमृत ।
धर्म र एक आनन्द रस मानिने समस्त ॥
मलाई जान, यी सबको हुं अन्तिम स्वधाम ।
आश्रय मेरो पाउँदा हुन्छ अस्तित्व क़ायम ॥२७॥

चौधौं अध्याय समाप्त

पन्ध्रौं अध्याय

श्रीभगवानुवाच
ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम्।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित ॥१॥

कृष्ण हाँगा छ उँधो जरा छ उँभो वेद नै पात हो ।
संसार रुपी पिपल (वृक्ष)रुख कल्पित तत्त्व हो ॥
रहस्य यसको जो जन बुझी काम है गर्दछ ।
वेदका ज्ञाता तत्त्वका ज्ञानी भवमा कहिन्छ ॥१॥

अधश्चोर्ध्व प्रसृतास्तस्य शाखा
गुणप्रवृद्धा विषयप्रवालाः।
अधश्च मूलान्यनुसंततानि
कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥

उँधो र उँभो फैलेका हाँगा सत्त्वादि गुणले ।
झाँगिईकन पालुवा चढ्छ विषय गुणले ॥
कर्म नै जरा यो रुखको हो मर्त्यमा फैलेको ।
अत्यन्त तल रुखको जरा छ यो है पुगेको ॥२॥

श्रीभगवानुवाच

न रुपमस्येह तथोपलभ्यते
नान्तो न चादिर्न च संप्रतिष्ठा।
अश्वत्थमेनं सुविरुढमूल-
मसङ्गशस्त्रेण दृढेन छित्त्वा ॥३॥

कृष्ण स्वरुप यसको पाइन्न देख्न संसार भरमा ।
आदि र अन्त्य, आधार पनि पाइन्न देख्नमा ॥
सुदृढ जरा भएको रुख सकिन्छ यो काट्न ।
वैराग्य रुपी शस्त्रले मात्र काटिन्छ अर्जुन ! ॥३॥

ततः पदं तत्परिमार्गितव्यं
यस्मिन्गता न निवर्तन्ति भूयः ।
तमेव चाद्यं पुरुषं प्रपद्ये
यतः प्रवृतिः प्रसृता पुराणी ॥४॥
काटेर जरा पैल्याउनु पर्छ मुक्तिको मार्गको ।
जो पाए पछि मनुष्य छैन पुनश्चः जन्मेको ॥
मनले सदा अठोट गर्नु त्यो ठाँउ पाउन ।
सृष्टिका कर्ता श्रीआदि विष्णु कै रूप समान ॥४॥

निर्मानमोहा जितसङ्गदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञै-
र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥
अैमान, मोह, आसक्ति त्यागी अध्यात्म ज्ञानको ।
रहस्य जानी कामना त्यागी सुख र दुःखको ॥
सकल द्वन्द्व अलग पार्ने यी ज्ञानी पुरुष ।
पाउँछन् बस्न अव्यय धाम विष्णुको प्रदेश ॥५॥

श्रीभगवानुवाच

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥६॥

कृष्ण त्यो ब्रह्म जान्नु स्वयम आफै उज्यालो भएको ।
पुग्दैन गति सूर्यको त्यहाँ चन्द्र र आगोको ॥
त्यो ब्रह्म पाए मनुष्यलाई मर्त्यमा फर्कन ।
पर्दैन त्यही परम घाम मेरो हो अर्जुन ! ॥६॥

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७॥

देहको भित्र निवाश गर्ने जीवात्मा जुन हो ।
त्यो खास मेरै समान रुप सनातन् अशं हो ॥
त्रिगुण मयी मायाको त्यल्ले आश्रय लिंदछ ।
मन र पाँच इन्द्रियहरु खिंचेर राख्तछ ॥७॥

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

फूलको वासना हावाले साथ लगे झैं बगाई ।
इन्द्रियलाई जीवले लान्छ साथमा समाई ॥
पुरानो लाई त्यागेर नयाँ जो रुप पाउँछ ।
त्यो बेला पनि पैलेको गुण कायम राख्तछ ॥८॥

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥

आँखा र नाक, कान र छाला, जिभ्रो र मनको ।
आश्रय लिई पालन गर्छ कर्तव्य कर्मको ॥
कर्तव्य कर्म पालन गर्दा इन्द्रिय भोगको ।
सेवन गर्छ जीवात्मा आफू भागले पाएको ॥९॥

श्रीभगवानुवाच

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम्।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥

कृष्ण देहमा बस्ने अथवा जाने, भोगको सेवन ।
त्रिगुण युक्त, जीवत्मा बाट नियम पालन ॥
गरेको यस्तो रहस्यलाई अज्ञानी जनले ।
जान्दैन तर जान्दछ सबै तत्त्वका ज्ञानीले ॥१०॥

यतन्तो योगिनश्चैनं पश्यनत्यात्मन्यवस्थितम्।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११॥

प्रयत्न गर्ने ज्ञानीले आत्मा देहमै पाउँछ ।
ती मूर्ख जन दर्शन बाट बञ्चित रहन्छ ॥
मूर्खको मन अशुद्ध हुन्छ पापले सर्वदा ।
त्यस्ताले चिन्ह कसरी सक्ने रहन्छ परदा ॥११॥

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम्।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम्॥१२॥

जगतलाई प्रकाश पार्ने सूर्य र चन्द्रको ।
प्रकाश बुझ आगोले पनि मसंग लिएको ॥
यै मेरो तेज धारण गरी उज्ज्वल भएको ।
सामर्थ्य पनि मैले नै उनमा प्रदान गरेको ॥१२॥

गामाविश्य च भूतानि धारयांम्यहमोंजसा।
पुष्णामि चौषधीः सर्वा सोमो भूत्वा रसात्मकः ॥१३॥

म खूद आफै धर्तीको भित्र प्रवेश गरेर ।
सकल जीव धारण गर्छु शक्ति भै अडेर ॥
अमृतमय चन्द्रमा भई म आफै रहन्छु ।
औषधी तथा विभिन्न अन्न पोसिलो पार्दछु ॥१३॥

श्रीभगवानुवाच

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

कृष्ण अपान वायु र प्राण वायु संयुक्त भएको।
भक्ष्य र भोज्य, लेह्य र चोष्य यी चार थरिको ॥
अन्नको पाक सदैव गर्छु देहमा बसेर।
त्यो वैश्वानर नामको आगो म आफै भएर ॥१४॥

सर्वस्य चाहं हृदि संनिविष्टो -
मत्तः स्मृतिर्ज्ञानमपोहनं च।
वेदैश्च सर्वैरहमेव वेद्यो
वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

हृदय भित्र निवास गर्छु सकल प्राणीको।
म बाट हुन्छ सम्झना तथा बिर्सने ज्ञानको ॥
वेदान्तशास्त्र निर्माण गर्ने जानिने वेदले।
वेदका ज्ञाता म मात्र हुं है यो बुझ्नु तिमीले ॥१५॥

द्वाविमौ पुरुषौलोके क्षरश्चाक्षर एव च।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥

पुरुष दुई अक्षर, क्षर लोकमा कहिने।
क्षर नै जान सकल प्राणी भवमा नाशिने ॥
कूटमा बस्ने प्रकृति रुप मूल हो प्राणीको।
नहुने नाश अक्षर ब्रह्म अव्यक्त तत्त्वको ॥१६॥

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः।
यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ॥१७॥

यी दुवै भन्दा भिन्न छ एक अव्यय ईश्वर।
यो तीन लोक प्रवेश गर्छ क्रमशः गरेर ॥
भरण तथा पोषण गर्छ सकल प्राणीको।
त्यल्लाई सबै द्यौताले मान्छ उत्तम खालको ॥१७॥

श्रीभगवानुवाच

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

कृष्ण अक्षर, क्षर यो भन्दा पर उत्तम पुरुष ।
रहेको एक मलाई जान प्रकृति पुरुष ॥
सबले भन्ने मलाई बुझ हुं पुरुषोत्तम ।
प्रख्यात म हुं वेदमा पनि कहिन्छ यै नाम ॥१८॥

यो मामेवमसंमूढो जानाति पुरुषोत्तमम्।
स सर्वविद्भजति मां सर्वभावेन भारत ॥१९॥

यो रीतबाट मोहको जालो सम्पूर्ण फालेर ।
पुरुष मध्य उत्तम भन्ने मलाई संझेर ॥
यो तत्त्व बुझी योगीले यदि भजन गर्दछ ।
अवश्यमेव मलाई त्यल्ले पाएको संझिन्छ ॥१९॥

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ॥२०॥

अर्जुन ! तिमी भक्तका लागि तत्त्वको व्याख्यान ।
जो मैले गरें रहस्य युक्त छ यो है सम्पूर्ण ॥
यो ज्ञानलाई जानेका योगी कृतार्थ हुंदछ ।
रहन्न बाँकी क्यै पनि गर्न प्रसन्न रहन्छ ॥२०॥

पन्ध्रौं अध्याय समाप्त

सोऱ्हौं अध्याय

श्रीभगवानुवाच

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥

कृष्ण अभय, शुद्ध, सात्त्विक हुनु, यज्ञ र दान मै ।
व्यवस्थित हुनु ज्ञान र कर्म यी दुवै योग मै ॥
तपस्या गर्नु सरल हुनु इन्द्रिय निग्रह ।
स्वधर्म साथ पाठ नै गर्नु धर्मको संग्रह ॥१॥

अहिंसा सत्यमक्रोधस्त्यागःशान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ॥२॥

अहिंसा, सत्य, अक्रोध, त्याग, दया र शान्ति कै ।
बशमा रही, अलोभ, लाज, नरम बानी कै ॥
आधार लिई नसुन्नु कैल्यै अरुको छुल्याईं ।
फजुल कर्म सकल त्यागी संझनु मलाई ॥२॥

तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति संपदं दैवीमभिजातस्य भारत ॥३॥

तेज र क्षमा, धैर्य नैं लिनु नगर्नु द्रोह नै ।
पवित्र हुनु घमण्ड त्याग्नु यी सब गुण नै ॥
ईश्वरी शक्ति पुरुष को हो श्रमले पाइने ।
सम्पत्ति बुझ अर्जुन ! तिमी ज्ञानीले पाउने ॥३॥

श्रीभगवानुवाच

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च।
अज्ञानं चाभिजातस्य पार्थ संपदमासुरिम् ॥४॥

कृष्ण हे पृथा पुत्र ! अर्जुन ! सुन घमण्ड, अैमान ।
छल र क्रोध, निष्ठुरपना र अनि अज्ञान ॥
छओटा गुण देखिन्छ यहाँ असुरहरुमा ।
मानिन्छ पक्का यी गुण मान्ने असुर श्रेणीमा ॥४॥

दैवी संपद्विमोक्षाय निबन्धायासुरी मता।
मा शुचः संपदं दैवीमभिजातोऽसि पाण्डव ॥५॥
जगत भर चलेको दुई सम्पदा मध्यमा ।
कैवल्य मुक्ति दिन नै सक्ने हो दैवी सम्पत्मा ॥
आसुरी सम्पत बन्धन पार्ने मानिन्छ भवमा ।
नगर शोक जन्मेका तिमी हौ दैवी सम्पत्मा ॥५॥

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे श्रृणु ॥६॥
आसुरी दैवी श्रेणी छ दुई धर्तीमा प्राणीको ।
विस्तार साथ पहिले भनें चरित्र दैवको ॥
विस्तार साथ म भन्छु अब आसुरी श्रेणीको ।
चरित्र सुन अर्जुन ! तिमी आसुरी जनको ॥६॥

प्रवृतिं च निवृत्तिं च जना न विदुरासुराः।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥
आसुरी मत स्वीकार गर्ने असुरहरुले ।
कर्तव्य कर्म गर्नु नै पर्ने जान्दैन उनले ॥
नकाम लाई त्याग्नु नै पर्ने हो भन्ने जान्दैन ।
तिनमा, शौच, आचार, सत्य रहन्न अर्जुन ! ॥७॥

श्रीभगवानुवाच
असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम्।
अपरस्परसंभूतं किमन्यत्कामहैतुकम् ॥८॥

कृष्ण असुर भन्छन् जगत झुठो, क्यै छैन आधार ।
प्राणीको सृष्टि आफै नै हुन्छ, गर्दैन ईश्वर ॥
वासना तृप्ति गर्ने यो ठाउँ भन्ने यो विचार ।
मनमा लिन्छ विवेक शून्य दुर्जन असुर ॥८॥

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥
विचार यस्तो स्वीकार गरी अल्पज्ञ असुर ।
खराब कर्म अनेक गर्छन् मर्त्यमा रहेर ॥
यी क्रूर कर्मी असुरहरु भवको नियम ।
विनाश गर्न जन्मेका हुन् है जनको स्वधर्म ॥९॥

काममाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः ।
मोहाद्गृहीत्वासद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥
जे जति प्राप्ति भएमा पनि नपुग्ने कामना ।
अैमान, मद, मनमा लिन्छ कुबुद्धि भावना ॥
अज्ञान द्वारा खराब कर्म अनेक गर्दछ ।
असुरहरु आचार भ्रष्ट कर्ममा हुंदछ ॥१०॥

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः ।
कामोपभोगपरमा एतावदिति निश्चिताः ॥११॥
जीवन भरि सुखको लागि चिन्तामा डुबेका ।
खानु र बस्नु मौज नै गर्ने भावना लिएका ॥
वासना तृप्ति मात्र नै एक बाँच्नाको सार हो ।
भन्ने यो भाव मनमा राख्ने असुर त्यही हो ॥११॥

श्रीभगवानुवाच

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ।
ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्चयान् ॥१२॥

कृष्ण बाँधिई बस्छ आशाको मात्र सैकडौं डोरीले ।
डुबेर बस्छ काम र क्रोध, अैमान मदले ॥
विषय भोग पूर्तिको लागि अन्याय गरेर ।
असुरहरु थुपार्छ धेरै धन नै लुटेर ॥१२॥

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम् ।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥
यो यति कुरा प्राप्त भो आज मलाई भाग्यले ।
भोलि म फेरि यो ईच्छा सिद्धि गर्नेछु कामले ॥
यो यति धन साथमा मेरो अहिले बाँकी छ ।
यी अरु पनि हातमा मेरो अवश्य पर्नेछ ॥१३॥

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी ॥१४॥
फलानो शत्रु भएको थियो मारियो म बाट ।
यी अरु पनि विरोधीहरु पार्नेछु समाप्त ॥
ईश्वर म हुं ऐश्वर्य भोग गर्ने म आफू हूँ ।
सम्पूर्ण सिद्धिहरुले युक्त बलियो, सुखी हूँ ॥१४॥

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया ।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥
म धनवाला, कुटुम्बवाला, संसार भरमा ।
म संग यहाँ दाँजिन सक्ने को छ र विश्वमा ॥
म यज्ञ गर्छु, म दान दिन्छु, हर्ष मै रहन्छु ।
भन्ने यो मूढ भावनालाई अंगाली बस्तछु ॥१५॥

श्रीभगवानुवाच

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

कृष्ण अज्ञानद्वारा मोहित भई विविध कल्पना ।
मनमा लिई मोहमा परी विषय कामना ॥
आसक्त हुने असुरहरु नरक कुण्डमा ।
परेर त्यहाँ यातना भोग्छ प्रत्यक क्षणमा ॥१६॥

आत्मासंभाविताः स्तब्धा धनमानमदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥

बयान आफ्नो आफैंले गर्ने घमण्डी हठीले ।
मैमत्तू भई धन र मान युक्त भै मद ले ॥
आसुरी जन शास्त्रको विधि सकल छाडेर ।
दम्भले मात्र नामको यज्ञ गर्दछ आखिर ॥१७॥

अहंकारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥

अैमान, बल, घमण्ड, क्रोध, कामना आदिले ।
पराईलाई निन्दा र गालि गर्दछ यिनले ॥
आफू र अन्य प्राणीमा एक रुपमा रहेको ।
म देव संग शत्रुता भाव हुंदछ लिएको ॥१८॥

तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

मसंग द्वेष सदैव गर्ने ती पापी असुर ।
रिसाहा नीच पुरुष आफ्नो त्यो पाप बढेर ॥
अनेक थरि यातना भोग्छ आसुरी जुनीमा ।
धकेली दिन्छु सदैव मैले पशुको जुनीमा ॥१९॥

श्रीभगवानुवाच

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

कृष्ण अर्जुन ! यस्ता मूढले धेरै असुर जुनीमा ।
जन्मेर पनि फुर्दैन ज्ञान मूढको मनमा ॥
मलाई चिन्न नसक्ता यिनी मलाई पाउन्न ।
नरक भोग अनेक गर्छ उम्कन सक्तैन ॥२०॥

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

काम र क्रोध, लोभ यी मुख्य नरक भोगको ।
मानिन्छ मुख्य तीनौटा ढोका सबैले जानेको ॥
कर्ममा लाग्ने कर्ताको नाश यसले गर्दछ ।
यसैले यहाँ यो तीन लाई त्याग्नु नै पर्दछ ॥२१॥

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

नरक पार्नेयो ढोकाबाट उम्कन सकेमा ।
पुरुष लाग्छ नियम साथ कल्याण मार्गमा ॥
यो रीतबाट कमशः आफ्नो सुधार गर्दछ ।
परम गति पाउन पनि उसैले सक्तछ ॥२२॥

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

कर्ममा लाग्दा शास्त्रको विधि पालन गर्दैन ।
जे जति गर्छ स्वैच्छाले गर्छ जो व्यक्ति अर्जुन ! ॥
पाउन्न सिद्धि, परम गति पाउन सक्तैन ।
अमन चैन पाउन पनि त्यो व्यक्ति सक्तैन ॥२३॥

श्रीभगवानुवाच

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥२४॥

कृष्ण यसैले पार्थ ! शास्त्रमा जे छ लेखेको प्रमाण ।
उचित छ है तिमीले गर चरित्र निर्माण ॥
कर्तव्य कर्म सदैव गर, कर्तव्याकर्तव्य ।
राम्ररी संझी आफैले गर यसको निर्णय ॥२४॥

सोह्रौं अध्याय समाप्त

सत्रौं अध्याय

अर्जुन उवाच

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ॥१॥

अर्जुन श्रद्धाले गर्छ ईश्वरलाई पूजन भजन ।
रहेछ कर्म शास्त्रको विधि रहित प्रमाण ॥
सत्त्व वा रज, तामस मध्य कुन हो मानिने ।
मनको स्थिति कर्ममा के हो त्यो बारे कहिने ॥१॥

श्रीभगवानुवाच

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्त्विकी राजसी चैव तामसी चेति तां श्रृणु ॥२॥

कृष्ण मानिसहरु सबैको श्रद्धा स्वाभाविक रुपले ।
प्रकट हुन्छ आधार लिई तीनौटा गुणले ॥
सात्त्विक पैलो, राजस दोश्रो, हो तेश्रो तामस ।
वर्णन गर्छु अर्जुन ! सुन त्यो बारे क्रमशः ॥२॥

सत्त्वानुरुपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥

अर्जुन ! सबै व्यक्तिको श्रद्धा आफ्नो नै स्वभाव ।
गुणकै रूप कारण बाट पर्ने हो प्रभाव ॥
श्रद्धाले युक्त सबजना हुन्छ, जो जस्तो श्रद्धाले ।
संयुक्त हुन्छ त्यही नै गुण नामको रूपले ॥३॥

श्रीभगवानुवाच

यजन्ते सात्त्विका देवान्यक्षरक्षांसि राजसाः।
प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥

कृष्ण देवताहरु पूजन गर्छ्छ सात्त्विक गुणीले ।
राक्षस, यक्ष, पूजन गर्छ्छ राजस गुणीले ॥
तामस गुणी मानिसहरु भूत र प्रेतको ।
पूजा र ध्यान सदैव गर्छ्छ तमले ढाकेको ॥४॥

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः।
दम्भाहंकारसंयुक्ताः कामरागबलान्विताः ॥५॥

शास्त्रको विधि नमानीकन कठोर तपस्या ।
जो व्यक्ति गर्छ्छ त्यसको लागि रहन्छ समस्या ॥
अहन्ता, दम्भ, मनमा लिई कर्ममा फलको ।
आसक्ति राखी अैमान लिन्छ जो आफ्नो बलको ॥५॥

कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः।
मां चैवान्तःशरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥

देहको पाँच तत्त्व र अन्तःकरण भित्रको ।
मलाई पनि ज्यादै नै कष्ट यी हुन्छन् दिएको ॥
यस्ता यी सबै अज्ञानीलाई असुर दर्जाको ।
मानिस भन्ने तिमीले चिन्नु शास्त्रले मानेको ॥६॥

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं श्रृणु ॥७॥

खाइने वस्तु सम्पूर्ण पनि तीनौटा गुणको ।
तपस्या, दान र यज्ञ कर्म तीनौटा भेदको ॥
हुन्छ नै भन्ने तात्त्विक भेद बुझ्नु है यिनमा ।
ती भेदलाई भन्छु म सुन अर्जुन ! तिमीमा ॥७॥

श्रीभगवानुवाच

आयुःसत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः ।
रस्याःस्निग्धाःस्थिरा हृद्या आहाराःसात्त्विकप्रियाः॥८॥

कृष्ण जो खाए पछि आयु र बल, बुद्धि नै बढदछ ।
सुख र प्रिती आरोग्य बढने रसिलो हुंदछ ॥
परन्तु सम्म तागत दिने, मागेको मनले ।
यी खाद्य वस्तु चाहना गर्छ सात्त्विक जनले ॥८॥

कट्वम्ललवणात्युष्णतीक्ष्णरुक्षविदाहिनः ।
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ॥९॥

अमिलो, पिरो, नुनिलो, तातो, तिखो र तिक्खर ।
शरीर पोल्ने, दु:ख र चिन्ता दिने यो आहार ॥
जो खाए पछि अनेक थरि रोग नै लाग्दछ ।
यी खाद्य वस्तु राजस गुणी चाहना गर्दछ ॥९॥

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥

पाकेर केही बेर मै चिसो, रसले रहित ।
बासी र जूठो, दुर्गन्धयुक्त, यी खाद्य समस्त ॥
अशुद्ध अन्न चाहना गर्छ तामसी जनले ।
मन र देह अशुद्ध हुन्छ यो अन्न खानाले ॥१०॥

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते ।
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥११॥

फलको आशा नलिईकन कर्तव्य संझेर ।
शास्त्रमा जे छ लेखेको तथ्य त्यो सबै मानेर ॥
चंचल मन वशमा राखी जो यज्ञ गरिन्छ ।
त्यो यज्ञलाई सात्त्विक यज्ञ भन्ने नै संझिन्छ ॥११॥

श्रीभगवानुवाच

अभिसंधाय तु फलं दम्भार्थमपि चैव यत्।
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ॥१२॥

कृष्ण फलको आशा मनमा राखी ऐश्वर्य मदले ।
नाउँको लागि जो यज्ञ गर्छ मनुष्य जनले ॥
त्यो यज्ञलाई राजस गुण संयुक्त भएको ।
भन्ने नै जान निश्चय साथ शास्त्रले मानेको ॥१२॥

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम्।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥

शास्त्रको राय नमानी कन दक्षिणा बिनाको ।
अन्नको दान, मन्त्रको रिती, श्रद्धा नै नभेको ॥
जो यस्तो यज्ञ गर्नको लागि उत्सुक रहन्छ ।
त्यो यज्ञलाई तामस यज्ञ भवमा मानिन्छ ॥१३॥

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम्।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥१४॥

पूजन गर्नु देवता, गुरु, ब्राह्मण ज्ञानीको ।
पवित्र, सोझो, इन्द्रिय राख्नु वशमा मनको ॥
अहिंसाव्रत धारण गर्नु तप हो देहको ।
नियम यही पालन गर्नु कर्तव्य सबको ॥१४॥

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत्।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥१५॥

प्रिय र हित, सत्य नै बोल्ने नियम लिएको ।
पुराण, वेद, ईश्वर नाम सदैव जपेको ॥
वर्णको धर्म नियम लाई जो व्यक्ति मान्दछ ।
बोलीको तप गर्ने त्यो व्यक्ति सबले मान्दछ ॥१५॥

श्रीभगवानुवाच

मनःप्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥१६॥

कृष्ण प्रसन्न राख्नु सदैव मन सुशील भएर ।
मुनि भैं भई यो मन राख्नु वशमा लिएर ॥
पवित्र भाव मनमा लिनु, यो गुण पालन ।
गरेमा त्यल्ले मनको तप गऱ्यो है अर्जुन ! ॥१६॥

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः ।
अफलाकाङ्क्षिभिर्युक्तैः सात्त्विकं परिचक्षते ॥१७॥

यी मैले माथि भनेको तीन थरिको नियम ।
फलको आशा नलिईकन योगीले स्वयम ॥
श्रद्धाका साथ पालन गर्न उत्सुक रहन्छ ।
भने त पार्थ ! त्यो तपलाई सात्त्विक मानिन्छ ॥१७॥

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ।
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ॥१८॥

सम्मान पनि पाउँला अनि सबमा प्रभाव ।
सकुँला पार्न भन्ने यो मुख्य लिएको स्वभाव ॥
यो ढोंगी वृत्ति लिएकाहरु राजस मानिन्छ ।
यो तप सदा चंचल अनि अस्थिर रहन्छ ॥१८॥

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ॥१९॥

खराब इच्छा मनमा राखी संकट पूर्वक ।
शरीरलाई पुऱ्याई कष्ट अहित साधक ॥
पराईलाई संकष्ट पार्न गरिने तपस्या ।
मानिन्छ यही पापले युक्त तामसी तपस्या ॥१९॥

श्रीभगवानुवाच

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ॥२०॥

कृष्ण दान नै दिने कर्तव्य आफ्नो मनमा गुनेर ।
देश र काल, उत्तम पात्र संयोग पारेर ॥
प्रत्युपकार नगरि यदि दान नै दिएमा ।
सात्त्विक दान मानिन्छ त्यही उत्तम भवमा ॥२०॥

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ॥२१॥

बदला तिर्न अथवा केही फलको आशामा ।
जो दान गर्दा ज्यादै नै क्लेश पर्दछ मनमा ॥
भने त पार्थ उचित छैन यो कार्य भवमा ।
मानिन्छ पक्का राजस गुणी दानको दर्जामा ॥२१॥

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

खराब ठाउँ, खराब बेला क्यै पनि विचार ।
नगरीकन कुपात्रलाई हेंला र सत्कार ॥
रहित भई जो दान यहाँ भवमा गरिन्छ ।
त्यो दानलाई तामस दान निश्चयै मानिन्छ ॥२२॥

ॐतत्सदिति निर्देशो ब्रह्मणास्त्रिविधः स्मृतः।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ॥२३॥

ब्रह्मको यहाँ तीनौटा नाम भन्ने नै मानिन्छ ।
ओम र तत्, सत् यही त्यो नाम ज्ञानमा लिइन्छ ॥
सृष्टिको आदि कालमा यहाँ ब्राह्मण वेदको ।
रचना भयो निर्देश पाई यैबाट यज्ञको ॥२३॥

श्रीभगवानुवाच

तस्मादोमित्युदाहृत्य यज्ञदानतपः क्रियाः।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम्॥२४॥

कृष्ण जगत सृष्टि गर्दामा पैले कल्पना यसैको ।
भएको हुंदा ज्ञानीले सदा पवित्र मानेको ॥
त्यसैले यज्ञ, दान र तप इत्यादि कर्मको ।
थालनी हुन्छ ॐकारबाट ती ब्रह्म ज्ञानीको ॥२४॥

तदित्यनभिसंधाय फलं यज्ञतपः क्रियाः ।
दानक्रियाश्च विविधाः क्रियन्ते मोक्षकाङ्क्षिभिः॥२५॥

तत् शब्दलाई प्रकट गरी सम्पूर्ण कर्ममा ।
फलको आशा कहिल्यैपनि नलिई मनमा ॥
मोक्षको इच्छा गर्ने ती योगी तपस्या गर्दछ ।
यज्ञ र दान कर्तव्य कर्म गरिनै रहन्छ ॥२५॥

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते।
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते॥२६॥

यो सत शब्द ईश्वर नाम सत्यको निमित्त ।
प्रयोग हुन्छ पवित्र भाव भएमा समस्त ॥
यसैले पार्थ ! उत्तम कार्य जे जति हुंदछ ।
त्यसमा सत भन्ने यो शब्द प्रयोग गरिन्छ ॥२६॥

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते।
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते॥२७॥

यज्ञ र तप, दानमा स्थिर यो मन राख्नुको ।
अर्थमा पनि प्रयोग हुन्छ यै सत शब्दको ॥
यसैको लागि गरिने कर्म यै सत नामले ।
प्रख्यात हुन्छ प्रयोग गर्छ यो सत सबले ॥२७॥

श्रीभगवानुवाच

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत्।
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ॥२८॥

कृष्ण हवन, दान, तपस्या कर्म श्रद्धाले रहित ।
गरिने कर्म सकल लाई भनिन्छ असत ॥
असत कर्म गरेको फल अहित कारक ।
मृत्युको पछि पाइने लोक बिगार्छ यै लोक ॥२८॥

सत्रौं अध्याय समाप्त

अठारौं अध्याय

अर्जुन उवाच

संन्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम्।
त्यागस्य च हृषीकेश पृथक्केशिनिषूदन ॥१॥

अर्जुन सन्यास तत्त्व हे महाबाहु ! त्यागको तत्त्वको ।
रहस्य कन हे ऋृपीकेश ! यो दुवै तत्त्वको ॥
चाहन्छु सुन्न हे केशिघाति ! पृथक पृथक ।
व्याख्यान हओस हे प्रभु ! सबै तत्त्व दर्शक ॥१॥

श्रीभगवानुवाच

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ॥२॥

कृष्ण फलको इच्छा मनमा राखी जो कार्य गरिन्छ ।
त्यसको त्याग गर्नु नै खास संन्यास कहिन्छ ॥
स्वर्गको पनि नराखी आशा जो कार्य गरिन्छ ।
विद्वानहरु त्यो कार्य लाई त्याग नै मान्दछ ॥२॥

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपःकर्म न त्याज्यमिति चापरे ॥३॥

पण्डित कोही भन्दछ कर्म युक्त छ दोषले ।
त्यसैले त्याग कर्मको गर्नु भन्दछ यिनले ॥
क्वै भन्छ यज्ञ, दान र तप छोड्नु नै हुँदैन ।
जीवन भरि यै कर्म गर्नु श्रद्धाले मनन ॥३॥

अर्जुन उवाच

निश्चयं श्रृण मे तत्र त्यागे भरतसत्तम।
त्यागो हि पुरुषव्याघ्र त्रिविधः संप्रकीर्तितः ॥४॥

अर्जुन भरत वंशी पुरुष श्रेष्ट यी दुवै विषय ।
कहन्छु अब तिमीमा मेरो यथार्थ निर्णय ॥
त्यागको पनि तीनौटा रुप कहिन्छ यसको ।
सत्त्व र रज, तामस गुण पुच्छर लागेको ॥४॥

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत्।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥
यज्ञ र दान, तपस्या कर्म छोड्नु नै हुदैन ।
गर्नु नै पर्छ सबले यहाँ यसको पालन ॥
यज्ञ र दान, तपस्या द्वारा ती ज्ञानीहरुको ।
हृदय सदा देखिन्छ यहाँ पवित्र भएको ॥५॥

एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च।
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥६॥
यी कर्म गर्दा आसक्ति त्यागी निष्काम सरह ।
लोकको लागि गर्नु हो यँही धर्मको संग्रह ॥
यही छ मेरो निश्चित मत, उत्तम यही हो ।
पालन योग्य मानव द्वारा गरिने कार्य हो ॥६॥

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥
स्वधर्मलाई त्यागेर बस्नु उचित होइन ।
जातको कर्म पर्दछ गर्न सबले पालन ॥
मोहमा परी स्वधर्म त्याग जो जन गर्दछ ।
त्यो जनलाई तामसी भनी दुत्कार गर्दछ ॥७॥

श्रीभगवानुवाच

दुःखमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत्।
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत्॥८॥

कृष्ण सम्पूर्ण कर्म दु:खकै एक स्वरुप ठानेर ।
देहले दु:ख पाउँछ भन्ने विचार लिएर ॥
कर्तव्य त्यागे राजस गुणी भवमा कहिन्छ ।
यस्तो यो त्याग योगीको लागि व्यर्थको मानिन्छ ॥८॥

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागःसात्त्विको मतः ॥९॥
स्वधर्म कार्य गर्नु नै आफ्नो कर्तव्य ठानेर ।
पालन गर्छ फलको आशा सम्पूर्ण त्यागेर ॥
भने त पार्थ यो त्यागलाई सात्त्विक दर्जाको ।
त्याग हो भनी शास्त्रले पनि स्वीकार गरेको ॥९॥

न द्वेष्टचकुशलं कर्म कुशले नानुषज्जते।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ॥१०॥
खराब कर्म भएमा द्वेष जो जन गर्दैन ।
शुभमा फेरि हित हो भनी सदैव लाग्दैन ॥
नी:शंक ज्ञानी सात्त्विक त्यागी त्यो यहाँ कहिन्छ ।
संन्यासी पनि अर्जुन ! बुझ उही नै कहिन्छ ॥१०॥

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥११॥
शरीर धारी प्राणीले आफ्नो जातले पाएको ।
संभव छैन परित्याग गर्नु कर्तव्य कर्मको ॥
स्वधर्म कार्य पालन गर्दा आसक्ति त्यागेमा ।
गणना हुन्छ त्यही नै खास त्यागीको दर्जामा ॥११॥

श्रीभगवानुवाच

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम्।
भवत्यत्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित्॥१२॥

कृष्ण सकाम कर्मी मृत्युको पछि इष्ट र अनिष्ट ।
मिश्रित फल पाउँछ भोग्न कर्ममा निर्दिष्ट ॥
निष्काम जन सन्न्यासी लाई यी कर्म फलले ।
पार्दैन बाधा पाउँछ मुक्ति सन्न्यासी जनले ॥१२॥

पञ्चैतानि महाबाहो कारणानि निबोध मे।
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम्॥१३॥

सम्पूर्ण कर्म सिद्धिको लागि प्रमुख कारण ।
छ भन्ने मान्छन् ज्ञानीले सदा पाँचौटा कारण ॥
सांख्यको मत स्वीकार गर्ने यी कुरा योगीले ।
मानेको सबै यथार्थ भन्छु बुझिल्यौ तिमीले ॥१३॥

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम्।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम्॥१४॥

पाँचौटा मुख्य कारणहरु यिनै हुन् अर्जुन ! ।
आधार, कर्ता, अनेक थरि कार्यको साधन ॥
अनेक थरि चेष्टा र पाँचौ कारण ईश्वर ।
सांख्यको लागि यही नै पाँच उल्लेख व्यापार ॥१४॥

शरीरवाङ्मनोभिर्यत्कर्म प्रारभते नरः।
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः॥१५॥

शरीरबाट, वचनबाट, अथवा मनले ।
जो काम यहाँ गर्दछ सारा मानिसहरुले ॥
शास्त्रको विधि नमानी या त मानेरै गर्दछ ।
भनेमा पनि पाँचौटा यही हेतु नै मानिन्छ ॥१५॥

श्रीभगवानुवाच

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ॥१६॥

कृष्ण रहस्य खास यो छुँदा छुँदै अज्ञान बुद्धिले ।
स्वयम आफू कर्ता हूं भन्ने मान्दछ कसैले ॥
भने त पार्थ ! ती बुद्धिहीन अज्ञानी मानिन्छ ।
योगको खास रहस्य त्यल्ले के बुझ्न सक्तछ ॥१६॥

यस्य नाहंकृतो भावो बुद्धिर्यस्य न लिप्यते।
हत्वापि स इमाँल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

म कर्ता हुं नै भन्ने यो भाव जो योगी लिदैन ।
कर्ममा लाग्दा आसक्ति पनि कहिल्यै रहन्न ॥
विश्वास तथा श्रद्धाका साथ लोक नै मार्दछ ।
भने त भक्त ज्ञानले गर्दा धार्मिक मानिन्छ ॥१७॥

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना।
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः ॥१८॥

ज्ञान र ज्ञेय, ज्ञाता यी तीन संयुक्त भएमा ।
उत्पन्न हुन्छ व्यक्तिमा इच्छा क्यै कर्म गर्नमा ॥
कारण, कार्य, कर्ता यी तीन एकत्र भएर ।
सम्पूर्ण काम तब नै बन्छ संयोग मिलेर ॥१८॥

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः।
प्रोच्यते गुणसंख्याने यथावच्छृणु तान्यपि ॥१९॥

यो ज्ञान अनि कर्म र कर्ता त्रिगुण भेदमा ।
छोपिई बस्छ भन्ने नै मान्छ सांख्यको मतमा ॥
ती भेदहरु जस्ताको तस्तो म गर्छु वर्णन ।
एकाग्र भई तिमीले पनि सुन है अर्जुन ! ॥१९॥

श्रीभगवानुवाच

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ॥२०॥

कृष्ण विभिन्न थरि सारा जो प्राणी देखिन्छ भवमा ।
एउटै तत्त्व यथार्थ ब्रह्म रहेको त्यसमा ॥
योगीले जब यो ज्ञानलाई यथार्थ देख्तछ ।
त्यो ज्ञानलाई सात्त्विक ज्ञान बुझ्नु है पर्दछ ॥२०॥

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान् ।
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम् ॥२१॥

सम्पूर्ण प्राणी स्थावर जंगम विभिन्न थरिको ।
एउटै तत्त्व आधार पाई यी सब बनेको ॥
होइन भन्ने यो ज्ञानलाई जो योगी बुझ्दछ ।
त्यो ज्ञानलाई राजस ज्ञान भन्ने नै मानिन्छ ॥२१॥

यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम् ।
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

वास्तविक तत्त्व नबुझीकन एउटा कुरामा ।
सदैव आफू आसक्त भई रहन्छ त्यसमा ॥
त्यो अल्प ज्ञानी तामसी भनि सबले मान्दछ ।
यस्ताले लिने यो ज्ञानलाई तामस कहिन्छ ॥२२॥

नियतं सङ्गरहितमरागद्वेषतः कृतम् ।
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

कर्मको फल पाउने आशा सम्पूर्ण त्यागेर ।
राग र द्वेष नलिई कन कर्तव्य ठानेर ॥
शास्त्रको विधि पालन गरी जो कर्म गरिन्छ ।
त्यो कर्मलाई सात्त्विक गुण मध्यको मानिन्छ ॥२३॥

श्रीभगवानुवाच

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः ।
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ॥२४॥

कृष्ण फलको आशा मनमा राखी मैमत्तु बुद्धिले ।
व्यर्थको कडा श्रमले युक्त क्यै कार्य गर्नाले ॥
सत्त्व र रज, तामस जस्ता तीनौटा गुणमा ।
राजस गुण संयुक्त कर्म मानिन्छ भवमा ॥२४॥

अनुबन्धं क्षयं हिंसामनवेक्ष्य च पौरुषम् ।
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ॥२५॥

पछि के होला ? सामर्थ्य आफ्नो विचार नगरी ।
नाश वा हिंसा होला कि हुन्न भविष्य नहेरी ॥
मोहमा डुबी अज्ञान वश क्यै कर्म गरेमा ।
त्यो कर्म पनि गणना हुन्छ तामस गुणमा ॥२५॥

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्वितः ।
सिद्धयसिद्धयोर्निर्विकार कर्ता सात्त्विक उच्यते ॥२६॥

कर्ममा लाग्दा फलको आशा क्यैपनि लिंदैन ।
'म' 'मेरो' भन्ने भावना लिई क्यै कुरा बोल्दैन ॥
कार्यको सिद्धि भएमा हर्ष मनमा लिंदैन ।
बिध्न र बाधा परेमा त्यसको असर पर्दैन ॥.॥
धैर्यता लाई आधार आफ्नो बनाई बस्तछ ।
परेको काम उत्साह साथ सम्पन्न गर्दछ ॥
स्वभाव यस्तो भएको कर्ता उत्तम मानिन्छ ।
त्यो कर्ता लाई सात्त्विक कर्ता सबले मान्दछ ॥२६॥

श्रीभगवानुवाच

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ॥२७॥

कृष्ण आसक्ति वाला, कर्मको फल चाहना लिएका।
पराइ लाई दुःख नै दिने अशुद्ध खालका ॥
लोभी र हर्ष, शोकमा सदा डुबेर बसेका।
यी कर्तालाई राजस गुणी भन्दछन् भवमा ॥२७॥

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः।
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ॥२८॥

चंचल मन भएको, अल्सी, घमण्ड लिएका।
असभ्य, ठग, दिग्दार मन, सदैव भएका ॥
अर्काको दाना हरण गर्न तत्पर रहेका।
तिमीले जान्नु यी कर्तालाई तामस खालका ॥२८॥

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं श्रृणु।
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनंजय ॥२९॥

बुद्धि र धैर्य शक्तिमा पनि गुणको प्रभाव।
पर्दामा कस्तो रहन्छ यहाँ जनको स्वभाव ॥
ती कुरालाई वर्णन गर्छु पृथक पृथक।
अर्जुन ! सुन यो ज्ञान पनि लौ विधिपूर्वक ॥२९॥

प्रवृतिं च निवृत्तिं च कार्याकार्ये भयाभये।
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्त्विकी ॥३०॥

बुद्धिले गर्दा अयोग्य, योग्य, कर्तव्याकर्तव्य।
के बाट डर्नु, बन्धन औ के मोक्षको निर्णय ॥
सक्तछ गर्न यै रीत बाट जो कर्म गर्दछ।
त्यो बुद्धिलाई सात्त्विक बुद्धि कहिन्छ कहिन्छ ॥३०॥

श्रीभगवानुवाच

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च।
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ राजसी ॥३१॥

कृष्ण कर्तव्य कर्म के के छ अनि नकाम के के छ ।
धर्म र पाप के काम गर्दा योगीले पाउँछ ॥
निर्णय यसको आफैले गर्न जो जन सक्तैन ।
त्यो बुद्धिवाला राजस गुणी जान्नु है अर्जुन ! ॥३१॥

अधर्मं धर्ममिति या मन्यते तमसावृता।
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ॥३२॥

अज्ञान रुपी तमले बुद्धि छोपिई रहेको ।
हुंदामा पाप धर्म नै मान्ने स्वभाव भएको ॥
सदैव उल्टो विचार लिने कर्तव्य कर्ममा ।
त्यो बुद्धिलाई गणना हुन्छ तामसी मध्यमा ॥३२॥

धृत्या यया धारयते मनः प्राणेन्द्रियक्रियाः।
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी ॥३३॥

चंचल मन एकाग्र पारी निश्चल रुपले ।
ईश्वर ध्यान, भजन गर्छ इन्द्रिय प्राणले ॥
सदैव गर्छ यी कार्यहरु निश्चल धैर्यले ।
सात्त्विक धृति गरिने यै हो निष्काम रीतले ॥३३॥

यया तु धर्मकामार्थान्धृत्या धारयतेऽर्जुन।
प्रसङ्गेन फलाकाङ्क्षी धृतिः सा पार्थ राजसी ॥३४॥

कर्मको फल पाउने इच्छा मनमा लिएर ।
सिद्धिको लागि कोशिश गर्छ मौका नै हेरेर ॥
यसको लागि जो धैर्य योगी धारण गर्दछ ।
त्यो धैर्यलाई राजस धैर्य भवमा कहिन्छ ॥३४॥

श्रीभगवानुवाच

यया स्वप्नं भयं शोकं विषादं मदमेव च।
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ तामसी ॥३५॥

कृष्ण निद्रा र भय, विषाद, मद, शोक यी कुराले ।
छोपिई बस्छ जनको मन दुर्गुणहरुले ॥
यो गुणबाट अज्ञान बढछ तमले ढाकिन्छ ।
यो बुद्धिलाई धारण गर्ने तामसी मानिन्छ ॥३५॥

सुखं त्विदानीं त्रिविधं श्रृणु मे भरतर्षभ।
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति ॥३६॥

सुखको पनि तीनौटा भेद मानिन्छ भवमा ।
ती भेदहरु म भन्छु अैले अर्जुन ! तिमीमा ॥
भजन, ध्यान, सेवामा सदा प्रयत्न गर्नाले ।
अवश्यमेव छाडेर जान्छ भवमा दुःखले ॥३६॥

यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम्।
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम् ॥३७॥

शुरुमा विष समान लाग्छ परन्तु अर्जुन ! ।
भविष्य मा त त्यही नै हुन्छ अमृत समान ॥
जे बाट आफ्नो भित्रको आत्मा प्रसन्न रहन्छ ।
त्यो सुखलाई सात्त्विक सुख सबले मान्दछ ॥३७॥

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम्।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥३८॥

इन्द्रिय तथा इन्द्रिय भोग एकत्र भएर ।
पाइने सुख सबले मान्छ राजस भनेर ॥
यो सुख पैले अमृत जस्तै सबले मान्दछ ।
तर यै सुख भविष्य महाँ विष नै बन्दछ ॥३८॥

श्रीभगवानुवाच

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥३९॥

कृष्ण मनुष्यलाई मोहमा पार्ने आदि र अन्त्यमा ।
विषकै सरि यो सुखलाई मानिन्छ भवमा ॥
आलस्य, भूल, निद्रामा पारि प्रमाद, बेहोश ।
मानिस पार्ने यो सुखलाई भनिन्छ तामस ॥३९॥

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः।
सत्त्वं प्रकृतिजैर्मुक्तं यदेभिःस्यात्त्रिभिर्गुणै ॥४०॥
स्वर्ग र मर्त्य द्यौताको लोक तकमा बसेका ।
क्वै प्राणी छैन त्रिगुणबाट छुट्कारा पाएका ॥
स्वभावैबाट उत्पन्न भई पछ्याई रहन्छ ।
यो गुणबाट बचेर वस्न को मात्र सक्तछ ॥४०॥

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परंतप।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ॥४१॥
बाहुनले गर्ने, क्षत्रीले गर्ने, कामको निर्णय ।
वैश्यले गर्ने, शूद्रले गर्ने, कामको निश्चय ॥
स्वभावै बाट उत्पन्न हुने भएको हुंदामा ।
विभक्त हुन्छ ती कामहरु गुणको रुपमा ॥४१॥

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥४२॥
शम र दम, शुद्ध र तप, यी सब नियम ।
पालन गर्नु ब्राह्मणलाई नियत स्वधर्म ॥
सोझो र शान्त, शास्त्रीय तत्त्व सम्पूर्ण जानेमा ।
आस्तिक पना रहन्छ गुण ब्राह्मण जातमा ॥४२॥

श्रीभगवानुवाच

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम्।
दानमीश्वरभावश्च क्षात्रं कर्मस्वभावजम्॥४३॥

कृष्ण शुरो र बाठो, तेजले युक्त, युद्धमा डटेर ।
लडाइँ गर्ने, धैर्यले युक्त, दान मै तयार ॥
माथिका गुण पालन गर्न क्षत्रीले सक्तछ ।
प्रजाको रक्षा जो गर्न सक्छ क्षत्रीय मानिन्छ ॥४३॥

कृषिगौरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम्।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम्॥४४॥

ब्यापार, खेती, गाई र पशु पाल्नाको उद्यम ।
वैश्यका लागि स्वभाव जन्य निश्चित यो कर्म ॥
शुद्रको लागि सेवाको पेशा कहिन्छ उत्तम ।
पालन गर्नु सबले पर्छ माथिका यी कर्म ॥४४॥

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः।
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु॥४५॥

वर्णका लागि निश्चित कर्म पालन गर्नाले ।
परम सिद्धि पाउन सक्छ पृथ्वीमा जनले ॥
जसरी सिद्धि पुरुषलाई मिल्दछ धर्तीमा ।
बयान गर्छु खुलस्त गरी अहिले यो क्षणमा ॥४५॥

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम्।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः॥४६॥

प्राणीको सृष्टि जे बाट भयो यो विश्वम्भरमा ।
जो व्याप्त भई रहन्छ सदा सम्पूर्ण प्राणीमा ॥
त्यसैको पूजा गर्नु है पर्छ स्वधर्म रीतमा ।
यै रीतबाट पाउँछ सिद्धि जनले भवमा ॥४६॥

श्रीभगवानुवाच

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम्॥४७॥

कृष्ण स्वधर्मलाई हुँदैन त्यागन दुर्गुणै भएमा ।
पराई धर्म हुँदैन लिन सद्गुणै भएमा ॥
स्वधर्मलाई पालन गर्दा मनुष्य जनमा ।
लाग्दैन पाप कल्याणै हुन्छ स्वधर्म गरेमा ॥४७॥

सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत्।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृताः॥४८॥

सम्पूर्ण कर्म जातको लागि नियत गरेको ।
हुँदैन त्यागन त्यसमा दोष भएमा लागेको ॥
किनकी सबै उद्योग धर्म धुवाँले छोपेको ।
आगो झैं हुन्छ सकल धर्म दोषले ढाकेको ॥४८॥

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः।
नैष्कर्म्यसिद्धिं परमां संन्यासेनाधिगच्छति॥४९॥

सम्पूर्ण कर्म जो जन गर्छ निष्काम भावमा ।
कर्ममा लाग्दा चंचल मन राख्छ जो वशमा ॥
यो रीत बाट निष्काम कर्म गर्छ जो जनले ।
महान मुक्ति सन्न्यासद्वारा पाउँछ उनैले ॥४९॥

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे।
समासेनैब कौन्तेय निष्ठा ज्ञानस्य या परा॥५०॥

हे कुन्तीपुत्र अर्जुन ! सुन पूर्वोक्त रीतले ।
परम सिद्धि पाउन लाई लायक योगीले ॥
ज्ञानको तत्त्व परम ब्रह्म कसोरी पाउँछ ।
संक्षेप बाट म बाट यहाँ वर्णन हुनेछ ॥५०॥

श्रीभगवानुवाच

बुद्ध्या विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च।
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ॥५१॥

कृष्ण धैर्यले मन बाँधेर, शुद्ध बुद्धि नै पारेर ।
इन्द्रियद्वारा भोगिने सारा विषय त्यागेर ॥
आफू र आफ्नो भन्ने यो भाव मनमा नलिई ।
राग र द्वेष कुभावलाई उठ्न नै नदिई ॥५१॥

विविक्तसेवी लध्वाशी यतवाक्कायमानसः।
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ॥५२॥

एकान्त बास सदैव गर्ने ठिक्कको आहार ।
वशमा राख्ने मन र बोली र आफ्नो शरीर ॥
ईश्वर ध्यान गर्नमा आफू सदैव लागेका ।
संसार देखि विरक्त भई वैराग्य लिएका ॥५२॥

अहंकारं बलं दर्प कामं क्रोधं परिग्रहम्।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ॥५३॥

काम र क्रोध, अहन्ता, बल, धमण्ड त्यागेका ।
संपत्ति, घर, जुटाउँ भन्ने ममता छाडेका ॥
जे परे पनि शान्तिका साथ सदैव बसेमा ।
हो पुग्न सक्ने लायक योगी परम ब्रह्ममा ॥५३॥

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥५४॥

ब्रह्मको रुप पाएका जन पवित्र मनले ।
आसक्ति त्यागछ द्वेष र इर्ष्या, समत्व भावले ॥
नियम यही पालन गरी सजिलो रीतले ।
परम भक्ति पाउँछन् मेरा यी भक्त जनले ॥५४॥

श्रीभगवानुवाच

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥५५॥

कृष्ण एकाग्र भक्ति गर्ने ती भक्त मलाई तत्त्वले ।
सक्तछ चिन्न म के हुं भन्ने ज्ञानको बुद्धिले ॥
तत्त्वले युक्त यो ज्ञानलाई यथार्थ जान्नाले ।
रुपमा मेरो प्रवेश गर्छ आस्तिक जनले ॥५५॥

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ॥५६॥

आधार मेरो लिएर सदा निष्काम रीतले ।
सम्पूर्ण कर्म सदैव यहाँ गरेर बस्नाले ॥
कर्मको योगी कहिल्यै पनि बाँधिन्न भवमा ।
कृपाले गर्दा त्यो पुग्छ मेरो वैकुण्ठ लोकमा ॥५६॥

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः ।
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ॥५७॥

तिमीले पनि जे जति कर्म गर्दछौ जगमा ।
मलाई सम्भी अर्पण गर निष्काम रीतमा ॥
निष्काम कर्म योगमा मन सदैव लगाऊ ।
शरीर वाणी हृदय पनि मं मा नै लगाऊ ॥५७॥

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।
अथ चेत्त्वमहंकारान्न श्रोष्यसि विनङ्क्ष्यसि ॥५८॥

ममाथि चित्त लगाए मेरो वर्दान पाउँछौ ।
जन्म र मृत्यु चक्कर बाट छुट्कारा पाउँछौ ॥
अज्ञान वश यो शिक्षा मेरो स्वीकार गर्दैनौ ।
भने त पार्थ ! यो दुःख बाट छुट्कारा पाउन्नौ ॥५८॥

श्रीभगवानुवाच

यदहंकारमाश्रित्य न योत्स्य इति मन्यसे।
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति ॥५९॥

कृष्ण अज्ञानबाट मनमा लियौ लडाईं नगर्ने ।
व्यर्थ छ पार्थ ! भवको काम के छ र रोकिने ॥
लडाईं हुन्छ प्रकृति बाटै क्षत्रीय हुनाले ।
यो कार्य पूरा गराई छोड्छ तिम्रौ नै हातले ॥५९॥

स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा।
कर्तुं नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत् ॥६०॥

जो काम तिमी चाहन्नौ गर्न, मोहमा परेर ।
पाउँछौ विदा कसोरी तिमी याँ बाट उम्केर ॥
स्वधर्म बाट बद्धछौ तिमी प्रकृति कर्मले ।
लडाईं गर्नु पर्ने नै बुझ अर्जुन ! तिमीले ॥६०॥

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥६१॥

ईश्वर ब्रह्म एउटै ठाउ प्राणीको देहमा ।
हृदय भित्र निवास गर्छ अदृश्य रुपमा ॥
मायाको जाल फैलाई पार्छ सदैव फन्दामा ।
यो तत्त्वज्ञान रहन्न केही मर्त्यका जनमा ॥ ॥
शरीर रुपी यन्त्रमा चढी ईश्वर पाउन ।
कोशीश गर्छ मनुष्यहरु सदैव अर्जुन ! ॥
हृदय भित्र बसेको प्रभु चिन्दैन मायाले ।
चक्कर काट्छ ईश्वरलाई पाउने आशाले ॥६१॥

श्रीभगवानुवाच

तमेव शरणं गच्छ सर्वभावेन भारत।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ॥६२॥

कृष्ण यसैले भन्छु अर्जुन ! तिमी उसैको एउटा ।
आधार गर, शरण पर उसैको अबता ॥
उसको कृपा पाउन सके शान्ति र पावन ।
अक्षय धाम सक्तछौ पक्का तिमीले पाउन ॥६२॥

इति ते ज्ञानमाख्यातं गुह्याद्गुह्यतरं मया।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ॥६३॥

अत्यन्त गोप्य यो ज्ञानलाई तिमीमा अर्जुन ! ।
बताएँ मैले सदैव गर्नु यसको मनन ॥
कर्ममा लाग्दा आधार लेऊ सदैव यसैको ।
जो इच्छा लाग्छ त्यै काम गर मनले चाहेको ॥६३॥

सर्वगुह्यतमं भूयः श्रृणु मे परमं वचः ।
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ॥६४॥

आखिर एक यो कुरा पनि तिमीमा कहन्छु ।
गोप्यमा पनि अत्यन्त गोप्य ज्ञान म भन्दछु ॥
तिमी छौ मेरो अत्यन्त प्रिय यसैले अर्जुन ! ।
कहन्छु तिम्रो निमित्त म यो हितको वचन ॥६४॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥६५॥

मनमा आफ्नो मलाई राख, पूजन वन्दन ।
सर्वदा गर चिन्तन मेरो हे प्यारा अर्जुन ! ॥
म साँचो भन्छु गर्नाले यसो मलाई पाउन ।
मद्भक्त तिमी सक्ने छौ मेरो सारूप्य पाउन ॥६५॥

श्रीभगवानुवाच

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज।
अहं त्वा सर्वपापभ्यो मोक्षयिष्यामि मा शुचः ॥६६॥

कृष्ण सम्पूर्ण धर्म र त्याग त्यसको सम्पूर्ण आधार ।
शरण पर मेरो नै एक आधार लिएर ॥
पखाली फाल्छु म तिम्रो पाप सम्पूर्ण धोएर ।
दिनेछु मुक्ति अर्जुन ! तिमी यो शोक नगर ॥६६॥

इदं ते नातपस्काय नाभक्ताय कदाचन।
न चाशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति ॥६७॥

तपस्या मेरो गर्दैन कैल्यै, जो भक्ति गर्दैन ।
र सुन्न इच्छा मनमा पनि कहिल्यै राख्दैन ॥
सदैव मेरो निन्दा नै गर्न तत्पर रहने ।
ती जनलाई यो गीता ज्ञान कहिल्यै नभने ॥६७॥

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति।
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः ॥६८॥

रहस्यमय यो तत्त्वलाई भक्तका माझमा ।
व्याख्यान गर्दा उत्तम भक्ति बढनेछ उनमा ॥
अवश्यमेव सारूप्य मेरो त्यो जनलाई नै ।
सजिलै संग सक्तछ मिल्न उत्तम लोक नै ॥६८॥

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः।
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि ॥६९॥

त्यो छाडी अर्को म प्यारो लाग्ने काम नै गर्नेमा ।
क्वै पनि दोस्रो हुने नै छैन मानिस मध्यमा ॥
त्यो भक्त भन्दा अत्यन्त प्यारो मद्भक्त मध्यमा ।
क्वै पनि अर्को हुने नै छैन यो पृथ्वी भरमा ॥६९॥

श्रीभगवानुवाच

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः।
ज्ञानयज्ञेन तेनाहमिष्टः स्यामिति मे मतिः ॥७०॥

कृष्ण तिम्रो र मेरो वीचमा आज सम्पन्न भएको ।
धर्मले युक्त सम्वाद लाई मर्त्यमा बसेको ॥
जनले पाठ गरेमा मैले त्यो कर्म भएको ।
मान्नेछु ज्ञान यज्ञ कै द्वारा मलाई पूजेको ॥७०॥

श्रद्धावाननसूयश्च श्रृणुयादपि यो नरः।
सोऽपि मुक्तः शुभाँल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम् ॥७१॥

यो ज्ञान भित्र नखोजी दोष श्रद्धा र भक्तिले ।
श्रवण मात्र गरेमा पनि मनुष्य जनले ॥
उत्तम कर्म गरेका योगी पुगेको लोकमा ।
त्यो व्यक्ति पनि पाएर मुक्ति पुग्नेछ त्यसैमा ॥७१॥

कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा।
कच्चिदज्ञानसंमोहः प्रनष्टस्ते धनंजय ॥७२॥

यी मैले माथि भनेका कुरा सुन्यौ कि सुनेनौ ।
सुनेर फेरि यो ज्ञानलाई बुझ्यौकि बुझेनौ ॥
तिमीमा थियो पहिले जुन मोहको अज्ञान ।
यो ज्ञान बाट त्यो सब नाश भयो वा भएन ॥७२॥

अर्जुन उवाच

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥७३॥

अर्जुन कृपाले गर्दा सम्झना भयो कर्तव्य धर्मको ।
नष्ट भो मोह सन्देह छुट्यो शिक्षाले प्रभुको ॥
पालन गर्छु प्रभुको आज्ञा गर्नेछु लडाईं ।
स्वर्गको या त यो पृथ्वी जिती गर्नेछु रजाईं ॥७३॥

संजय उवाच

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः।
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम् ॥७४॥

संजय रोमाञ्च भई देहमा काँढा उमार्ने भएको ।
श्रीकृष्ण तथा महात्मा अर्जुन ! बीचमा भएको ॥
अद्भुत तथा रहस्य युक्त यो गोप्य ज्ञानको ।
प्रारम्भ देखि समाप्ति सम्म छुं मैले सुनेको ॥७४॥

व्यासप्रसादाच्छ्रुतवानेतद्गुह्यमहं परम्।
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम् ॥७५॥

श्रीव्यास बाट निगाह हुंदा यो गुह्य योगको ।
अर्जुन ! भक्त निमित्त खास व्याख्यान भएको ॥
समय मा नै प्रत्यक्ष बोली श्रीकृष्ण प्रभुको ।
तात्त्विक ज्ञान एकएक गरी छुं मैले सुनेको ॥७५॥

राजन्संस्मृत्य संस्मृत्य संवादमिममद्भुतम्।
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ॥७६॥

राजाज्यू ! मैले केशव ! तथा अर्जुन ! वीरमा ।
भएको यस्तो कल्याणकारी सम्वाद सुन्दामा ॥
अहिले पनि प्रसन्न म छुं ज्ञानले गर्दामा ।
म बारंबार संझना हुदा पौडन्छु हर्षमा ॥७६॥

तच्च संस्मृत्य संस्मृत्य रुपमत्यद्भुतं हरेः।
विस्मयो मे महान्राजन्हृष्यामि च पुनः पुनः ॥७७॥

हे महाराज ! अर्जुन ! लाई दर्शन दिएको ।
त्यो विश्वरुप हरिको मैले हुं खास देखेको ॥
संझना हुंदा आश्चर्य लाग्छ चित्तमा मलाई ।
महान हर्ष यसले हुन्छ हर्दम मलाई ॥७७॥

संजय उवाच

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ॥७८॥

संजय योगको मुख्य मालिक कृष्ण जो पक्ष लिएर ।
बस्दछ सदा लडाकु पार्थ! (अर्जुन!) गाण्डीव भिरेर ॥
विजय, लक्ष्मी, ऐश्वर्य, नीति त्यही नै पक्षमा ।
लाग्नेछ भन्ने निश्चय हुन्छ यो मेरो मनमा ॥७८॥

अठारौं अध्याय समाप्त

हरिः ॐ तत्सत् हरिः ॐ तत्सत् हरिः ॐ तत्सत्

प्रार्थना

१

यो ठाउँ यस्तै जीवन यस्तै के सक्छु म दिन ।
हे प्रभू तिमी आफै नै बुझ भक्तको रुदन ॥
धुप र दिप नैवेद्य फूल गहका आँसु हुन्।
आँसुकै थोपा लिएर आए प्रभूकै शरण ॥
सपना मात्र तिमीले दियौ विपना दिएनौ ।
तिमीर दियौ हृदय भित्र प्रकाश दिएनौ ॥
यो रुप मेरो यो सीप मेरो प्रभूको लिलामा ।
भक्तिले आज प्रभूकै गीत जप्दैछु मनमा ॥
को छ र मेरो संसार भर हजुर बाहेक ।
यसैले आज आएको मं छु प्रभूकै शरण ॥

प्रार्थना

२

हृदय खोली फूलको थुंगा अर्पण गर्दछु ।
घुंडाले टेकी दुई हात जोडी प्रणाम गर्दछु ॥
प्रभूको लिला अपार छ यो विचित्र संसार ।
केवल मैले मागेको वर प्रभूको पियार ॥
आँसुको तेलमा मनको दियो बालेर जप्तछु ।
सकल प्राणी अमर होस पुकार गर्दछु ॥
धनी र गरीव सबको एकै हृदय आँगन ।
जगत श्रृष्टि प्रभूको निम्ति सकल समान ॥
आपद पर्दा लिनुछ नाम हरिको भजन ।
दुःखमा परी आएको म छुं प्रभूकै शरण ॥

प्रार्थना

३

के नाम बाट बोलाउँ मैले हे प्रभू भवमा ।
स्वनाम धन्य सबले मान्छन् जगत भरमा ॥
प्रलय हुंदा माछाको रुप धारण गर्नुभो ।
नाउमा राखी प्राणी को रक्षा पहिले गर्नुभो ॥
सागरलाई मथन गर्दा कछुवा भएर ।
पर्वतलाई पिठचूँमा आफ्नो राख्नुभो थामेर ॥
धरतीलाई पातालबाट दाऱ्हामा उनेर ।
निकाल्नु भयो प्रभूले पनि बराह बनेर ॥
प्रल्हादलाई गर्नुभो रक्षा नृसिहं भएर ।
पार्नुभो सत्य सबको सामु खम्वा है तोडेर ॥
वामन भइ माग्नुभो भिक्षा इन्द्रको निम्तिमा ।
असुर वली तब नै गए पाताल लोकमा ॥
परशुराम रुपमा सब क्षत्रीको दमन ।
गर्नु भो यहाँ प्रभुले पनि दुष्टको दलन ॥
रावण जन्मे जगतलाई भारको रूपमा ।
पार्नु भो नाश लंकामा गई रामको रुपमा ॥
दोधार भई संन्यास लिन तयार भएको ।
अर्जुन लाई गर्नु भो शिक्षा यथार्थ गीताको ॥
कौरव यदु सबको नाश गर्नु भो प्रभूले ।
द्वापर महाँ गर्नुभो लिला कुष्णको रुपले ॥

धर्मको एक नविन रुप दिएर भवमा ।
प्रचार पनि गर्नुभो यहाँ बुद्धको रुपमा ॥
कलंकी रुप लिएर प्रभु विधर्मीहरुको ।
विनाश पारी गर्नु नै अब रक्षा है धर्मको ॥
यो सब मैले सुनेको मात्र पुराणहरुमा ।
धर्तीमा बस्ने सकल जीव लुब्धछन् नामना ॥
के गरे पाप के गरे धर्म हुने हो भवमा ।
सकिन जान्न रहस्यलाई जन्मेर मर्त्यमा ॥
जन्म र मृत्यु पालन आदि प्रमुख कार्यमा ।
प्रवृत्त गर्ने अर्कै छ भनि लेख्छ है गीतामा ॥
अनेक खोजी गर्दामा पनि त्यो जान्न सकिन ।
पुराण ग्रन्थ पढेर यसमा पार है पाइन ॥
जन्म र मृत्यु भएको देख्छु सकल प्राणीमा ।
त्यो जड पनि जन्मन्छ मर्छ समान जीवमा ॥
शिल्पीले यहाँ निर्माण गर्छ विभिन्न मूर्तिको ।
त्यो शिल्पकार सकिन चिन्न कहाँछ बसेको ॥
नामको जप गरेर मात्र के गर्नु भवमा ।
कुन्चाहीं नाम जपेर पार पाइन्छ भवमा ॥
सदैव ध्यान मनन गरुँ कुन्चाहीं रुपको ।
रुप र नाम क्यै पनि छैन भनेत प्रभूको ॥
आधार केही नपाई मन एकाग्र हुंदैन ।
नामको जप नगरी मन मान्दैन मान्दैन ॥
एउटै नाम जप्तछु शिक्षा दिनुहोस मलाई ।
आधार एक प्रभूकै छ है भवमा मलाई ॥

प्रार्थना

४

द्रौपदीलाई बचायौ सबै कौरव सामुमा ।
दुर्वासालाई सन्तोष पार्‍यौ सागको त्यान्द्रोमा ॥
अर्जुनलाई सुयश दियौ सारथी बनेर ।
राधीकालाई प्रशन्न पार्‍यौ रास नै रचेर ॥
पाण्डव लाई सहरा दियौ सुख र दुःखमा ।
धमण्डी दुष्ट विनष्ट पार्‍यौ युदु र कुरुमा ॥
अमर कृती भवमा छ है गीताको रुपमा ।
हे कृष्ण तिम्रो कार्यको दिने क्यै छैन उपमा ॥
धर्म र भक्त दुःखमा परे जन्मन्छु भनेथ्यौ ।
विधर्मीहरु सकल बढे के हेरि रहन्छौ ॥
आउन आउ हे प्रभू अब उद्धार गरन ।
प्रभूले छाडी दुःखमा कसले लिन्छ र शरण ॥
भक्तले जस्तो सक्तछ देख्न त्यो रुप देखाऊ ।
सागर सरी संसारबाट लौ पार लगाऊ ॥
जीवन धन सर्वस्व तिम्रो पाउमा अर्पण ।
गर्दैछु प्रभु छुटाई दुःख लिनुहोस शरण ॥

प्रार्थना

५

के छ र दिउँ हे कृष्ण मैले म आफै गरीव छुँ ।
टोलाई हेर्छौ हे प्रभु किन म तिम्रै भक्त हुँ ॥
कृष्ण म तिम्रै भक्त हुँ
पुजाले मात्र प्रशन्न तिमी हुन्छौ नै भने त ।
सम्पूर्ण भक्ति अर्पण गर्छु तिमीमा अब त ॥
कृष्ण प्रभुमा अब त
सामग्री केही मसंग छैन यो भक्ति छाडेर ।
बुझ्दैनौ किन म भक्त तिम्रो गरीव भनेर ॥
कृष्ण म गरीव भनेर
मसंग केही आशा छ भने भक्तिले भरेर ।
छल्काई दिन्छु आँसुका थोपा अर्ध नै मानेर ॥
प्रभु यो अर्ध मानेर
दुःखले जलिरहेको देह दीपको रुपमा ।
अर्पण गर्छु भक्तिका साथ प्रभुको पाउमा ॥
कृष्ण यो तिम्रो पाउमा
यो हात जोडी यही नै मेरो फूल हो भनेर ।
दिदै छु प्रभु ग्रहण गर भक्तको बुझेर ॥
कृष्ण म भक्त जानेर
दक्षिणा मानी यो माथलाई पाउमा राख्दछु ।
डण्डवत् प्रभु यो घडी महाँ भक्तिले गर्दछ ॥
कृष्ण यो मनले गर्दछु
दयाको दृष्टि खोल्न नै पर्‍यो भक्तको निम्त्तिमा ।
प्रभुको भक्त परेको म छुँ भवको दुःखमा ॥
कृष्ण यो विश्व चक्रमा
के छ र दिउँ हे कृष्ण मैले म आफै गरीव छुँ ।

विष्णु प्रार्थना

शङ्ख र चक्र गदा र पद्म हातमा लिएको ।
सागर माथि शेषको सैया बनाई बसेको ॥
मेघको वर्ण श्रीलक्ष्मी देवी साथमा राखेको ।
मनमा संझि म ध्यान गर्छु भगवान् विष्णुको ॥

शिव प्रार्थना

डमरु त्रिशुल रुद्राक्ष माला हाथमा लिएको ।
शीरमा गंगा चन्द्रमा अनि गहना नागको ॥
तीनौटा आँखा पार्वती पति शंकर प्रभुको ।
भक्तिका साथ प्रणाम गर्छु त्रीलोक पतिको ॥

भगवती प्रार्थना

सिंहमा चढी दुष्टको नाश गर्नमा तत्पर ।
महिसासुर मारेर भक्त रक्षामा तत्पर ॥
विभिन्न अस्त्र अठार ओटा हातमा धारण ।
गरेको माता दुर्गाको म ता पर्दछु शरण ॥

सरस्वती प्रार्थना

विद्या की खानी हाँसमा चढी सीतार लिएकी ।
कमल माथि शोभित सदा पुस्तक लिएकी ॥
विद्याको लागि मानव बाट पुजित विश्वमा ।
शारदा माता दिनुहोस ज्ञान म मूर्ख भक्तमा ॥